कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

● वर्ष २५ ● अंक १ ● FRIDAY, 17 MAY 2019 ● काठमाडौं शुक्रबार, जेठ ०३, २०७६ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



# कस्ता छन् नयाँ नेपाल सुन्दरी



## YouTube ट्रेन्डिङ

| | | | |
|---|---|---|---|
| १ | राजीव जैन | च्यानल | केबिसी नेपाल |
| २ | सासु-आमा | च्यानल | सिम्रिक अनलाइन |
| ३ | ललितपुर काण्डको | च्यानल | फलैंचा |
| ४ | इद शरिन | च्यानल | इद शरिन |
| ५ | मेरी दिदीलाई | च्यानल | नौलो आवाज |
| ६ | हत्या काण्ड | च्यानल | एभरेष्ट नेपाल |
| ७ | ललितपुर काण्ड | च्यानल | इन्साइडल नेपाल |
| ८ | ताजा अपडेट | च्यानल | लाइटनेपाल |
| ९ | कबिर सिंह | च्यानल | टि सिरिज |
| १० | कसरी गरे | च्यानल | जनता टेलिभिजन |

सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक
saptahik.ekantipur.com

## २५ औं वर्षमा साप्ताहिक

यो अंकसँगै साप्ताहिक २४ वर्ष पूरा गरी २५ औं अर्थात् रजत वर्षमा प्रवेश गरेको छ। साप्ताहिक आफ्ना पाठकहरूको रुचिअनुसार समयसापेक्ष रूपमा परिमार्जित हुँदै अहिलेको अवस्थासम्म आइपुगेको हो। २५ औं अर्थात् रजत वर्ष प्रवेशका अवसरमा हामी साप्ताहिकलाई थप परिमार्जन गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं। बितेका २४ वर्षमा हामीलाई साथ दिनुहुने समस्त पाठक, विज्ञापनदाता एवं शुभेच्छुकहरूले आगामी दिनहरूमा पनि हामीप्रतिको स्नेह कायमै राख्नुहुनेछ भन्ने अपेक्षा छ।

**साप्ताहिक परिवार**
कान्तिपुर मिडिया ग्रुप

## फोटो अफ दि विक



■ **सय वर्षका सत्यमोहन** : संस्कृतिविद् सत्यमोहन जोशी सय वर्ष पुगेको अवसरमा ललितपुर महानगरपालिकाले गत सोमबार जन्मशताब्दी महोत्सव सम्पन्न गरेको छ। त्यसक्रममा उनलाई मंगलबजारबाट रथारोहण गराई बाजागाजासहित नगर परिक्रमा गराइएको यो तस्बिर सेतोपाटीडटकमबाट।



■ **आइडलको विवाह** : विक्रम बराल नेपाल आइडल सिजन-२ का उपविजेता हुन्। बरालले आफ्नी प्रेमिका अनु गहतराजसँग लगनगाँठो कसेका छन्। वैशाख २९ गते उनले विवाह गरे भने ३० गते पार्टी दिएका थिए।



■ **अनाथ आश्रमबाटै विवाह** : मोरङको उर्लाबारी-७ स्थित नमुना बाल गृह (अनाथ आश्रम) मा २०५७ सालदेखि आश्रित २३ वर्षीय सन्तोष वास्की (सतार) को विवाह उक्त अनाथ आश्रमबाटै गराइएको छ। वैशाख २९ गते सन्तोषको विवाह गरी रतुवामाई नगरपालिका-७ की २० वर्षीया मञ्जु मडीलाई बाल गृहले बुहारीका रूपमा भित्र्याएको अध्यक्ष मीना बरालले जानकारी दिइन्। नाबालकका रूपमा गृहको संरक्षणमा ल्याइएका सन्तोष कक्षा ९ सम्ममात्र अध्ययन गरेका छन्। उनले आल्मुनियम फिटिङको काम गर्दै आएका थिए। गृहले नमुना कृषि फार्म सञ्चालनमा ल्याएपछि सन्तोष र उनकी पत्नी मञ्जुलाई उक्त फार्मको जिम्मेवारी दिइने अध्यक्ष बरालको भनाइ छ।



■ **किङ्समा पूर्वराजा** : दरबारमार्गस्थित किङ्स लाउञ्जमा पूर्व राजा ज्ञानेन्द्र परिवारसहित पुगेर रमाइलो गरेका छन्। लाउञ्जका इभेन्ट डाइरेक्टर विनोद सिंहका अनुसार शुक्रबार साँझ लाउञ्ज पुगेका पूर्व राजाले त्यहाँ करिब दुई घण्टा बिताउँदै खानाका साथै गीत-संगीतको मज्जा लिएका थिए। ह्याप्पि मुडमा देखिएका ज्ञानेन्द्रसँगै पत्नी कोमल तथा बुहारी हिमानी शाह पनि थिए।

सामाजिक सञ्जालमा केही कमेन्ट गरेकी थिएँ माननीय उपेन्द्र यादवको हर्कतसँग सम्बन्धित समाचारमा। रिप्लाइ देख्दा लाग्यो मानवता र संस्कारमा हर्किएका थिएनन् ती नामर्दहरू, जो मलाई अपशब्द प्रयोग गरिरहेका थिए।

**श्रद्धा बजगाईं**

एउटा पत्रकारको अहंकारले आज ऋषि धमला हिरो भए। अवसरवादी नेता उपेन्द्र यादव चर्चाको शिखरमा पुगे। हुँदा-हुँदा नश्लवादको पेचिलो बहस पनि सुरु भएछ। होइन, हामी निमुखाहरू कहिलेसम्म मूर्ख भैरहने हो।

**निर्मल दाहाल**

बिना पासपोर्ट थाइल्यान्ड उड्न एयरपोर्ट छिर्ने मानिस हुन अहिलेका उपप्रधानमन्त्री उपेन्द्र यादव। जावो एउटा पत्रकारको प्रश्नको जवाफ दिन नसक्ने मन्त्रीले किन कुर्सीमा बसिरहनु, राजीनामा दिए हुँदैन ?

**वीर महरा**

दिनकै एउटा-एउटा कुराले स्थान पाउँछ। राजीवको करोडपति वाला कुरा भाइरल भैरहँदा अचानक उपेन्द्र यादवको इन्ट्री।

**सन्तोष**

अस्ति ऋषि धमला (पत्रकार) नेतासँग- सभ्य हुनुस्, शिष्ट हुनुस्, बौद्धिक बहस गर्नुस्, जनताका लागि बहस गर्नुस्।
आज उपेन्द्र यादव (नेता) पत्रकारसँग- पहिले शिष्ट भएर प्रश्न सोध्नुस्, इन्टरभ्यू लिने तरिका सिक्नुस्, कसरी कुरा गरिन्छ त्यो सिक्नुस्। (यही फरक छ झारपात नेता र झारपात पत्रकारमा)

**भावुक**

उपेन्द्र यादव विषयवस्तु बुझेर तर्क र तथ्यसहित सवाल-जवाफ गर्न सक्ने कमै नेता मध्ये एक हुन्। भलै उनका कतिपय राजनीतिक मुद्दामा मेरो असहमित छ। उनी उठेर हिँड्नु हुन्थ्यो हुन्थेन, बहसको पाटो हुन सक्ला, तर कार्यक्रम प्रस्तोता कुनै पनि हिसाबले सही लागेनन्- सरी।

**राम एस घोरासैनी**

एभिन्यूज टेलिभिजनमा उपप्रधानमन्त्री उपेन्द्र यादवमाथि प्रस्तोताबाट अभद्र व्यवहार भएकै हो। उनीमाथि सम्बन्धित पक्षबाट कारबाही हुनुपर्छ।

**मात्रिका दाहाल**

सुशील पाण्डे ठिकै थिए, उनले उपेन्द्र यादव उठेर हिंडेसी चैं गल्ती गरे। सुशीलले गल्ती महसुस गरेछन् तर उपेन्द्रले गल्ती गर्दैछन्।

**उत्कृष्ट**

समसामयिक विषयमा थोरै...आज उपेन्द्र यादव मात्र होइन, प्रश्नकर्ता पत्रकारको पनि केही गल्ती छ। नोट : म नेकपाको पंखा होइन है।

**केशु शर्मा**

पत्रकार सुशील पाण्डेलाई तीन प्रश्न। पत्रकारिता पढ्यौ कि पढेनौ ? कि फेल भयौ वा चोरेर पास भयौ ? पत्रकारको इथिक्स र एउटा इन्टरभ्युअरको शैली कस्तो हुनुपर्छ भन्ने ज्ञान कसैले दिएनन् ? के उपेन्द्र यादवसँगको जस्तो व्यवहार एउटा पहाडी नेता (उपप्रधानमन्त्री ईश्वर पोखरेल) सँग गर्न सक्छौ ?

**डाक्टर गौतम**

उपेन्द्र यादव सही हुन् भन्नु पर्ने दिन पनि आउँदो रै'छ।

**भाष्कर ज्ञवाली**

आवेग, उत्तेजना, रोनाधोना र स्वनाम धन्य सामग्री पस्किएर हिट हुनेहरू पत्रकारिताका आदर्श पात्र बन्दै जाने स्थितिको उपज।

**टेकनारायण भट्टराई**



KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

# कान्तिपुर को करोडपति सिजन-३

बन्नो दोहन त फेरि करोडपति

## कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्रबाट जित्नुहोस्

**१० लाख** मासिक पुरस्कार

**१ करोड** बम्पर पुरस्कार

**१ लाख** साप्ताहिक पुरस्कार

* शर्तहरु लागू हुनेछन् ।

### पक्का पुरस्कार

• शिखर ईन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा • स्वास्थ्य बीमामा रु.७५० छुट

Shikhar Insurance
Happysurance

स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ




BALTRA एलइडी टिभी. | ASUS ल्यापटप | स्मार्ट फोन | ब्लुटुथ स्पीकर | वायरलेस हेडफोन | स्मार्ट वाच

## ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बनको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३८०८० मा पठाउनुहोस (NTC प्रयोगकर्ताकालागि मात्र) । एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन् ।

We Accept
fonepay payments फटाफट

KANTIPUR DAILY
THE KATHMANDU POST

1 Open your mobile banking / eSewa app
2 Scan this code, confirm the payment details and make quick payment.

eSewa
www.esewa.com.np

कान्तिपुर kathmandupost

टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१४० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३

# कर्णालीको व्यथा बेचेर जीविका चलाउनेहरू

विज्ञान राज

प्रिय लेखक,

नमस्कार ! म तपाईंकी प्रिय पाठक (प्रिय नहुन पनि सक्छु) धन्सरा माझी । भुल्नु भयो ? म त्यही माझीकी श्रीमती, जसले तपाईंलाई कर्णाली तारेकी थिएँ । त्यही झुपडीकी छोरी, जसले तपाईंलाई ओत दिएकी थिएँ । त्यही कर्णालीको किनार, जसले तपाईंलाई डुब्नबाट बचाएकी थिएँ । सम्झिनुभयो कि भुलिसक्नुभयो ? होस्, धेरै जोड नदिनुहोस् बिचरो दिमागलाई । म त्यस्तो खास पात्र त होइन सम्झिनलाई वा सम्झिनै पर्ने वा यादमा रहिरहनुपर्ने ।

यतिबेला तपाईं केही काम गरिरहनुभएको छ भने गरिसिध्याउनुहोस् । लेख्न बस्नुभएको हो ? त्यसो भए लेखेर सिध्याउनुहोस् अनि मज्जाले गफ गरौंला ।

'सकियो !' हुर्रे... कुरा सुरु गर्नुभन्दा पहिले के टक्र्याऊँ बियर कि रक्सी ? धत्तेरी म पनि के भएकी ? तपाईंजस्तो लेखकलाई चिया कि कफी भन्ने ठाउँमा म के सोधिरहेकी छु ? हेर्नु न, तपाईंको किताब पढेको दिनदेखि यता यस्तै फतफताइरहन्छु । के-के मनगढन्ते सोचेर टोलाइरहन्छु ।

अँ, मैले तपाईंको किताब पढे । साह्रै राम्रो लाग्यो । सुरुमा पत्याउन सकिँन– तपाईंले नै लेख्नुभएको हो ? शरीर हेर्दा त लाग्दैनथ्यो । हुन त शरीरले के नै प्रभाव पार्छ र सोचमा ? 'अनि कसरी पार्‍यो प्रभाव कर्णालीवासीको शरीरले देश विकासमा ?' यो प्रश्न लेख्न छुटाउनुभएको रहेछ । अँ साँच्ची किन छुटाउनुभएको हो ? प्रकाशकले काटेर फ्यालिदियो कि तपाईंले ? साँच्ची भन्नु न । खुसुक्क भन्नु न । यहाँ अहिले म एक्लै छु । बूढासमेत छैनन । भनिदिए केही रात निन्द्रा पर्थ्यो कि मेरा आँखामा !

किताबमा छुटेछन्– जैसे कामी, पानसरा बौजु, वसन्ती र आशुरामहरूका छाती चिरिएका घरहरू ! कर्म जलेका भाग्यहरू !

मेला गएकी पल्ला गाउँकी झुमाको लास त्यति लामो र गहिरो कर्णालीमा कसरी पौडिन पुग्यो ? यसको उत्तर लेख्न किन बिर्सिनुभएको ?



तस्बिर : नवीन बराल

खेत रोपी रेल चढेर गएको भागिराम धान झुलिसक्दा, काटिसक्दा, फेरि रोपिसक्दा पनि किन आएन ?

वर्ष-वर्षमा सरकार फेरिन्छन्, तर वर्ष-वर्षमा तुइन किन फेरिँदैनन् हाम्रो गाउँको ? अँ त्यो तुइनबाट खसेको एक टुक्रो देउडा गीत बग्दैबग्दै काठमाडौं आएको छ । कर्णाली भुलेर त्यो त्यहाँ ठमेल बजारका डान्सबारमा घन्किन्छ रे हो ?

भेट्टाउनुभयो कि– नागरिताको नाम 'दुःखीबहादुर'लाई सच्याएर 'सुखीबहादुर' बनाउन आएका दुःखी बहादुरहरूलाई ?

किन फर्कायो खाडी जाने विमानले– झोलामा हरियो कर्णाली बोकेर उडन तयार हर्क बहादुरहरूलाई ?

यदि उकाली-ओरालि नबोकिदिएका भए खच्चरहरूले, नदि नतारिदिएका भए तुइन, डुङ्गा र झुलुङ्गे पुलले, पानी ल्याउन घण्टौं नहिँडिदिएका भए भाँडाकुडाहरूले, मेलापात नगरिदिएका भए डोकाहरूले, नखनिदिएका भए खेत बाउसा अनि हलोहरूले र स्कुल गएर तातो पानी नतताईदिएको भए स्कुले हातहरूले अन्तिम सास फेरिरहेकी आमाले आफूभन्दा पर- भाँडा माझीरहेका आफ्ना श्रीमान्लाई सम्झन पाउने थिइनन् ! आफूभन्दा पर– छाउँघरमा छटपटाइरहेका छोरीहरू सम्झन पाउने थिइनन् र धेरै पर मरुभूमिको तातो बालुवामा भलभल उम्लिरहेका छोराहरू सम्झिन सक्ने थिइनन् ।

ती खच्चड, डोका, भाँडाकुडा, आँसी, हलो र बाउँसाहरूका त्याग र आहुती किन त्यति गहन रूपमा सम्बोधन नगर्नुभएको किताबमा ?

एकछिन है । तिर्खा लाग्यो । कर्णाली जुठो बनाएर पानी पिउँछु ।

लेखकज्यू, तपाईंसँग के लुकाउनु ? यहाँ त आफ्नो देशको राष्ट्रिय गान, राष्ट्रिय फूल, राष्ट्रिय जनावर, राष्ट्रिय खेल, राष्ट्रिय रङ र राष्ट्रिय झन्डासमेत सम्झने फुर्सद छैन ।

सुदुर गाउँबाट आएको सुत्केरी आमाको चीत्कार, भीरबाट खस्दाखेरिको पिडादायक सुस्केरा, तुइन चलाउँदाको कनाइ र भात बोकेर उडेको हवाईजहाज नआएपछिको बालकहरूको अनुहारलाई राष्ट्रिय गित मानेका छन कतिले ।

भारी बोकेर उकाली-ओराली गर्नु, तुइन, डुङ्गा र झोलुङ्गे पुलबाट नदी तर्नु, बिरामि बोक्नु, भोकै बस्नु, मृत्युसँग मितेरी लगाउनु यहाँका लोकप्रिय खेल हुन् ।

थाहा नै छ, तपाईंलाई पनि, दुःखको रूखमा प्रायः फुल्ने फूल भनेकै दुःखको हो । दुःख नै यहाँको राष्ट्रिय फुल हो । दुःखको रङ यदि भोकै सुतेको रातजस्तै हुन्छ भने रात हाम्रो राष्ट्रिय रङ हो । तपाईंको र हाम्रो राष्ट्रिय झन्डामा यति मात्र फरक छ– सिम्रिक रङ भएको ठाउँमा हामीले रात पोतेका छौं । चन्द्रमा र सूर्यलाई हँसाउनुभएको ठाउँमा हामीले रुवाएका छौं ।

तपाईंहरू उडेको सपना देख्नुहुन्छ । हामी त उड्दा-उड्दै पखेटाविहीन भएको सपना देख्छौं । अमेरिका, पैसा, सुख तथा प्रेमिकाहरू आउँछन् तपाइका सपनामा । हाम्रा त त्यही परको भीर, तलको तुइन, माथिको खेत, त्यही छेउको मेलो, भीर भएर जाने मिलको बाटो, परदेशी हुन गएका घरदेशीहरू आउने साँझ बस यिनैयिनै । सपनामा यी नआएका दिन, मरिएछ कि भनेर मध्यरातमा आफूलाई धेरै बेरसम्म छामछुम पारिरहन्छौं ।

हेर्नु न अस्ति मेरो बूढाले माछा नै नल्याई घर फर्किए । त्यस रात हामी भोकै सुत्यौं । जालबाट फुत्केर आएको माछो 'कालोकालो सेतोसेतो' छ । कतै प्रधानमन्त्रीको डिनरमा त छैन ? हेर्नुहोस् त एकफेर ? छ भने सुटुक्कै बाग्मतीबाट पठाइदिनुहोला है । हामी कर्णालीको माझमा डुङ्गामाथि टोलाएर माछा आउने बाटो हेरी बसेका छौं ? डुबेर कुन बेला हामी किनारमा तारिन्छौं, थाहा छैन ।

यदि प्रधानमन्त्रीले माछा फर्काउन आनाकानी गर्नुभयो, खान सुरु गरिहाल्नुभयो भने, भनिदिनु– कर्णाली प्रदेशमा कर्णाली नदी अनशन बसेको छ । यसलाई पनि हेलिकप्टरमा हालेर अनसन तोडाउने त होला नि है ?

पहिले-अहिले चुनाव जितेपछि नेताहरूले गाउँ भुल्थे ? खुब गाली गर्थ्यौं । नेताबाहेक अरु सबै गतिला हुन कि भन्ने लाग्थ्यो ? तर हामी भ्रममा रहेछौं । अरु पनि नेता जस्तै फटाहा, जाली र स्वार्थी रहेछन् ।

जस्तै तपाईं, हो तपाईं । तपाईं हाम्रो गाँउमा आउनुभयो । दुःख निहाल्नुभयो । अभाव भोग्नुभयो । पीडाहरू बोकेर फर्किनुभयो काठमाडौं । केही दिन गुप्तवास बसेर किताब लेख्नुभयो । छपाउनुभयो । भव्य होटलमा भव्य विमोचन गराउनुभयो र कुर्न थाल्नु भयो रोयल्टी । ग्रहण गर्न थाल्नुभयो रोयल्टी । रोयल्टी जसबाट तपाईंको जिविका चल्छ हो त्यो रोयल्टी किताब बेचेर होइन कर्णाली बेचेर आएको हो । भ्रममा नवस्नुहोला लेखकज्यू । कर्णालीका चरम दुःख, गरिबी तथा विकटता बिकेका हुन् । नकि ती तपाईंका बोक्रा शब्दहरू ? फुस्रा गफहरू ?

नरिसाउनुहोला, मेरो प्रिय लेखक तर हबिगत यहि हो कि तपाईंले पनि बेच्नुभयो कर्णालीलाई । थपिनुभयो कर्णाली बेचेर इमान, चर्चा र जीविका चलाउने लेखकहरूको अनुसूचीमा । मदेखि खुब रिस उठेको होला है तपाईंलाई । जाँड खाएर लेखेकी हो कि ? सोच्नुभएको होला । हो जरुर पिएकी छु आँसु ! खाएकी छु चोट मुछेर पीडा ! हल्काफुल्का आँसु लागेको होला । थोरैथोरै पीडा लागेको होला । त्यसैले पो लेखिए होलान खाली आँसु र पीडा मात्र । यसमा मेरो के दोष ?

बिन्ती ! यो पत्र नच्यातनु होला । च्याते च्यातिनेछ तपाईंकै हातबाट कर्णालीको कर्म । जो म हेर्न चाहन्न– आफ्नो भाग्य आफ्नै प्रिय लेखकबाट च्यातिएको । बरु सक्नुहुन्छ भने फेबिकल किनेर यो पत्र सिंहदरबारका चारै गेटमा टाँसिदिनुहोला र पठाईदिनुहोला फेबिकल हामीलाई पनि । फेबिकल किन्ने पैसा कर्णाली बेचेर आएको रोयल्टीबाट घटाउनुहोला । कतै त्यो फेबिकलले ( चिरिएको हाम्रो भाग्य टालिन्थ्यो कि ? भत्किएको झोलुङ्गे फुल टालिन्थ्यो कि ? फुटेको डाँडा जोडिन्थ्यो कि ? सियो पनि पठाइदिनु होला है, घरका छाती सिउन सकिन्थ्यो कि ? कर्णाली नदी हाम्रो आँसुबाट बगिरहेको छ, आँखा सिउन सकिएको भए ?

**तपाईंकी पाठक**
**धन्सरा माझी**

# सरकारी अलमल र समृद्धिको सपना

परम्परागत वर्तमानबाट आमूल परिवर्तनतर्फ फड्को मार्ने सुरसारमा रहेको अवस्थालाई संक्रमणकाल भनिन्छ । पुराना मान्यता एवं सोचहरू भत्कने क्रममा रहेको तर नयाँ मूल्य, मान्यता एवं सोचले निश्चित आकार ग्रहण गरिनसकेको अवस्था हुने भएकाले नै संक्रमणकालमा देश धेरै अस्तव्यस्त हुने एवं जनताका आधारभूत अधिकारहरू संकटग्रस्त हुने कुरालाई त्यति अस्वभाविक मानिँदैन, तर पनि हाम्रा संक्रमणकालीन दिनहरू जति अस्तव्यस्त रहे, देशमा जुन तहको अराजकता र दण्डहीनताको अवस्था सिर्जना भयो, सरकारी कामको गति र दिशामा जुन तहको अलमलको अवस्था देखियो, सरकार र दलहरूबीच जुन तहको अविश्वास र आरोप-प्रत्यारोपको अवस्था जनताले देख्नु र सुन्नुपर्‍यो अनि अगुवा दलहरूको बोली र कामका बीचमा जुन तहको अन्तर महसुस गर्नुपर्‍यो, त्यसले सरकार, अगुवा दलहरू एवं आमजनताबीच सिर्जना गरेको आशा, विश्वास र भरोसाको संकटबाट देशलाई मुक्त गराउन सरकार तथा दलहरूले कडा मेहनत गर्नुपर्ने कुरा निश्चित छ ।

देशमा कुनै पनि समय र अवस्थामा सरकारको औचित्यको पुष्टि त्यतिबेला मात्र हुन्छ जब सरकारको मानवअधिकारप्रतिको प्रतिबद्धतालाई जनताले व्यवहारमै अनुभव गर्न पाउँछन् । सरकारले मानव अधिकारको पक्षमा जतिसुकै काम गरे पनि त्यसको अनुभूति जनताले गर्न सकेनन् भने त्यस्ता कामले सरकार र जनता विचको अविश्वास कम गर्न सक्दैनन् न त सरकारका काममा जनताका तर्फबाट हुनैपर्ने सहयोग नै प्राप्त हुन्छ । अहिलेको अवस्थामा देशमा देखिएको मुख्य समस्या नै सरकार र जनताबीचको विश्वासको संकट हो ।

सरकार र दलहरूले विगतमा सार्वजनिक गरेका जनपक्षीय प्रतिबद्धताहरूलाई जनताले व्यवहारमा अनुभव गर्न नपाउँदा नै देशमा परिवर्तनविरोधि शक्तिहरूले चलखेल गर्ने अनुकूल वातावरण बनेको छ । सरकार गम्भीर आत्मसमीक्षा र आत्मालोचनका साथ जनतासमक्ष प्रस्तुत हुने हो भने अहिले पनि नेपाली जनता सरकारको रक्षा र सहयोगका लागि जस्तोसुकै बलिदानी संघर्ष गर्न तयार छन् । सरकारले यो कुरा बुझेको त्यतिबेला ठहर्छ जब जनताका आधारभूत मानव अधिकारहरू गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा, स्वतन्त्रता एवं सहभागिताका पक्षमा सरकार इमान्दार, प्रतिबद्ध र क्रियाशील रहेको कुरा जनताले व्यवहारमै अनुभव गर्न पाउँछन् । जनतालाई आश्वस्त तुल्याउन देशमा विद्यमान अराजकता, अनुशासनहिनता, गैरजिम्मेवारीपन, उपल्लो तहको दलीय स्वार्थ अनि दण्डहीनताको अवस्थामा सुधार ल्याउन केही अलोकप्रिय हुने खालका काम गर्न तयार हुनु पनि त्यत्तिकै जरुरी छ । जनताले आफ्नो पहिचान, सहभागिता र सुरक्षा सुनिश्चित भएको अनुभव गर्न सक्ने वातावरण निर्माणतर्फ पाइला चाल्नु सरकारको पहिलो दायित्व हो । आमजनताले सरकारलाई यदि कामका लागि प्रेरणा, सहयोग र आवश्यक भए गतिलो दबाब दिन सक्नुपर्छ । यो नै हालका लागि नयाँ र समृद्ध नेपाल निर्माणको पहिलो अनि अपरिहार्य सर्त हो ।

**प्रदीप थापा**

समय सन्दर्भ

# डिजाइनर बेबी



अधिकारी रवीन्द्र

कसैलाई सुन्दै अचम्म लाग्न सक्छ के हो यो डिजाइनर बेबी ? डिजाइनर सुट वा डिजाइनर गाउन भनेजस्तै डिजाइनर बेबी भविष्यको त्यस्तो शिशु हो जसलाई तपाईंले आफ्नै इच्छाअनुसार डिजाइन गरेर जन्माउन सक्नुहुन्छ ।

एसियन राष्ट्रहरूमा बच्चा जन्माउँदा सकेसम्म छोरा नै जन्माउन चाहने कुरा नौलो होइन । सामान्यतः पुरुषप्रधान देशहरूमा छोराको चाहना बढी हुनाले गर्भमा छोरी भएको किटान भैसकेपछि गर्भपतन गरिने उदाहरण प्रशस्तै छन् । चीनमा सन् १९७९ देखि जनसंख्या नियन्त्रणार्थ एक सन्तानको नीति लागू भएपछि प्रायः दम्पतीले एउटै सन्तानका रूपमा छोरानै जन्माइरहे । यसले गर्दा अहिले केटाहरूको संख्या यति धेरै भयो कि उनीहरूका लागि विवाहयोग्य केटी पाउनै हम्मेहम्मे पर्न थाल्यो । विवाहका लागि देशभित्र केटी नपुगेर फिलिपिन्स तथा भियतनामबाट सम्म ल्याउनुपर्‍यो । सरकारले जनसंख्या नियन्त्रण गर्न भनेर ल्याएको नीतिले महिलाहरूको संख्या विकराल रूपमा घटाइदियो, फलस्वरुप सन् २०१५ मा उक्त नीति नै खारेज गरियो । सन्तानका रूपमा के जन्माउने भन्ने निर्णय आमाबाबुले गर्दै आएका त छन् तर अब यस्तो प्रविधि आउने वालामा छ जसले सन्तानका रूपमा को मात्र नभै कस्तो जन्माउने निर्णय पनि आमाबाबुले लिन सक्नेछन् ।

पश्चिमा राष्ट्रहरूमा डिजाइनर बेबीको विकासशील रूप यस्तो छ : शिक्षित, योग्य र शारीरिक तवरले तन्दुरुस्त केटाको शुक्राणु र अग्ली, तेज र रूपवतीको डिम्बलाई कृत्रिम गर्भाधान गराएर भ्रुणलाई आफ्नो कोखमा प्रतिस्थापन गरी सन्तान जन्माउने । यसो गर्दा शिशुको प्राकृतिक आमा दुई जना हुन्छन् भने प्राकृतिक बाबु एक जना, अर्थात् धनको शक्ति यहाँसम्म पुगिसकेको छ कि धनाढ्यहरूले आफ्ना बालबच्चा सबल र सुगठित व्यक्तिहरूबाट छानेर ल्याइएको बिजबाट उत्पादन गर्न सक्छन् । फलस्वरूप उनीहरूका सन्तान बायोलोजिकल्ली अरूभन्दा उत्कृष्ट हुने अनुमान गरिएको छ ।

यति मात्र होइन, अब जिएम बेबी उत्पादन हुन सक्ने सम्भाव्यता बढ्दो छ । जिएम बेबी अर्थात् जेनेटिकल्ली मोडिफाइड बेबी । नेपालजस्ता मुलुकका लागि यो धेरै टाढाको विषय मान्न सकिन्छ, तर यो पूरै संसार एउटा ग्लोबल भिलेज र प्रविधि भनेको आगोको फिलिगोंजस्तो भएकाले नवीनतम प्रविधिले नेपालीहरूलाई पनि ढिलो-छिटो प्रभाव पार्ने नै छ ।

वैज्ञानिकहरूका अनुसार करिब १० हजारभन्दा बढी मानव रोग विशुद्ध जेनेटिक (जिनको दोषले हुने) छन् र यस्ता रोगबाट लाखौं मानिस ग्रसित छन् जसको पुनर्स्थापनाबाहेक अन्य उपचार छैन । भर्खरै प्रयोगमा आएको जिन एडिटिङको प्रविधिले भ्रुण अवस्थामै जिनको दोष पहिचान गरेर त्यसलाई काँट्छाँट गरिन्छ । परिणाम अपाङ्ग वा सुस्त मनस्थितिका रूपमा जन्मन सक्ने शिशु जन्मनुअगावै उसको दोषी जिन सम्पादन गरिने भएकाले उसले सबल रूपमा यो धरतीमा अवतरण गर्छ । यसबाट डाउन सिन्ड्रोमजस्ता क्रोमोजोमको गडबडीले उत्पन्न हुने शारीरिक-मानसिक अवस्था वा इन्सुलिन उत्पादनमै समस्या भएर हुने मधुमेहजस्ता बंशाणुगत रोगहरू सच्याउन सकिन्छ अर्थात् जन्मजात हुन सक्ने धेरै रोगको समाधान जन्मनुअघि नै भैसक्नेछ । यस्ता रोगले जीवनभरि नै सताउने हुनाले यसले पार्ने सामाजिक-आर्थिक दुष्प्रभाव अवर्णनीय नै छ । यी रोगको निवारणसँगै स्वास्थ्यक्षेत्रमा मानव सभ्यताले नवीन खुट्किलो पार गर्नेछ ।

अझ डिजाइनर बेबीको पूर्ण अवधारणा भनेको त विद्यमान गुणहरूलाई सुधारेर थप उत्कृष्ट बनाउने हो । यसको चुनौती भनेको कुन गुण कुन जिनले बोकेको छ पत्ता लगाउन गाह्रो हुनु हो । धेरै अवस्थामा एउटै गुण पनि असंख्य जिन मिलेर संयुक्त रूपमा बोकिरहेका हुन्छन् । त्यसैले कतिपयले यो धेरै जटिल कुरा हो भनेका छन्, तैपनि असम्भव भने छैन । प्रविधिको निरन्तर सुधारसँगै ती कुरा पनि सहज हुँदै जानेछन् भन्ने आशा गर्न सकिन्छ ।

विडम्बना भ्रूण अवस्थामै गरिने यो उपचार ज्यादै महँगो भएकाले यो धनाढ्य वर्गको पहुँचमा मात्र हुनेछ । फलस्वरूप धनीका सन्तान सधैं सबल, अब्बल र राम्रा जन्मिने भए तर विपन्न वर्गका सन्तान जन्मिदै शारिरिक वा मानसिक रूपले असक्षम हुन सक्ने भए । निश्चय नै यदि सुनियोजित स्वास्थ्य बिमा तथा सरकारी तहबाट उपचार छुटको व्यबस्था नहुने हो भने जिन एडिटिङले धनी र गरिबबीचको खाडललाई अझ गहिर्‍याउँदै लानेछ, किनभने जिनको खराबीले असक्त मानिसहरूको आश्रित समूह सधैं गरीब वर्गमा हुन्छ । उता एडिटिङपश्चात् डिएनएमै सामाजिक असमानता बोकेर जन्मिएका धनी बालकहरू भविष्यमा आयआर्जनका काम गरी अझ धनी बन्न सक्छन् ।

यही सामाजिक चुनौतीलाई मध्यनजर गर्दै अमेरिकालगायतका कतिपय समृद्ध मुलुकमा केही दशकअघिदेखि नै यस्ता डिजाइनर बेबी जन्माउन प्रतिबन्ध लगाइसकिएको छ । हुनत टेलरमा गएर कपडा, रंग र स्टाइल छानी-छानी लुगा सिलाएजस्तो मानिसका बच्चा पनि उपभोग्य सामानजस्ता हुनु हुँदैन, उनीहरूलाई पनि काँटछाँट गरी आफूले चाहे जस्तो बनाउन नसकियोस्, तथापि प्रविधिलाई स्वास्थ्य र जीवनसँग जोड्न खोजिएको यो ऐतिहासिक प्रयास निःसन्देह सराहनीय छ, धेरै वर्ष, पैसा र दिमाग खर्च गरेर पत्ता लगाइएको यो प्रविधिमा पूर्ण प्रतिबन्ध लगाउने भन्दा पनि सबै वर्गका लागि यो उपचारको पहुँच पुर्‍याउने नीति तथा उपायतर्फ ध्यान केन्द्रित गर्न सके मानव जगत्कै जीवन गुणस्तरमा उल्लेख्य सुधार आउन सक्छ ।

ravinems@iom .edu .np

# चे शंकरको व्यस्तता



रंगमञ्चमा अघि बढिरहेका युवा निर्देशक हुन्– चे शंकर । यतिबेला उनी पोखरा थिएटरको सातौं प्रस्तुतिका रूपमा मञ्चन हुन लागेको नाटक 'तिर्खा' को निर्देशनमा व्यस्त छन् । गत चैतको अन्तिम सातादेखि पोखरामै रहेका शंकरले हरेक दिन कलाकारलाई आफ्नो भूमिकाप्रति उत्तरदायी बन्दै आफ्नो भूमिकालाई उत्कृष्ट बनाउन मद्दत गर्दै आएका छन् । तिर्खा नाटक उनकै परिकल्पना एवं निर्देशनमा मञ्चन हुन लागेको हो । यो नाटक १६ वर्ष माथिका उमेर समूहकाले मात्र हेर्न पाउनेछन् ।

तिर्खा नाटक अमेरिकी नाटककार युजिन ओनिलको डिजायर अन्डर दि एल्म्समा आधारित छ । सन् १९२४ मा अमेरिकाको परिवेशमा लेखिए पनि यो नाटक हाम्रो समाजमा अझै पनि उत्तिकै सान्दर्भिक छ । मातृत्वको अभावले सिर्जना गरेको मनोवैज्ञानिक असर, हरेक पात्रहरूको नियति एवं अडिपस कम्प्लेक्सले गर्दा नाटक हरेक मानिससँग मनोवैज्ञानिक, शारीरिक, सांस्कृतिक तथा सामाजिक रूपले गाँसिएको छ ।

नाटकमा शरद भण्डारी, नवराज गिरी, रजनी हमाल ठकुरी, रमेश बाबु तिमल्सिना, निश्चल विमल आदि कलाकारको अभिनय रहनेछ । यो नाटकका पात्रहरू मानिसभित्रको यौनिकता तथा डिजायर प्राप्त गर्ने चाहनामा घुमिरहेका हुन्छन् । फरक डिजाइनमा निर्माण गरिएको समाजसँग जोडिएको नाटक हो यो । विषय गहन विषय छ तर नाटकले दर्शकलाई बाँधेर राख्छ । स्टेज डिजाइन, साउन्ड, म्युजिक, कस्टुमले समेत नाटकलाई उत्कृष्ट बनाउन मद्दत गर्नेछ । 'रिहर्सल रमाइलो भएको छ, सिक्ने तथा सिकाउने हुटहुटीले सबैमा उर्जा थपिएको छ,' शंकरले भने ।

पोखरापछि चे शंकरले विराटनगरको नाटक वर्कसपमा सहजीकरण गर्नेछन् भने बिर्तामोडमा वर्कसपसहित उनकै निर्देशनमा 'रुवा' नाटक मञ्चन हुनेछ । काठमाडौं फर्किएपछि भने अन्य नाटकमा व्यस्त हुने शंकरले बताए ।

विदेश गएर नाटकसम्बन्धी अध्ययन गरी त्यहाँ सिकिएका कुरा आफ्नो देशमा प्रयोग गर्ने धोको उनमा छ । 'नेपालमै बसेर अध्ययन गर्न सम्भव छैन, विदेश जाँदा खर्च बढी लाग्छ, छात्रवृत्तिका लागि प्रयास गरे पनि सफल भएको छैन' शंकरले भने । तिर्खा नाटक जेठ ९ गतेदेखि जेठ २५ गतेसम्म गन्धर्व नाटकघरमा मञ्चन हुनेछ । झन्डै १ घण्टा ४० मिनेट अवधिको यो नाटकमार्फत दर्शकले आफूलाई पाउने उनको विश्वास छ ।

पहिलो पटक सन् २०१२ मा 'इलुजन' नाटक निर्देशन गरी नाट्य क्षेत्रमा डेब्यु गरेका चे शंकरले हालसम्म एक दर्जनभन्दा बढी नाटक निर्देशन गरिसकेका छन् । उनी चौकुस फिल्म प्रोडक्सनमार्फत छोटा चलचित्र निर्माणमा समेत सक्रिय छन् । त्यसका अतिरिक्त शंकरले विभिन्न ओपन नाटक तथा सडक नाटकमा काम गरिसकेका छन् । शंकरको जन्म धादिङमा भएको हो ।

राजाराम पौडेल






■ राजीव जैन

तस्बिर : महेश प्रधान

# पैसा धेरै कुरा हो, सबै कुरा होइन

मोरङ जिल्लाको विराटनगरमा सामान्य परिवारमा जन्मिएका राजीव जैन अन्तर्राष्ट्रिय फ्रेन्चाइज क्विज शो को बन्छ करोडपतिको पहिलो सिजनमा १ करोड जितेपछि चर्चामा छन् । नेपालमा उनले बौद्धिक जाँचमा आफूलाई प्रमाणित गरी १ करोड जित्ने इतिहास रचे । विराटनगरस्थित अरनिको माविबाट २०४९ मा एसएलसी जिल्ला टप गरी महेन्द्र मोरङ कलेजबाट बीबीएस गरेका जैनले छात्रवृत्तिमा दिल्ली युनिभर्सिटीबाट एमबीए पूरा गरेका छन् । एमबीए सकेर बुबाको कागजसम्बन्धी व्यवसाय सम्हालिरहेका जैन सामान्य ज्ञानका भण्डार नै हुन् । राजीवसँग सम्झना गर्न सक्ने तीक्ष्ण खुबी, करोडपतिसम्मको यात्रा र विजेतापछिको अनुभवमा आधारित रहेर भिषा काफ्ले र जनक तिमिल्सिनाले गरेको कुराकानी :

**को बन्छ करोडपतिको पहिलो विजेता भएपछि सबैभन्दा पहिले के सम्झनुभयो ?**

जितपछि मलाई त्यसको रियलाइज हुन नै केही समय लाग्यो । हो-होइन भन्ने यकिन गर्न नै गाह्रो भयो । म आउट अफ द वर्ल्ड नै भएजस्तो लाग्यो । जब म सामान्य अवस्थामा आएँ अनि बिस्तारै-बिस्तारै आमा, बुबा, काका, श्रीमती, छोराछोरी सबै परिवेश सम्झँदै गएँ ।

**अहिले कस्तो अनुभव भैरहेको छ ?**

मेरो १८ वर्षदेखिको सपना पूरा भएको छ । करोडपतिको हटसिटमा बस्ने लक्ष्य थियो त्यो पनि पूरा भयो अनि करोड जितेर इतिहास बनाउने चुनौती थियो त्यो पनि पूरा भयो । आफ्नो क्षमतामा म आफैंमा भएको डाउट क्लियर भएको छ । अहिले मलाई जस्तो रमाइलो अनुभव भैरहेको छ तेन्जिङ शेर्पालाई पहिलो पटक सगरमाथाको चुचुरोमा पाइला राख्दा पनि त्यस्तै भएको थियो होला ।

**त्यसो भए तपाईंको १८ वर्षको मेहनत सफल भयो ?**

प्रक्रियाका हिसाबले जोड्ने हो भने यस्ता क्विजप्रति मेरो सोख विद्यालय तहदेखि कै हो । क्विज कन्टेस्ट चलाउने, आफैं भाग लिने मेरो बानी थियो । त्यो बानी धेरै पछि अर्थात कलेजको अध्ययनसम्म निरन्तर चलिरह्यो तर पढ्ने बानी पहिलेदेखि अहिलेसम्म निरन्तर कायम छ ।

**तपाईंमा भएको सम्झना राख्ने जुन क्षमता छ, त्यो कसरी सम्भव भयो ?**

यो सबै अभ्यासको परिणाम हो । सानैदेखि पढ्ने बानी बस्यो । याद गर्ने बानी पर्‍यो । निश्चित चिजहरूसँग कोरिलेट गरेर सम्झने बानी भयो । यसले सम्झना गर्न सजिलो बनाउँदो रहेछ । एउटा चिजसँग अर्को चिज जोड्दा दुवै कुरा सम्झनामा रहने भयो, जस्तो छोटो समयमा लामो क्यानभास बनाउने प्रश्न थियो त्यसमा मैले नेपालमा भूकम्प जाँदाको दिनलाई सम्झिएको थिएँ । सम्झन सहज होस् भनेर २५ अप्रिल २००८ मा किरण मानन्धरले त्यो क्यानभास बनाएर रेकर्ड राख्नुभएको विषयलाई २५ अप्रिल २०१५ कै दिन भूकम्प गएर धरहरा ढलेको दिनलाई कोरिलेट गरेर सम्झिएको थिएँ । यसरी जोडेर सम्झना गर्न मलाई सहज लाग्छ । नम्बरहरूसँग जोडेर याद गर्न र रिकल गर्न सहज हुन्छ ।

**याद र रिकल गर्ने कुनै सूत्र हुन्छ ?**

मैले ठ्याक्कै कुनै साइन्टिफिक प्रयोग गरेको होइन । टेक्निक थुप्रै हुन सक्छन्, मैले नजानेको पनि हुनसक्छ । मैले सानैदेखि प्रयोग गरेको चाहिँ अध्ययन गर्दा सन्दर्भ जोड्ने अभ्यास हो । म कुनै पनि नयाँ कुरालाई पुरानो कुरा वा आफूलाई सहज लाग्ने कुराको सन्दर्भसँग जोडेर हेर्छु । बाल्यावस्थादेखि जुन बानी लाग्यो त्यो अहिलेसम्म निरन्तर छ ।

**सामान्य ज्ञानमा पोख्त मानिसहरू प्रशासनिक क्षेत्रमा रुचि राख्छन्, तपाईं त व्यवसायिक क्षेत्रमा हुनुहुन्छ ?**

प्रशासनिक क्षेत्रमा काम गर्ने मेरो सानैदेखिको रुचि हो । मैले २/४ ठाउँमा त्यो अवसर पनि पाएको थिएँ । जस्तो मैले बीबीएस सकेपछि नेपाल बंगलादेश बैंकमा 'जब'का लागि अवसर पाएको थिएँ । संयोगवश त्यही बेला एमबीए अध्ययनका लागि दिल्ली युनिभर्सिटीमा मेरो नाम निस्कियो । ती दुई अवसरमध्ये मैले अध्ययनलाई रोजें । एमबीए सकेपछि म नेपाल फर्किएँ अनि बोटलर्स नेपालमा जब एप्लाई गरे । मलाई ब्रान्ड अफिसरको जब अफर भएको थियो, तर परिवारसँग राय सल्लाह हुँदा दुई-तीन वर्ष के जागिर गर्ने, बरु आफ्नै व्यवसाय अघि बढाऊँ भन्ने कुरा आयो । त्यसपछि मैले व्यवसाय नै सुरु गरें, तर जब नगरेकोमा मलाई पछुतो छैन । किनभने जागिर खाएको भए पनि म त्यसमा लामो समय टिक्न सक्ने थिइनँ । व्यापारिक पृष्ठभूमि भएका कारण अन्ततः यही मिसिन आइपुग्नैपर्थ्यो । यदि गरेको भए त्यो अनुभव बटुल्न र ठूलो अर्गनाइजेसनको सीप सिक्ने मौका हुन्थ्यो होला । अहिले हामी काका-भतिजाको टिमले जुन स्पिरिटमा व्यापारलाई लिएर गएका छौं, पछि पनि यसैलाई निरन्तरता दिने सोच भएको हुँदा बिलकुल पछुतो छैन ।

**नेपाल सरकारको जागिर गर्ने सोच जागेको थियो कि थिएन ?**

त्यता जाने सोचचाहिँ आएन । त्यसको कारण म व्यापारिक पृष्ठभूमिबाट आउनु पनि हो । हाम्रो पारिवारिक संस्कृति नै व्यापारिक भयो । हाम्रो घर-परिवारका कुनै पनि सदस्य प्रशासनिक क्षेत्रमा हुनुहुन्थ्यो । मलाई त्यता जान मोटिभेट गर्ने रोलमोडल नभएकाले पनि त्यस्तो भएको हुनसक्छ । मेरो रोलमोडल आफ्नै बुबा-काका भएपछि उहाँहरूकै पदचापमा अघि बढियो ।

**१५ वटा प्रश्नमध्ये तपाईंलाई सबैभन्दा उच्च जोखिम लागेको प्रश्न कुन थियो ?**

नेपालको सबैभन्दा उचाइमा भएको मानव बस्तीसम्बन्धी प्रश्न सबैभन्दा जोखिमपूर्ण थियो । मैले त्यसमा दुईवटा लाइफलाइन प्रयोग गरें । मेरो सोच हुम्ला थियो । दिमागमा अग्ला हिमाली बस्ती हुम्ला मै छन् भन्ने थियो । फिफ्टी-फिफ्टी गर्दा हुम्ला नै हटेपछि म अझ बढी कन्फ्युज भएँ । म स्योर थिइनँ । अरू प्रश्नमा म धेरै कन्फिडेन्ट थिए तर यसमा दुविधा थियो । लक्कीले मात्र मैले त्यो प्रश्नको सही उत्तर दिएँ । त्यतिबेला मलाई लाग्यो, मेहनतका साथ भाग्य पनि हुनुपर्ने रहेछ ।

**तपाईं चाल्स ब्याबेजको दिमागसम्बन्धी प्रश्नमा पनि कन्फ्युज हुनुहुन्थ्यो नि ?**

म कन्फ्युज भएको होइन । मैले चाल्स ब्याबेजको केस स्टडी गरेको थिएँ । उनको दिमाग दुईवटा म्युजियममा आधा-आधा गरेर राखिएको छ भन्नेमा म प्रस्ट थिएँ । एउटा हन्टेरियन म्युजियम (लन्डन स्कुल अफ सर्जरी) र अर्को लन्डन स्कुल अफ साइन्स जसलाई आदि भाग राख्न दिइएको थियो त्यसलाई ब्रिटिस म्युजियममा लन्डन साइन्स म्युजियम भनिन्छ कि भन्ने दुविधा थियो, तर हन्टेरियम म्युजियम एउटा उत्तर हो भन्नेमा कति पनि कन्फ्युज थिएन ।

**सानोभन्दा सानो कुरादेखि लिएर हन्टेरियम म्युजियमसम्बन्धी सामान्य ज्ञान सम्झिरहन कसरी सम्भव छ ?**

जब हामीले अध्ययन गर्दै जाँदा स्कुल लेभलका जनरल नलेज गेन गर्छौं त्यसपछिको फर्दर स्टडिजमा पनि त्यो कहीँ-कतै प्रयोग हुन्छ । म कमर्स पढेको विद्यार्थी आइकम सकेपछि मैले बीबीएस गरें । बीबीएसका लागि विराटनगरमा हामी पहिलो ब्याच थियौं । त्यहाँसम्म एकाउन्टेन्सी र म्यानेजमेन्ट पढ्थ्यौं, एमबीएमा भने डाइभर्सिटी भएर अध्ययन गर्‍यौं । त्यहाँ इन्जिनियर, सिए, डाक्टर सबै आउँछन् र इकोनमिक्स तथा कमर्सका पनि आउँछन् । दिल्ली युनिभर्सिटीको कोर्स यति रिच छ कि त्यहाँ सबै क्षेत्रका विषय समेटिएका छन् । ती सबै पढ्नुपर्‍यो । मैले त्यहीं कम्प्युटरसम्बन्धी अध्ययन गर्दा चाल्स ब्यावेजका बारेमा पढेको थिएँ । को इन्सिडेनस यहाँ आएर त्यही प्रश्नको सामना गर्नुपर्‍यो ।

पृष्ठ ७ मा

# पैसा धेरै कुरा हो...

पृष्ठ ६ बाट

त्यहाँ पढ्दा हाम्रा प्रोफेसरहरूले के सिकाउनुहुन्थ्यो भने इन्टरभ्यू फेस गर्नु पहिले जहिले पनि सम्बन्धित कम्पनीको हिस्ट्री, प्रोडक्टको नलेज तथा आविष्कारका विषय राम्रोसँग अध्ययन गरेर जानुपर्छ। जुन कुराले गर्दा कम्पनीले आफूलाई काम गर्न इच्छा भएको क्यानिडेटका रूपमा लिन्छ। इन्टरभ्यूमा सामेल हुनेले पनि कन्फिडेन्ट बट्ुल्न सक्छ भनेर सिकाउनुहुन्थ्यो। एमबीए अध्ययन गर्न जानुअघिको जिम्याटले पनि मलाई सहयोग गर्‍यो। जिम्याटमा पनि मल्टिपल प्रश्न हुन्छन्। गुरुहरूले पढाउँदा पहिले सरोकार नभएका उत्तरलाई हटाउँदै जाने र उत्तरको दायरा छोट्याउने भनेर सिकाउनुहुन्थ्यो।

**घरमा बसेर टिभीमा कार्यक्रम हेर्नु र हटसिटमा बस्नुबीच के फरक हुँदो रहेछ ?**

मेरा लागि यो एउटा लाइफटाइम अनुभव भयो। टिभी अगाडि बसेर हेर्दा जुनसुकै प्रश्नको पनि जवाफ यो त सजिलो छ भनिन्छ। १२/१३ वटा प्रश्नसम्म त कुनै लाइफलाइन नै प्रयोग नगरी उत्तर दिन सकिन्छ भन्ने लाग्थ्यो, तर हटसिटको नाम त्यसै हटसिट राखिएको होइन रहेछ। क्रिकेट खेलमा मेरो सबैभन्दा प्रिय विधा हो। मैले खेलेको पनि हो। भन्नै पर्दा म क्रिकेटमै हुर्किएको मान्छे भन्दा पनि हुन्छ, तर क्रिकेटकै प्रश्नमा म केही अत्तालिएँ, दोमन भएँ। कारण त्यही हटसिट थियो। त्यहाँ बसेपछि यति धेरै प्रेसर हुँदो रहेछ, एस्पेक्टेसनहरू यति हुँदा रहेछन्, थाम्नै गाह्रो। साथीभाइ, घरपरिवार तथा चिनेजानेकाहरूको राम्रो गर्ने एस्पेक्टेसनले पार्ने प्रेसर त भैहाल्छ। त्यसका साथै महानायक राजेश हमालसँग सिधा अगाडि बसेर उत्तर दिनुपर्दा नर्भस हुनु स्वभाविक हो। यी सबै कुराले पेटमा पुतली डुल्दा रहेछन्। यो कुरा थाम्नै नसक्ने हुन्छ। त्यो त्यहाँ पुगेपछि मात्र थाहा हुन्छ। प्रेसर कुकरमा कसरी प्रेसर आउँछ भन्ने कुरा त्यही गएपछि थाहा पाइदो रहेछ।

**पहिले तपाईंलाई कति लेभलसम्म सहजै पुग्छु भन्ने लागेको थियो ?**

नढाँटी भन्ने हो भने मलाई के लाग्थ्यो भने १० देखि ११ प्रश्नसम्म म कुनै पनि लाइफलाइन प्रयोग नगरी पुग्न सक्छु, तर हटसिटको कमाल मैले सामान्य प्रश्नमै लाइफलाइन गुमाइसकेको थिएँ।

**हिजोसम्म एउटा व्यापारी, आजदेखि त्यतिमा सीमित नभएर तपाईंले आफ्नो बौद्धिक क्षमता पनि प्रमाणित गर्नुभयो ?** यसले केही फरक महसुस गर्नुहुन्छ ?

म एउटा साधारण परिवारबाट आएको मान्छे। मैले त्यसरी एनालाइसिस गरेको पनि छैन। म यो ठाउँसम्म आइपुग्नु नै ठूलो सौभाग्य हो। ममा आफूलाई प्रुफ गर्ने भित्री चाहना थियो, त्यो गरियो। व्यापार नै गरिएको छ र मेरो भविष्य पनि यही नै हो। मेरो करियरको डेभ्लपमेन्ट अन्त जान्छ भन्ने लाग्दैन। नयाँ अनुभव भयो त्यसको सुखद अनुभूति जीवनभर रहनेछ।

**१ करोडको प्रयोग केमा गर्नुहुन्छ ?**

जसरी मेरा बुबा-आमाले शिक्षाका लागि कुनै कम्प्रोमाइज नगरी मलाई सहयोग गर्नुभयो, मैले मेरा सन्तानलाई पनि गर्नुपर्छ। त्यसपछि हाम्रो काका र भतिजाको टिमले व्यापारबाहेक समाजसेवा पनि गरिरहेको छ, त्यसमा पनि निश्चित रकम सहयोग गर्छु। आफ्ना व्यक्तिगत चाहनाहरू पनि छन्, तिनीहरूमा पनि प्रयोग गरिन्छ।

**तपाईंले १० औं प्रश्नपछि धेरै कन्फिडेन्ट भएर ...कि १ करोड लान्छु कि ३ लाख २० हजारमै चित्त बुझाउँछु, तर सम्झौता गर्दिनँ भन्नुभयो ? किन ?**

राजेश दाइले मलाई बारम्बार क्विट गर्दा यति लान सक्नुहुन्छ भन्नुभयो। मेरो सोचाइ पैसा धेरै थोकचाहिँ हो तर सबै थोक होइन भन्ने हो। उहाँले त्यसो भनेपछि मेरो त्यो अभिव्यक्ति आएको हो। मैले के सोचें भने करोडपतिको पहिलो सिजनमा १ करोडको जवाफ दिइसकेपछि जितें भने इतिहास रच्छु र हारेर ३ लाख २० हजार लिएर गएँ भने पनि मानिसहरूले मलाई सम्भिरहनेछन्। सायद १३/१४/१५ औं प्रश्नको उत्तर नमिलेको भए मलाई ९८ प्रतिशतले मूर्ख भन्थे होलान्। आइसकेको पैसा पनि गुमायो भन्थे होलान्। जिते पनि त्यो नेग्लिजेवल हुँदो रहेछ। बीचमा छोड्ने र अघि बढ्ने कुरालाई मैले तराजुमा राखेर तौलँदा मैले अघि जाने कुरा नै भारी देखें र अघि बढें। मैले इतिहास बनाउने कुरा मात्र सोचें। सम्भवतः त्यसैले यो सम्भव भयो, त्यसैले आँट दियो।

**यसअघि भारत गएर पनि केबीसीमा भाग लिन खोज्नुभएको थियो नि होइन ?**

दिल्ली युनिभर्सिटीमा अध्ययन गर्दा सन् २००३ मा सिजन टुका लागि मैले प्रयास गरेको थिएँ र कल आएर प्रश्नहरू पनि सोधिएको थियो। उत्तर मिलेका पनि थिए। त्यसपछि लक्की ड्र हुँदा म टप टेनमा पुग्न सकिनँ। भाग्यले मातृभूमिमा आएर इतिहास रच्न जुराएको रहेछ, राम्रै भयो। यहाँ पनि सरल तरिकाले भाग लिएको होइन। मैले अगस्ट २०१८ देखि नै ट्राई गरेको हुँ। ३८ एपिसोडसम्म पनि फोन नआउँदा सिजन १ मा पालो नआउला भन्ने लागेको थियो, तर एक्कासि फोन आयो र सबै कुरा सम्भव भयो।

**त्यसबीच कतिवटा एसएमएस गर्नुभएको थियो ?**

ठ्याक्कै सम्झनचाहिँ सक्दिनँ, तर धेरै गरें। फेसबुकमा पनि प्याटर्नअनुसार जवाफ दिन्थें। घर बसीबसी लखपती बनौंमा पनि धेरै उत्तर पठाएको थिएँ। भाग्यले टपटेनमै पुर्‍यायो।

**तपाईंको रोलमोडल को हो ?**

काका (कृष्णमुरारी कोइराला) सँग बुबाको पुरानो सम्बन्ध हो। उहाँसँग जन्मदादेखिकै सम्बन्ध हो। उहाँ मेरो शुभचिन्तक मात्र होइन, रोलमोडल पनि हो।

**दिनमा कति पढ्नुहुन्छ ?**

बिहान साढे ५ बजे उठेर ब्याडमिन्टन खेल्न जान्छु। त्यसपछि आएर डेढ घण्टा पत्रपत्रिकाहरू अध्ययन गर्छु। त्यसमा रोचक कुराहरूमा मेरो बढी चासो हुन्छ। त्यसबाहेक इमेल, इन्टरनेटमा पनि नयाँ-नयाँ कुरा हेरिरहन्छु। आइक्यूसम्बन्धी कुनै नयाँ पुस्तक देखे त्यो पनि अध्ययन गर्छु। युट्युबमा भएका आईक्यूहरू हेर्छु।

**साहित्यमा कति रुचि छ ?**

ठीकै छ, प्रायः फिक्सन पढ्छु।

**तपाईंको व्यवसायबाहेकको रुचिको क्षेत्र कुन हो ?**

खेलकुद मेरो रोजाइको क्षेत्र हो, सामान्य ज्ञान पनि मेरो रुचिमा छ।

**तपाईंको मागी विवाह कि प्रेम विवाह ?**

मागी विवाह हो।

**श्रीमान्-श्रीमतीबीच रुचिका आधारमा समानता र असमानता के-के छन् ?**

समानताको विषय खानपान हो। असमान भनेको म खेलकुद मन पराउँछु, उनी चलचित्रमा रुचि राख्छिन्।
















# लन्डनको मुटु ट्राफलगर स्क्वायरमा बुद्धको स्तूपा

शब्द/तस्बिर : कुशल श्रेष्ठ

लन्डनको मुटु ट्राफलगर स्क्वायर, सायदै कोही होला, लन्डन पुग्दा त्यहाँ घुम्न वा फोटो खिचाउन नचाहने। त्यही विश्वप्रसिद्ध स्थान गएको आइतबार साँझ नेपालमय देखियो।

नेपाली गीत-संगीतसँगै मौलिक नेपाली नृत्य प्रस्तुत हुँदा त्यहाँ घुम्न पुगेका पर्यटकहरू दंग पर्दै फोटो खिचाइरहेका पाइन्थे। बाइवान गेटवानफ्रीको अफरजस्तै लन्डन घुम्न आएका पर्यटक लन्डनसँगै नेपाल पुगेको महसुस गरिरहेका थिए।

अवसर थियो २५६३ औं बुद्धजयन्तीको। बुद्ध फाउन्डेसन, यूके तथा कपिलवस्तु समाज, यूकेले लन्डनस्थित नेपाली दूतावास, नेपाल पर्यटन बोर्ड एवं गैरआवासीय नेपाली संघ, बेलायत आदिको सहकार्यमा बुद्धजयन्तीको उक्त कार्यक्रमको मेसो मिलाएका हुन्।

भैरव, लाखे नाचदेखि कुमारी प्रदर्शन विदेशीहरूलाई आकर्षित गर्ने थप प्रस्तुति थिए, साथै बुद्धको स्तूपा र ध्वजापताकाले नेपालकै स्वयम्भू, बौद्ध र लुम्बिनीको झझल्को दिइरहेका थिए। लोकप्रिय गायिका शर्मिला बर्देवाको सुमधुर स्वरमा जहाँ छन् बुद्धका आँखा... र वाद्यवादकहरूको समूहबाट रेशम फिरीरी... धुन गुन्जँदा उपस्थित सबै मन्त्रमुग्ध देखिन्थे।

समारोहलाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि तथा लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. दयारत्न बज्राचार्यले भगवान बुद्धको जन्मस्थान लुम्बिनीबाट शान्ति, अहिंसा र मैत्रीको संदेश लिएर आफू बेलायत आएको बताए। उनले अक्सफोर्डलगायत बेलायतका विभिन्न विश्वविद्यालयमा बौद्ध धर्म र दर्शनका विषयमा अध्ययन-अध्यापन भैरहेको जानकारी पाउँदा आफूलाई खुसी लागेको बताउँदै ती विश्वविद्यालयसँग सहकार्य गर्न आफूहरू तयार रहेको पनि बताए।

बेलायतका लागि नेपाली राजदूत डा. दुर्गाबहादुर सुवेदीले गौतम बुद्धको जन्म नेपालमै भएको हो भन्ने विषयमा अब कुनै शंका नरहेको बताउँदै आउँदो वर्ष बेलायतबाट १ लाख पर्यटक भित्र्याएर नेपाल भ्रमण वर्ष-२०२० लाई सफल तुल्याउन आह्वान गरे।

लुम्बिनी क्षेत्रको पुरातात्विक खोजमा संलग्न ब्रिटेनको डरहम विश्वविद्यालयका प्राध्यापक रबिन कनिङ्घमले १ सय २३ वर्ष अघि सन् १८९६ मा जनरल खड्गशमशेर तथा एलोइस एन्टन फुहररले नेतृत्व गरेको टोलीले लुम्बिनीमा सम्राट अशोकले गाडेको अशोक स्तम्भ पत्ता लगाएको बताए। उक्त स्तम्भमा लुम्बिनीमै गौतम बुद्धको जन्म भएको स्पष्ट उल्लेख गरिएको जानकारी दिँदै उनले लुम्बिनी क्षेत्रमा मात्र २ सय ५० भन्दा बढी पुरातात्विक महत्वका स्थान रहेको बताए। रविनले लुम्बिनी क्षेत्रका पुरातात्विक महत्वका स्थानहरूको संरक्षण गर्ने कुरामा विशेष ध्यान दिन सुझावसमेत दिए।

समारोहमा लेबर पार्टीका संसद् वीरेन्द्र शर्मा, रोयल बरो अफ केन्जिङ्टन एण्ड चेल्सीकी मेयर मेरी टेरेस रोसी, रशमुर बरो काउन्सिलका काउन्सिलर पल टेलर, एनआरएन यूकेका प्रतिनिधि आदिले पनि मन्तव्य व्यक्त गरेका थिए।

आयोजक बुद्ध फाउन्डेसन यूकेका अध्यक्ष दीपक श्रेष्ठले राष्ट्रिय गौरवको विषयमा लन्डनको मुटु ट्राफलगर स्क्वायरमा बुद्ध जयन्ती मनाउन पाउनु सम्पूर्ण नेपालीका लागि ऐतिहासिक भएको बताए। समाजसेवी शिवजी श्रेष्ठले संयोजन गरेको उक्त कार्यक्रमको अन्त्यमा विश्वशान्तिको कामना गर्दै दीप प्रज्वलन गरिएको थियो।

केवल एक प्रश्न

# रजत वर्षमा प्रवेश गरेको साप्ताहिकलाई के भन्नु छ ?

साप्ताहिकले नेपाली सांगीतिक क्षेत्रसहित मनोरञ्जनका हरेक विधामा पुऱ्याएको योगदान अतुलनीय छ । साप्ताहिकका हरेक अंक विशेष अंक भन्ने भनाइलाई आत्मसात् गरेर अघि बढेको लोकप्रिय साप्ताहिकलाई अझ बढी सफलताको शुभकामना ।

**रामकृष्ण ढकाल, गायक**

२५ वर्ष पुग्यो । अझ २५ सय वर्ष पुगोस् र यही गतिमा प्रगति होस् ।

**अमित पोखरेल, अभिनेता**

नेपाली गीत-संगीतमा अतुलनिय योगदान छ साप्ताहिकको । आगामी दिनमा साप्ताहिक अझ परिष्कृत हुँदै जाओस्, अझ धेरै सफल वर्षको खुड्किलो चढ्दै जाओस्– धेरै-धेरै शुभकामना ।

**भरत सिटौला, गायक**

घर-घरका हरसदस्यले आ-आफ्नो खुराकका लागि खोज्ने कुनै एउटा छापा सायद नहोला, छ भने त्यो साप्ताहिक नै हो भनेर बुझ्दा हुन्छ ।

**राजेन्द्र थापा, गीतकार**

निर्विकल्प, सर्वप्रिय, बहुआयामिक रंग पत्रकारिताको अग्रणी साप्ताहिकले २५ औं रजत वार्षिकी मात्र होइन भविष्यसम्म, अझ भनौं हाम्रो पनातिको पुस्तासम्म १ सय २५ औं शतक-रजत वार्षिकोस्तव मनाउन सफल होस्, अनि त्यो खुसीयाली स्वर्गबाट हेर्न पाऊँ ।

**विकास चापागाई, अभिनेता**

यो अवसर स्वयं साप्ताहिकलाई मात्र नभएर सम्पूर्ण साप्ताहिकका पाठकहरूकै लागि खुसीको अवसर हो । साप्ताहिकको नियमित पाठकका नाताले हेर्दा यसभित्रका हरेक सामग्री निकै महत्वपूर्ण छन् । साप्ताहिकले रजतमात्र होइन, स्वर्ण वर्ष नै मनाउनेछ भन्ने अपेक्षा राख्दै रजत वर्षको हार्दिक शुभकामना ।

**दीपक शर्मा, संगीतकार**

साप्ताहिक २५ औं वर्षमा प्रवेश गरेकोमा सबैभन्दा पहिले शुभकामना एवं बधाई । यो अवधिमा साप्ताहिकले महत्वपूर्ण विषयहरू उठान गरेको छ । नेपाली पाठकमाझ साप्ताहिक लोकप्रिय हुँदै गैरहेको छ । यसले अझ सशक्त ढंगले हाम्रो समाजको विकृति, विसङ्गतिविरुद्ध आवाज उठाउने छ भन्ने अपेक्षा गरेको छु । विशेष गरी नेपाली चलचित्रमा देखिएका कमी-कमजोरीहरूमा पनि बहस चलाउने छ भन्ने अपेक्षा गर्छु ।

**रेश मरहट्ठा, अभिनेता**

रजत वर्षको हार्दिक शुभकामनासँगै स्थापना कालदेखि नै सर्वोत्कृष्ट रहँदै आएको तथा नेपाली मनोरञ्जन, गीत-संगीतको क्षेत्रलाई उकास्न खेलेको अतुलनिय योगदान तथा अहम् भूमिका प्रशंसनीय छ । साप्ताहिक हरेक अंक सर्वोत्कृष्ट अंक बनोस्, नयाँ आयाम अनि नयाँ प्रस्तुतिका लागि शुभकामना ।

**हिमाल श्रेष्ठ, गायक**

कलाकारहरूको हात हो– साप्ताहिक । किनभने कलाकारको पहिचान गराउने भनेकै साप्ताहिकले हो । अझ यो मोडलहरूको त मुटु नै हो । कलाकारलाई आम दर्शकमाझ परिचय गराउने एउटा सशक्त माध्यम हो- साप्ताहिक । साप्ताहिकलाई सफलताको अझ बढी शुभकामना ।

**दमन रुपाखेती, हास्य अभिनेता**

साप्ताहिकलाई बधाई तथा शुभकामना । नेपाली चलचित्र तथा मोडलिङलाई माथि लान साप्ताहिकले सधैं झैं प्रमुख भूमिका निर्वाह गरिरहोस् ।

**बिनिता बराल, अभिनेत्री**

म साप्ताहिक पढेर हुर्किएकी पुस्ता हुँ । विशेष गरी मनोरञ्जन, ज्ञान र मानवीय रुचिका विषयवस्तु गुणस्तरीय तरिकाले साप्ताहिकले प्रस्तुत गरेपछि मेरो पुस्ताले विदेशी म्यागजिन खोज्नै परेन । २५ वर्षमा साप्ताहिक पल्टाउँदा मलाई कुनै दिन पनि झर्को लागेन । वर्षौंदेखि मेरो साथी बनेको साप्ताहिकलाई २५ औं वर्षको शुभकामना ।

**निकिता पौडेल, चलचित्रकर्मी**

उत्तोरत्तर प्रगतिको शुभकामना । साप्ताहिक नेपाली कला, संगीत एवं साहित्यको जगेर्ना एवं विकासका लागि अझ सशक्त रूपमा अघि बढोस् ।

**रमेश श्रेष्ठ, गायक**

साप्ताहिक रजत वर्षमा प्रवेश गरेको उपलक्ष्यमा बधाईका साथै आगामी यात्रा अझ सफल होस् भन्न चाहन्छु । साथै यो मनोरञ्जन पत्रिका भएकाले यसले आमपाठकलाई निरन्तर स्तरीय मनोरञ्जन प्रदान गर्दै जाओस् ।

**केकी अधिकारी, अभिनेत्री**

जसरी अहिलेसम्म पाठकको मन जितेर एक नम्बरमा दरिन सफल भएको छ, अबका दिनमा थप मनोरञ्जक सामग्रीहरू समावेश गर्न सफल होस् भन्ने कामना ।

**अर्जुन तिवारी, छायाँकार**

रजत वर्षमा टेकेको साप्ताहिकलाई मेरो तर्फबाट बधाई अनि सफलताको शुभकामना !

**शिव विक, नृत्य निर्देशक**

मलाई मन पर्ने साप्ताहिक पत्रिका रजत वर्षमा प्रवेश गरेको उपलक्ष्यमा बधाई तथा थप प्रगतिको शुभकामना ।

**सञ्चिता लुईंटेल, अभिनेत्री**

अझ लामो यात्राको शुभकामना ।

**श्रीजय थपलिया, गायक**



रजत वर्षमा पुग्नु भनेको साप्ताहिकमा कार्यरत सबै सदस्यको कार्यक्षमता र मेहनतको उत्कृष्ट रजत परिणाम हो । त्यसैले साप्ताहिक परिवारलाई हार्दिक बधाई तथा शुभकामना ।

**मिथिला शर्मा, अभिनेत्री**

विश्वमै आएको प्रविधिको रूपान्तरणले हरेक क्षेत्रलाई परिवर्तित तथा तरंगित बनाएको छ । यसको प्रभाव पत्र-पत्रिकामा पनि परेको छ जस्तो लाग्छ । त्यसैले साप्ताहिक पत्रिकाले आजसम्मको गरिमा पाठकहरूको माया अनि आफ्नो स्थानलाई युग सुहाउँदो तरिकाले मेन्टेन गर्दै आफूलाई अब्बल सावित गर्दै जाओस्– मेरो शुभकामना ।

**आशिष अविरल, संगीत संयोजक**

यो भीडमा पनि साप्ताहिकले आफ्नो छुट्टै स्थान बनाइरहेको छ र आफूलाई स्तरोन्नति पनि गरिरहेको छ । रजत वर्षमा प्रवेश गरेकोमा सम्पूर्ण टिमलाई बधाई ! साथै यसले स्वर्ण वर्ष पनि मनाओस् भन्ने कामना गर्छु । त्यसका लागि अग्रिम शुभकामना । साथै अब आउने दिनहरूमा लोक तथा दोहोरी गीत तथा यससँग सम्बन्धित कलाकारहरूलाई पनि थप प्राथमिकता दिनुहोला भन्ने सुझाव दिन्छु ।

**महेन्द्र गौतम, मोडल**

हामी कलाकारहरूको प्रिय साप्ताहिकलाई गौरवमय रजत वर्षको हार्दिक मंगलमय शुभकामना । सबै कलाप्रेमीको पहिलो प्राथमिकतामा रहने मनोरञ्जनले भरिपूर्ण साप्ताहिक आगामी दिनमा सदाझैं सबैको प्रिय भएको हेर्न चाहन्छु ।

**देविका बन्दना, गायिका**

साप्ताहिकले मनोन्जन पत्रिकाको दुनियाँमा एउटा इतिहासमात्र बनाएको छैन । कलाकारिता र संगीत क्षेत्रमा लाग्नेहरूलाई एउटा ठूलो प्लेटफर्म पनि दिएको छ । त्यसैले साप्ताहिक मेरो मात्र होइन सम्पूर्ण कलाजगत्का सेलिब्रेटीहरूको प्रिय पत्रिका बनेको छ । साप्ताहिकले अझ धेरै प्रगति-उन्नति गर्दै जाओस् । यो समयसापेक्ष रूपमा, परिवर्तित समयसँगै अघि बढोस् अनि रजत वर्ष, स्वर्ण वर्ष हुँदै डायमन्ड वर्ष पार गरोस् । सबैको प्रिय साप्ताहिक पत्रिकालाई मुरी-मुरी, भकारीका भकारी अनि बोराका बोरा शुभकामना । साथै साप्ताहिक परिवारलाई पनि बधाई– जय साप्ताहिक ।

**घनश्याम गौतम, हास्यकलाकार**

धेरै-धेरै बधाईका साथै शुभकामना । साप्ताहिक अझै धेरै पाठकको मनमा बस्न सफल रहोस् ।

**सुनिता दुलाल, गायिका**

साप्ताहिकमा कार्यरत सबैलाई धेरै-धेरै बधाई तथा शुभकामना छ । साप्ताहिककर्मीहरूको टिम वर्क अझ माथि पुगोस् । यसैगरी समाचारहरू अपडेट हुँदै जाऊन् । आम पाठक एवं हामी कलाकर्मीलाई यो पत्रिकाले थप मनोरञ्जन प्रदान गरोस् ।

**पुष्प खड्का, अभिनेता**

रजत वर्षमा पाइला टेकेको साप्ताहिकलाई बधाई तथा शुभकामनाका साथै आगामी दिनमा थप प्रगतिको कामना गर्छु ।

**रमेश उप्रेती, अभिनेता**

प्रिय साप्ताहिक ! तिमी रजत वर्ष मनाउने तयारी गरिरहेका छौ । यत्ति सुन्दा पनि खुब खुसी लागेको छ । किनभने यति लामो यात्रा गर्नु चानचुने कुरा होइन । उमेरमा तिमी भन्दा त्यही तीन चार वर्ष जेठो हुँ म । हो उमेर बढ्दै जाँदा मान्छे बूढो हुन्छ, तर तिम्रो उमेर बढ्नु भनेको बूढो हुनु होइन । संस्थागत रूपमा टिक्नु हो । कन्टेन्टमा परिष्कृत हुनु हो । विविधता थपिनु हो । मेरो पत्रिका पढ्ने बानीमा तिम्रो ठूलो भूमिका छ । अविच्छिन्न पाठक भएर पढिरहेको साप्ताहिकमा आजभोलि बेला-बेला म पनि छापिइरहेको हुन्छु । सम्झँदा खुसी लाग्छ । सबै विषयवस्तु समेटिँदै आएका छन् । आगामी दिनमा युवा लक्षित सामग्री अझ थपिउन् । प्रेरणादायी फिचरहरू समेटिऊन् । नेपाली कला-साहित्यमा तिमी पनि एउटा इट्टा बन्नु । तिमीलाई रजत वर्षको सर्वत्र शुभकामना ।

**मीनराज वसन्त, साहित्यकार**

साप्ताहिक गौरवमय रजत वर्षमा प्रवेश गरेको उपलक्ष्यमा हृदयदेखि नै बधाई तथा शुभकामना ! साथै स्वर्ण वर्षसम्म उत्तिकै सशक्त उत्तरदायी हुँदै आफ्नो यात्रा अघि बढाउन सफल होस्– शुभकामना ।

**शिव परियार, गायक**

हार्दिक बधाई तथा आगामी दिनका लागि धेरै-धेरै शुभकामना ।

**गम्भीर विष्ट, नृत्य निर्देशक**

नेपाली कला तथा संगीतमा समर्पित साप्ताहिकलाई सधैं नदी झैं बगिरहोस् भन्ने शुभकामना छ ।

**हेमन्त शर्मा, गायक**

सर्वप्रथम साप्ताहिक रजत वर्षमा प्रवेश गरेको धेरै-धेरै बधाई तथा शुभकामना । साप्ताहिकले आगामी दिनमा अझ राम्रा-राम्रा सामग्री प्रकाशित गरेर पाठकहरूलाई थप मनोरञ्जन प्रदान गरोस् । यसका लागि अश्लील सामग्री भन्दा पनि मनोरञ्जक सामग्रीहरूमा बढी केन्द्रीत हुनु राम्रो होला ।

**कविर खड्का, अभिनेता**

रजत वर्षमा प्रवेश गरेको साप्ताहिकलाई धेरै-धेरै बधाई तथा शुभकामना छ ।

**सुगम पोखरेल, गायक**

रजत वर्षमा प्रवेश गरेको उपलक्ष्यमा साप्ताहिकलाई बधाई तथा शुभकामना । साप्ताहिक अझ समावेशी हुँदै जाओस्, सबैको मन जित्दै सबैको पत्रिका बन्न सकोस् ।

**नानी थापा, रंगकर्मी**

बलिउड





## सारा अलि खानको आलोचना

अहिले मुस्लिम समुदायको पवित्र महिना रमजान चलिरहेको छ । यही रमजानका अवसरमा सारा अलि खानले आफ्नो बोल्ड फोटो सार्वजनिक गरेपछि अहिले उनी आलोचकहरूको निशानामा परेकी छिन् । त्यसो त साराको तस्बिर निकै चित्ताकर्षक छ र तस्बिरले प्रशंसकहरूबाट राम्रै प्रशंसासमेत पाएको छ, तैपनि मुस्लिम भएका कारण रमजानको अवसरमा यस्तो तस्बिर सार्वजनिक नगरिएको भए हुन्थ्यो भन्ने एकथरीको तर्क छ ।



## जाहन्वीको रूह-अफ्ज़ा

पहिलो चलचित्र 'धडक'को सफलताका बाबजुद सेलाएकी श्रीदेवी तथा बोनी कपूरकी छोरी जाहन्वी कपुरको दोस्रो चलचित्र 'रुह-अफजा' प्रदर्शनका लागि तयार छ । गत साता चलचित्रको गीत 'हवा आन दे'को टिजर सार्वजनिक भएसँगै यो चलचित्र पनि चर्चामा छ । उक्त गीतले हावा प्रदूषणविरुद्ध सन्देश दिएको बताइन्छ । चलचित्रमा जाहन्वीले राजकुमार रावसँग जोडी बनाएकी छिन् । जाहन्वी यो चलचित्र सँगसँगैजसो सार्वजनिक हुने 'मेन्टल है क्या'मा पनि राजकुमार रावसँगै प्रस्तुत हुनेछिन् ।

## अब अर्की आलिया

महेश भट्टकी छोरी आलिया भट्टले बलिउड तताइरहेका बेला अर्की आलिया बलिउडमा इन्ट्री गर्न तयार छिन् । उनी हुन्- आलिया फर्निचरवाला । यी अर्की आलिया कुनै समयकी सेक्स बम अभिनेत्री पूजा बेदी तथा फरहान फर्निचरवालाकी छोरी हुन् । चलचित्रमा इन्ट्री गर्नुअघि नै आफ्नो बोल्ड फोटो सेसन तथा सेक्सी अदाका कारण चर्चा आइसकेकी आलियालाई सैफ अलि खानको जोडीका रुपमा निर्माणाधीन चलचित्र 'जवानी जानेमन'मा हेर्न पाइनेछ ।



## ताराको खुसी

करण जौहरको पछिल्लो चलचित्र 'स्टुडेन्ट अफ द इयर-२' बाट बलिउडमा इन्ट्री गरेकी मोडल तारा सुतारिया चलचित्रमा आफ्नो भूमिका र चलचित्रको सफलतासँगै निकै उत्साहित छिन् । चलचित्रमा टाइगर श्राफ र अनन्या पाण्डेसँग स्क्रिन सेयर गरेकी ताराले चलचित्रमा आफ्नो भूमिकाप्रति न्याय भएको प्रतिक्रिया दिएर चलचित्रकर्मीहरुको समेत मन जितेकी छिन् । सायद, यही कारणले होला निर्देशक मिलन लुथरियाले आफ्नो नयाँ प्रोजेक्ट 'आरएक्स-१००' मा तारालाई मुख्य भूमिकामा अनुबन्ध गरेका छन् ।


KMG
KANTIPUR MEDIA GROUP
Citizens Bank
Presents
KANTIPUR
Half-Marathon
2019
In Association with
NEPAL LIFE
Hero
Powered by
CENTURY
SPICES AND SNACKS
STUDY IN INDIA
www.studyinindia.gov.in
Banking partner
Siddhartha Bank
Anti-Pollution Run
A pledge to beat the plaguing pollution level.
सहभागिताका लागि
आह्वान
टोल फ्रि नं:
१६६० ०१ २२२२२ NTC
९८०१५७२२२२ Ncell
Half Marathon, Corporate and Media र Wheelchair Race मा भाग लिन ईच्छुक प्रतियोगीहरुले प्रतियोगिता फारम भर्नु अनिवार्य छ। फारम बिहान १० बजेदेखि बेलुका ४ बजेसम्म कान्तिपुर पब्लिकेसन्सको मुख्य कार्यालय सेन्ट्रल बिजनेश पार्क (थापाथली) र काठमाडौं उपत्यकाको Citizens Bank को शाखाहरुमा उपलब्ध छ । सम्पूर्ण महानुभावहरुलाई फारमसँगै एक प्रति पासपोर्ट साइजको फोटो र नागरिकताको प्रतिलिपि पेश गर्न अनुरोध गरिन्छ ।
जेष्ठ ११
२५ मे २०१९
शनिबार
Half Marathon
21.1 Km
5 Km Fun Run
Corporate & Media
5 Km
Wheelchair
Race
Supported by
नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
Real Fruit Power
एभरेष्ट बैंक
EVEREST BANK
Footwear partner
SKECHERS
Travel partner
BON HOLIDAYS Pvt. Ltd.
Medical partner
SUMERU HOSPITAL
Speed partner
CLASSIC TECH

चलचित्र

# सिक्वेल र सिरिजको भिडन्त

## वीरविक्रम-२




चलचित्र वीरविक्रम-२ आज शुक्रबारदेखि प्रदर्शनमा आउँदैछ । यो करिब तीन वर्ष पहिले प्रदर्शनमा आएको चलचित्र वीरविक्रमको सिरिज हो । मिलन चाम्सको निर्माण तथा निर्देशनको चलचित्र वीरविक्रममा पारिवारिक प्रेम कथा समेटिएको निर्माण पक्षले जनाएको छ । प्रदीप भारद्वाजले लेखेको यो चलचित्रमा पल शाह, वर्षा शिवाकोटी, नाजिर हुसेन, बुद्धि तामाङ, देशभक्त खनाल, विनिशा भण्डारी, विनोद सुवेदी खत्री, सुयांस खड्का, मनिष लिम्बू, सौरभ शाह, क्रिजन गौतम, सरिता राजोपाध्याय, सन्तोष खनाल, मनोज केसी, टार्जन आदिको अभिनय छ । अर्पण सापकोटा चलचित्रका कार्यकारी निर्माता हुन् भने रञ्जिता सिवाकोटी सह निर्माता हुन् । सुदीप बरालले यो चलचित्रको छायांकन मुस्ताङ तथा युरोपको अजरबैजानमा गरेका हुन् । चलचित्रमा दुईवटा गीत समावेश छन् भने ती गीतमा रञ्जित गजमेर तथा ताराप्रकाश लिम्बूको संगीत सुन्न सकिन्छ । चलचित्र वीरविक्रम-२ को निर्माणमा करिब १ करोड ५० लाख रुपैयाँ लगानी भएको बताइएको छ ।

## जात्रैजात्रा



चलचित्र जात्रैजात्राको प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ । यो तीन वर्षअघि प्रदर्शनमा आएको चलचित्र जात्राको सिक्वेल हो । प्रदीप भट्टराईको कथा तथा निर्देशनको चलचित्र जात्रा पूर्ण व्यवसायिक चलचित्र भएको निर्माण पक्षले जनाएको छ जसमा भरपुर कमेडी र सस्पेन्स छ । यो चलचित्र जात्राको सिक्वेल भएकाले जात्राको कथा जहाँ टुंगियो त्यहींबाट जात्रैजात्रा सुरु हुने निर्देशक भट्टराईले जानकारी दिए । आमदर्शकलाई ध्यानमा राखेर निर्माण गरिएको हुनाले धेरैले जात्रैजात्रा मन पराउनेमा निर्माण पक्ष ढुक्क छ । रवीन्द्रसिंह बानियाँ कार्यकारी निर्माता रहेको यो चलचित्रका निर्माता सिंगे लामा तथा यज्ञश्वर पौडेल हुन् । शिवराम श्रेष्ठले छायांकन गरेको चलचित्र जात्रैजात्रामा विपिन कार्की, दयाहाङ राई, रवीन्द्रसिंह बानियाँ, रवीन्द्र झा, वर्षा राउत, राजाराम पौडेल, प्रकाश घिमिरे, सोहित मानन्धर, कालु राना, अंशु महर्जन, कृष्णभक्त महर्जन, कवीन्द्र त्रिपाठी, प्रेम पाण्डे, साजन थापामगर, प्रियंका झा, शर्मा जी, लक्ष्य श्रेष्ठ, अर्विन खड्का आदि कलाकारको अभिनय छ । यो चलचित्रलाई काठमाडौं उपत्यका तथा पोखराका विभिन्न स्थानमा छायांकन गरिएको निर्देशक भट्टराईले जानकारी दिए । चलचित्र जात्रै जात्रामा दुईवटा गीत समावेश छन् जसमध्ये माया पिरिम गीतले युट्युबमा उत्कृष्ट भ्युज पाएको छ । चलचित्रमा कालीप्रसाद बाँस्कोटा र कृष्ण भारद्वाजको संगीत सुन्न सकिन्छ । निर्माण पक्षका अनुसार जात्रैजात्राको निर्माणमा करिब १ करोड ८० लाख लगानी भएको छ ।

# दुई एवार्डको मनोनयन सार्वजनिक

दुई भिन्न संगीत एवार्डका मनोनयन सूची सार्वजनिक भएका छन् । जेठ ११ गते वितरण गरिने पहिलो जिनियस म्युजिक एवार्ड-२०७६ तथा साधना म्युजिक एवार्ड-२०७६ को मनोनयन सूची सार्वजनिक भएको हो ।




जिनियस म्युजिकले स्थापनाको दश वर्ष पूरा भएको अवसर पारेर पहिलो पटक आयोजना गर्न लागेको 'जिनियस म्युजिक एवार्ड-२०७६' को मनोनयन सूची सार्वजनिक गरेको छ । काठमाडौंको जमलस्थित राष्ट्रिय नाचघरमा सञ्चालन हुने एउटा विशेष सांगीतिक समारोहमा विभिन्न ४८ विधाका उत्कृष्ट संगीतकर्मी तथा स्रष्टालाई उक्त एवार्ड वितरण गरिने आयोजक संस्थाले जनाएको छ । एवार्डमा २०७५ साल वैशाखदेखि २०७५ साल चैत मसान्तसम्म बजारमा आएका गीत-संगीतलाई समावेश गरिएको आयोजक संस्थाका प्रमुख रमेश पाठकले जनाएका छन् । एवार्डका लागि उत्कृष्ट राष्ट्रिय भावनाको गीत, चलचित्र (गीतकार, गायक, गायिका, संगीतकार), लोक तथा दोहोरी, आधुनिक, पप, बाल गीत, म्युजिक भिडियो (महिला तथा पुरुष मोडल, छायांकार, सम्पादक, निर्देशक), संगीत संयोजक, ध्वनि मुद्रक आदि समावेश छन् ।

'अग्रजलाई सम्मान नवलाई प्रोत्साहन, कला गला तथा संस्कृति संरक्षणमा हाम्रो अभियान' भन्ने नाराका साथ प्रस्तुत हुन लागेको साधना म्युजिक एवार्ड-२०७६ को उत्कृष्ट पाँचको मनोनयन सार्वजनिक भएको छ । ३८ विधामा १ सय ९० जना कलाकर्मीले यो एवार्डमा प्रतिस्पर्धा गर्नेछन् । जुरी र आयोजक समितिको निर्णयका आधारमा उत्कृष्ट पाँच छनौट गरिएको एवार्ड आयोजक समितिकी अध्यक्ष सामना शाहद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । सामना म्युजिक एन्ड क्रिएसनले आयोजना गर्न लागेको यो एवार्डमा राष्ट्रिय, आधुनिक, लोकदोहोरी, लोक तथा पप विधामा देशभरका कलाकर्मीहरूले सहभागिता जनाएका छन् । अनलाइन भोटिङ र जजहरूको मूल्यांकनका आधारमा एवार्डको निर्णय गरिनेछ । शाहका अनुसार एवार्डमा ५० प्रतिशत भोटिङ बाँकी ५० प्रतिशत बाँकी जुरी समितिको मतलाई आधार मानेर विजेताको घोषणा गरिनेछ । साधना म्युजिक एवार्डमा नेपाली गीतसंगीतको क्षेत्रमा योगदान पुर्‍याउने एक जना विशिष्ट व्यक्तिलाई 'लाइफ टाइम अचिभमेन्ट एवार्ड' प्रदान गरिनेछ भने नेपाल कलाक्षेत्रमा कलम चलाउने पत्रकारलाई सम्मान गरिने आयोजक संस्थाले जनाएको छ ।




# धोकाले घाटामा गयो पसिना




गत शुक्रबार प्रदर्शनमा आएको चलचित्र पसिना समग्रमा कथाको दृष्टिले उत्कृष्ट थियो । यद्यपि यो चलचित्र कम लगानीमा बनेकाले प्रसस्त कमी-कमजोरी फेला पर्छन् । चलचित्र पसिना यतिबेला सिंगल हलहरूमा मात्र लागेको छ । सुरुमा निर्माण पक्षले मल्टिप्लेक्समा पनि यो चलचित्र लाग्ने बताएको थियो, तर डिस्ट्रिब्युटरहरूको बदमासीका कारण चलचित्रले घाटा बेहोर्नुपरेको चलचित्रका निर्देशक आरबी क्षेत्रीले आरोप लगाएका छन् । 'यो चलचित्र डि सिनेमा, बिएसआर, राइजिङ मल, केएल टावर आदिमा प्रदर्शन हुने भनेर पैसा तिरी पहिलेदेखि नै ट्रेलर बजाएका थियौं ।' 'यद्यपि डिस्ट्रिब्युटरको बेइमानीका कारण ती हलमा चलचित्र प्रदर्शन हुन सकेन ।' यसैकारण यो चलचित्रले लगानी उठाउनेमा निर्माण पक्ष आफैं ढुक्क छैन । यद्यपि गुण, गोपीकृष्ण, अष्टनारायण, गंगा, बाराही आदि सिनेमा हलमा भने चलचित्र चलिरहेको छ । ती हलमा पुगेका दर्शकहरूले भने चलचित्रको प्रशंसा नै गरेका छन् ।

चलचित्र पसिनामा सरोज खनाल, गौरव पहारी, अनु शाह, सरोज अर्याल आदि कलाकारको मुख्य भूमिका छ । पछिल्लो समय निर्माण भएका चलचित्रमा मजदुरको कथा खासै देख्न पाइँदैन । 'गरौं सत्कर्म, बगाऊँ पसिना' भन्ने नारा बोकेको यो चलचित्रले पसिनामात्र बगाएर हुँदैन, त्यो पसिनालाई सार्थक तुल्याउन सत्कर्म आवश्यक रहेको सन्देश समेत दिन्छ । त्यसैले यो चलचित्रले आमदर्शकको कथा बोलिरहेको अनुभूति हुन्छ । चलचित्रमा सरोज खनाल एउटा इमान्दार प्रहरी निरीक्षकको भूमिकामा छन् । उनको भूमिकाले जति नै नराम्रा सोंच-विचार भएका मानिसको बीचमा एउटा इमान्दार र कर्तव्यनिष्ठ व्यक्ति भयो भने उसले समाजलाई प्रसस्त योगदान दिन सक्छ भन्ने सन्देश दिन्छ । यस्तै गौरब पहारीले चलचित्रमा कर्तव्यनिष्ठ र देशभक्तिको भावना भएका शिक्षकको भूमिका निर्वाह गरेका छन् । उनी जति परिश्रम गर्ने हो आफ्नै माटोमा गर्नुपर्छ, आफ्नै माटोमा पसिना बगाउनुपर्छ भन्ने मान्यता राख्छन् । यस्तै अनु शाहले पत्रकारको भूमिका निर्वाह गरेकी छिन् । एउटा पत्रकारले गहिरो अध्ययन अनुसन्धार गरेर कुनै राम्रो समाचार लेख्यो भने त्यसले पनि समाजलाई परिवर्तन गर्न सक्छ भन्ने सन्देश उनको अभिनयले दिन्छ । यस्तै चलचित्रको मुख्य भूमिकामा रहेका कलाकार सरोज अर्याल एउटा ठेलागाडा चलाउँछन् । उनले केही समयपछि ठेलागाडा छाडेर तरकारी पसल राख्छन् । सर्सती हेर्दा यो एउटा मजदुरको कथा-व्यथामा आधारित चलचित्र हो । त्यसो त समाजमा हुने विभिन्न पात्रलाई चलचित्रमा समावेश गरिएको छ । मध्यान्तरभन्दा अघि धेरै पात्र समावेश भएकाले चलचित्र गञ्जागोल पनि देखिएको छ । एउटा पात्रलाई केन्द्रमा राखेर चलचित्र अघि बढाइएको भए सुनमा सुगन्ध हुने थियो । तैपनि चलचित्रको कथा उठानमा भने खोट लगाउने ठाउँ छैन । चलचित्रमा लगानी कम भएकाले समग्र मेकिङ त्यति उत्कृष्ट बन्न सकेको छैन । चलचित्रको गीत-संगीतको पक्ष राम्रो छ भने छायांकन गतिलो छैन । निर्देशकले पनि चलचित्रलाई राम्रो बनाउन निकै प्रयास गरेको पाइन्छ । तैपनि उनले मध्यान्तरभन्दा अघि थोरै मेहनत गरेको भए कम लगानीमा निर्माण भए पनि मेकिङ पक्ष राम्रो हुनसक्थ्यो ।

विकेन्ड ग्यादरिङ

# नेपाल ट्राभलर्स ह्यागआउट



नेपाली ट्राभलरले ट्राभलिङमा रुचि राख्ने महिलाहरूलाई निःशुल्क भ्रमणको अवसर प्रदान गर्न विगत पाँच वर्षदेखि 'स्व–यात्रा' प्रतिस्पर्धा गराइरहेको छ । अहिलेसम्म यो प्रतिस्पर्धाबाट ४२ जना महिला ट्राभलरले नेपालका विभिन्न ठाउँ घुमफिर गर्ने अवसर पाइसकेका छन् । आवेदन र अन्तर्वार्ताबाट छनौट भएका ट्राभलरहरूलाई घुम्ने मौका प्रदान गर्दै आएको नेपाल ट्राभलरले यो वर्षका लागि पनि स्व–यात्रा प्रतिस्पर्धाका लागि आवेदन खुला गरेको छ । यही सेरोफेरोमा ट्रालभरले स्व–यात्रामा प्रतिस्पर्धा गर्न चाहनेको जिज्ञाशा मेटाउन र अन्य ट्राभलर महिलाहरूसँग भेट्न, अनुभव तथा आइडिया सेयर गर्न 'नेपाली ट्राभलर्स ह्यागआउट्स स्व–यात्रा स्पेशल'को आयोजना गरेको छ । आज शुक्रबार आउटडोर एडभेन्चर सेन्टर ठमेलमा उक्त ह्यागआउटको आयोजना हुनेछ । साँझ ४ बजेदेखि ६ बजेसम्म चल्ने उक्त कार्यक्रममा निःशुल्क प्रवेशको व्यवस्था रहेको नेपाल ट्राभलरकी ब्रान्ड एम्बेस्डर पुजा रिजालले बताइन् । रिजालका अनुसार अन्तरक्रियामा नेपालका विभिन्न गन्तब्यहरूका बारेमा छलफल हुनुका साथै स्वयात्रा प्रतिस्पर्धामा सहभागी हुन चाहनेहरूको जिज्ञाशा समेत समाधान गरिनेछ ।

विकेन्ड डिनर


# गाल्जेमा मार्सीको स्वाद



निभा गल्ली, चिप्लेढुङ्गा, पोखरामा मार्सी चामलको स्वाद चाख्न पाइन्छ । हालसालै सञ्चालनमा आएको गाल्जे रेस्ट्रो एन्ड बारले जुम्ला, कालिकोट तथा बाजुरामा फलेको मार्सी चामलको खानालाई प्राथमिकता दिँदै सेवा सुरु गरेको हो । त्यहाँ जुम्लाकै सिमीसमेत उपलब्ध हुन्छ । मार्सी भेज थालीको २ सय ८० रुपैयाँ, मार्सी चिकेन थालीको ३ सय ८० रुपैयाँ, मार्सी ग्रिल चिकेन थालीको ४ सय २० रुपैयाँ तथा मार्सी मटन थालीको ४ सय ५० रुपैयाँ शुल्क तिर्नुपर्छ । अर्डर गरेको ३० मिनेटमा मार्सी खाना तयार हुन्छ । नेपालमै फलेको अन्न ख्वाउने उद्देश्यले यो रेस्ट्रो सञ्चालनमा ल्याइएको हो । बिहान ६ बजेदेखि राति ११ बजेसम्म खुल्ने यो रेस्टुराँमा एकपटकमा ५० जनासम्मलाई खाना ख्वाउन सकिन्छ । गाल्जेमा शुक्रबार र शनिबार लाइभ म्युजिकको तालमा रम्ने अवसर पाइनेछ भने नेपाली कला संस्कृतिको जर्गेना गर्दै युवा पुस्तामा संस्कृति हस्तान्तरण गर्न संगीत सारंगी, बाँसुरी, हार्मोनियम, तबला आदिको प्रयोगमा जोड दिइनेछ ।

विकेन्ड पार्टी

# पोखरामा दीपक




गायक दीपक ब्रजाचार्य तथा उनको ब्यान्ड द रिद्मले पोखरामा प्रस्तुति दिने भएको छ । पोखराको लेक साइडमा हालसालै खुलेको किङ्स लाउन्जको ओपनिङको अवसर पारेर यही जेठ ९ गते बिहीबार ब्रजाचार्यले लाइभ प्रस्तुति दिनेछन् । उक्त म्युजिकल कार्यक्रम साँझ ७ बजेदेखि मध्यरातसम्म सञ्चालन हुने बताइएको छ । दीपक र उनको ब्यान्ड द रिदमलाई पोखराका स्थानीय कलाकारहरूले पनि साथ दिने छन् ।

# जंगलमा नवीन के भट्टराई




चर्चित गायक नवीन के भट्टराई र अतृप्त ब्यान्डले आज शुक्रबार ठमेलस्थित जंगल लाउन्ज एन्ड बारमा लाइभ प्रस्तुति दिँदैछन् । उक्त लाइभ प्रस्तुति साँझ ७ बजेदेखि बिहान ४ बजेसम्म चल्नेछ जसका लागि प्रतिब्यक्ति १ हजार रुपैयाँको टिकट काट्नु पर्नेछ । उक्त टिकटसँगै एउटा कम्पीलिमेन्टी ड्रिङ्क्स उपलब्ध हुनेछ ।

# टेकओभर फ्राइडे




दरबारमार्गस्थित क्बल डेजाभूले टेकओभर फ्राइडेको आयोजना गर्दैछ । आज शुक्रबार हुने उक्त इभेन्टमा गायक प्रयत्न श्रेष्ठका साथ विग स्माइल ब्रान्डले लाइभ प्रस्तुति दिनेछ । १८ वर्षमाथिकालाई मात्र प्रवेश दिइने उक्त इभेन्ट साँझ ७ बजेदेखि राति १२ बजेसम्म चल्नेछ ।







# वर्षका १२ सुन्दरी

संसारभर मोडल, अभिनेतृ तथा अभिनेताका ठूला अनि आकर्षक तस्बिर म्यागजिन तथा साप्ताहिक पत्रपत्रिकाहरूका शोभा बनिरहेका हुन्छन् । पत्रपत्रिका र म्यागजिनमा छापिएका ठूला आकर्षक तस्बिर पाठकहरूको मनोरन्जनका प्रमुख खुराक त हुन् नै, साथै म्यागजिनका कभर तथा पत्रपत्रिकाका ब्लोअपमा छाउनेहरूले मोडलिङ, चलचित्र, विज्ञापन तथा म्युजिक भिडियोमा अवसर र चर्चा पनि उत्तिकै पाउँछन् ।

रजत वर्षमा प्रवेश गरेको नेपालकै पहिलो 'इन्फोटेन्मेन्ट' पत्रिका साप्ताहिक विगत २४ वर्षदेखि मोडल तथा अभिनेतृहरूका आकर्षक तस्बिर आफ्नो मध्यपृष्ठमार्फत पाठकहरूसमक्ष प्रस्तुत गर्दै आएको छ । सुन्दरीहरूसँग प्रतिस्पर्धा गर्दै थोरै सही केही आकर्षक अभिनेता, खेलाडी एवं मोडल पुरूषहरूले पनि साप्ताहिकको ब्लोअपमा स्थान पाउँछन् । त्यही कारण हो, विगत २४ वर्षदेखि नै ब्लोअप साप्ताहिकको प्रमुख आकर्षक रहँदै आएको छ । साप्ताहिकले हरेक अंक आकर्षक र फरक तस्बिर प्रकाशन गर्ने प्रयास गर्दै आएको छ ।

फोटोग्राफी, मेकअप, पोज, लोकेसन, पहिरन, डिजाइन आदिका दृष्टिले अंकैपिच्छे नयाँ काम गर्ने हुटहुटीले नै हुनुपर्छ, बजारमा साप्ताहिकको ब्लोअपको फरक स्तरीयता, पहिचान एवं आकर्षण छ । पाठकहरूको मनोरन्जनको खुराक त एकातिर छ, अर्कातिर मनोरन्जनमा करिअर निर्माण गर्न चाहनेहरूका लागि पनि साप्ताहिकको मध्यपृष्ठ पहिलो खुड्किला बन्ने गरेको छ । सम्पादकीय टिमको छनौट तथा उत्कृष्ट फोटोग्राफरको लेन्सको कमालमा साप्ताहिकको हरेक अंकको ब्लोअप सुन्दर, आकर्षक एवं ग्ल्यामरस रूपमा प्रस्तुत हुँदै आएको छ । हामीले हरेक ब्लोअपमा पात्रहरूको छनौट, फोटोग्राफी, सुन्दरता तथा ग्ल्यामरलाई विशेष जोड दिँदै आएका छौं । त्यसैले साप्ताहिकका हरेक ब्लोअप सुन्दरी पाठकका लागि आकर्षणको केन्द्र बन्छन् ।

## टप १२ ब्लोअप सुन्दरी छनौट

साप्ताहिकले आफ्नो वार्षिकोत्सव अंकमा वर्षभरिका १२ उत्कृष्ट ब्लोअप छान्ने प्रचलन छ । जुन प्रचलनलाई यस पटक पनि निरन्तरता दिइएको छ । साप्ताहिकले आफ्नो २४ औं वर्षमा ५० वटा ब्लोअप प्रकाशन गरेको थियो । जसमा फ्रेस मोडलदेखि स्थापित अभिनेत्रीसम्मले स्थान पाए । त्यसक्रममा सुन्दरीहरूलाई टक्कर दिदैं अभिनेता प्रदीप खड्काले एकल ब्लोअपमा स्थान बनाए भने अर्का चकलेटी अभिनेता अनमोल केसी प्रियंका एमभीसँगको संयुक्त ब्लोअपमा देखा परे । प्रदीपले १८ औं अंकमा ब्लोअपमा स्थान बनाएका थिए भने अनमोलले ३७ औं अंकको संयुक्त ब्लोअपमा स्थान पाए ।

यस्तै, अर्का अभिनेता गौरव पहाडी अभिनेत्री मेनुका प्रधानसँगको ब्लोअपमा प्रस्तुत भए । हास्यकलाकारहरु वुद्धि तामाङ र शिवशंकर रिजालले १५ औं अंकको गाईजात्रे पोष्टरमा अभिनेत्री दीपिका प्रसाईसँग ब्लोअप पोज दिए । यस क्रममा गत वर्ष ४२ वटा सिंगल तथा ९ वटा संयुक्त ब्लोअप प्रकाशन भएका थिए । वर्षभरिका ५० वटा ब्लोअपबाट साप्ताहिकको सम्पादकीय टिमको भोटिङका आधारमा उत्कृष्ट १२ ब्लोअप सुन्दरी छानिएको छ । उत्कृष्ट ब्लोअपमध्ये ११ वटा साप्ताहिकका फोटो पत्रकार महेश प्रधानले खिचेका हुन भने १ वटा फोटो ग्ल्यामरस फोटोग्राफर सुरज श्रेष्ठले खिचेका हुन् ।

### श्रद्धा क्षेत्री

चलचित्र 'हृदयभरि'बाट डेब्युको तयारीमा रहेकी सुन्दर मोडल श्रद्धा क्षेत्रीको ब्लोअप यस पटक पहिलो स्थानमा रहन सफल रह्यो । कोलकातामा बसेर मोडलिङमा सक्रिय श्रद्धाको स्थायी घर आरुबारी, काठमाडौं हो । उनको लेहेङगा सजिएको ब्लोअप साप्ताहिकको गत वर्षको १४ औं अंकमा छापिएको थियो । उक्त ब्लोअप दरबारमार्गको शेर्पा मलमा स्थित हेडलाइट स्पोर्टबारमा खिचिएको थियो । वुमन्स प्लानेट घण्टाघरको पहिरनमा खिचिएको उक्त ब्लोअपका लागि डी भान युनिसेक्स सलुन, दरबारमार्गको श्रृंगार थियो । १९ वर्षीया श्रद्धा ५ फिट ४ इन्च अग्ली छन् । मिडिया साइन्समा स्नातक गरिरहेकी श्रद्धाको रुचि गायन तथा अभिनयमा छ ।





### साम्राज्ञी राज्यलक्ष्मी शाह

छोटो समयमै जबरजस्त स्डारडम हासिल गर्ने अभिनेत्री हुन्– साम्राज्ञी राज्यलक्ष्मी शाह । चलचित्र 'ड्रिम्स'बाट ड्रिम गर्लका रूपमा रजतपटमा डेब्यु गरेकी साम्राज्ञी अहिलेकी महंगी अभिनेत्रीमध्ये एक हुन् । वीरगन्जमा जन्मिएकी २३ वर्षीया साम्राज्ञी ५ फिट ५ इन्च अग्ली छिन् । अहिलेकी व्यस्त अभिनेत्री साम्राज्ञीको सेक्सी फिगर तथा आकर्षक शारीरिक लुक विशेष चर्चाको विषय रहँदै आएको छ । ६ वटा चलचित्रमा अभिनय गरिसकेकी साम्राज्ञीको सम्पदा गार्डेन रिसोर्टमा खिचिएको ब्लोअप छनौटका क्रममा तेस्रो स्थानमा रहन सफल भयो ।

### सारा शिर्पाइली





चलकेटी लुक्सकी धनी अभिनेत्री सारा शिर्पाइली त्यस्ती पात्र हुन्, जसको एक वर्षमा दुईवटा ब्लोअप प्रकाशित भएको थियो । उनको एउटा ब्लोअप स्पोर्टी लुकमा थियो भने अर्को ब्लोअपमा उनी पिंक कलरको पार्टी वेयरमा थिइन् । पार्टी वेयरमा खिचिएको फर्मल लुक्सको उनको ब्लोअप धेरैको ध्यान खिच्न सफल रह्यो । त्यही ब्लोअपका कारण उनी साप्ताहिकको उत्कृष्ट ब्लोअपको सूचीको दोस्रो स्थानमा आइन् । काठमाडौंमा जन्मिएर लन्डनमा पढे-बढेकी साराले चलचित्र 'रुद्र' बाट रजतपटमा डेब्यु गरेकी हुन् । त्यसपछि उनले पिजडा ब्याक अगेन तथा सुश्री सम्पत्तिमा अभिनय गरिन् । नृत्य एवं गायनमा रुचि राख्ने साराले केही म्युजिक भिडियोमा समेत अभिनय गरेकी छिन् ।





### प्रिज्मा खतिवडा/ प्रिन्सी खतिवडा

युवापुस्तामाझ छोटो सांगीतिक भिडियोका लागि चर्चित सोसल मिडिया टिकटकबाट चर्चामा बटुल्न सफल चाबहिल, काठमाडौंकी जुम्ल्याहा दिदीबहिनी प्रिज्मा र प्रिन्सी खतिवडाको संयुक्त ब्लोअप पाँचौं स्थानमा रहन सफल भयो । २१ वर्षीया यी दिदीबहिनीको संयुक्त टिकटक एकाउन्ट ट्विन्नी गर्ल्समा ५१ लाख बढी फ्लोअर्स छन् । साप्ताहिकमा फिचर स्टोरी र ब्लोअप प्रकाशित भएपछि अहिले उनीहरू टिकटकबाहेक अरुतिर पनि सेलिब्रेटीको छविमा छन् । खतिवडा दिदीबहिनी अहिले म्युजिक भिडियो तथा विज्ञापनहरूमा समेत व्यस्त हुन थालेका छन् । उनीहरूमध्ये जेठी प्रिज्मा होटल म्यानेजमेन्टमा ब्याचलर्स गर्दैछिन् भने कान्छी प्रिन्सी डिप्लोमा इन एयरपोर्ट ग्राउन्ड अप्रेसनकी विद्यार्थी हुन् ।





### वर्षा शिवाकोटी

पछिल्लो पुस्ताकी चर्चित अभिनेत्री हुन्– वर्षा शिवाकोटी । चलचित्र 'नाइँ नभन्नु ल-२' बाट नेपाली सिने नगरीमा उदाएकी सीतापाइला, काठमाडौंकी वर्षाले अहिलेसम्म ८ वटा चलचित्रमा अभिनय गरिसकेकी छिन् । बीबीएसम्मको अध्ययन पूरा गरेकी ५ फिट ३ इन्च अग्ली वर्षा अभिनयसँगै सुन्दरताका कारण पनि सधैं चर्चामा रहन्छिन् । पिजे कलेक्सनको पहिरन तथा अम्बु रुचालको मेकअपमा खुलेकी वर्षाको ब्लोअप साप्ताहिकको वर्षको उत्कृष्ट ब्लोअपको चौथो स्थानमा पर्न सफल रह्यो । टाटेपाटे फूल टिसर्ट र हाफ जिन्स पाइन्टमा खिचिएको ठूलो तस्बिर र वान पिसको अर्को सानो तस्बिरसहित प्रकाशित उनको सुन्दर ब्लोअपले पाठकसँगै साप्ताहिकको सम्पादकीय टिमको समेत मन जित्यो ।
















## उकुषा गिरी

केही म्यागजिनको कभर गर्लका साथै केही विज्ञापनमा देखिएकी मोडल उकुषा गिरीको ब्लोअप पनि वर्षको उत्कृष्ट ब्लोअप बन्न सफल भयो। साप्ताहिकको २४ औं वर्षको अन्तिम अंकमा प्रकाशित उकुषाको फ्लोरियल लङ ड्रेस पिजेज कलेक्सन उपलब्ध गराएको थियो। उकुषाको सुन्दर अनुहारमा सुन्दरताको रंग थप्ने काम मेकअप आर्टिष्ट अम्बु रुचालले गरेकी थिइन्। साप्ताहिकको सम्पादकीय टिमको छनौटमा यो ब्लोअप छैटौं स्थानमा पऱ्यो। नयाँ बानेश्वर, काठमाडौंमा जन्मिएकी ५ फिट ६ इन्च अग्ली १९ वर्षीया उकुषा स्नातक अध्ययनरत छिन्।

## सेजल खड्का

विशालनगर काठमाडौंकी सेजल खड्काले साप्ताहिकमार्फत नै मोडलिङमा डेब्यु गरेकी हुन्। प्लस टु सकेकी ५ फिट ७ इन्च अग्ली सेजल १८ वर्षकी भइन्। उनको रुचि फिल्म, म्युजिक भिडियो तथा मोडलिङमा छ। सेजलको रेड लङ वान पिसमा गार्डेनको मेचमाथि पल्टिएको ब्लोअप साप्ताहिकको सम्पादकीय टिमको आँखामा पर्न सफल रह्यो। गोरो तथा आकर्षक अनुहारकी धनी सेजलको उक्त ब्लोअप साप्ताहिकको उत्कृष्ट ब्लोअपको सूचीको ७ औं स्थानमा छ।

## आँचल शर्मा

चाबहिल, काठमाडौंकी २१ वर्षीया आँचल शर्मा पछिल्लो पुस्ताकी चर्चित अभिनेत्री हुन्। गोरो अनुहार तथा आकर्षक जिउडालकी आँचल ५ फिट ५ इन्च अग्ली छिन्। सन् २०१६ मा 'नाइ न भन्नु ल-४' बाट सिने नगरीमा डेब्यु गरेकी आँचल सन् २०१५ की मिस प्लस टु पनि हुन्। ५ वटा चलचित्रमा अभिनय गरिसकेकी सोसल वर्ककी स्नातक आँचल खानपिनमा पनि उत्तिकै सौखिन छिन्। साप्ताहिकमा गत वर्ष प्रकाशित उनको ग्रन्च जिन्स पाइन्ट, ग्रन्च जिन्स ज्याकेट तथा कालो टिसर्टको ब्लोअप वर्षको उत्कृष्ट ब्लोअपको सूचीको १२ औं स्थानमा पर्न सफल भयो।




## मलिका महत

नेपाली चलचित्रमा गत वर्ष झन्डै एक दर्जन नयाँ अनुहारले डेब्यु गरे। तीमध्ये सम्भावना बोकेकी अभिनेत्री मलिका महतलाई पनि मानिएको छ। उनको डेब्यु चलचित्र 'यात्राः अ म्युजिकल ब्लग' हालै प्रदर्शनमा आएको छ। डेब्यु चलचित्रमै दृष्टिविहीन युवतीको भूमिकामा उनको दमदार अभिनयको चौतर्फी प्रशंसा भयो। काठमाडौंमा जन्मिएर यतै हुर्किएकी स्पाइसी फुडकी पारखी १९ वर्षीया मलिका स्नातक तहमा अध्ययनरत छिन्। ग्ल्यामरस लुक्सकी मलिकाको डाइनिङ पार्क रेस्टुराँ पुरानो बानेश्वरमा खिचिएको ब्लोअप साप्ताहिकको उत्कृष्ट ब्लोअपको सूचीको ८ औं स्थानमा छ।







## सुपुष्पा भट्ट

चलचित्र 'रणवीर'बाट नेपाली चलचित्रमा डेब्यु गरेकी हुन्– सुपुष्पा भट्ट। नौबीसे, धादिङकी हंसमुख भट्ट नियमित योग गर्छिन्। ५ फिट ८ इन्च अग्ली २२ वर्षीया सुपुष्पा सिए अध्ययनरत छिन्। अभिनय तथा नृत्यमा रुचि राख्ने भट्ट आगामी दिनमा पनि चलचित्रलाई निरन्तरता दिने सोचमा छिन्। सुपुष्पाको पिंक हुड, ब्ल्याक टाइट जिन्स तथा ब्ल्याकबुटसहितको ब्लोअप साप्ताहिकको छनौटमा ९ औं स्थानमा रह्यो।









## तमन्ना केसी

कान्तिपुर टेलिभिजन तथा कार्टुन्ज क्रूको युट्युब च्यानलबाट प्रसारण भैरहेको वेब सिरिज 'यु एन्ड आई' अहिले लोकप्रियताको शिखर उक्लँदैछ। यहि सिरिजबाट अभिनय क्षेत्रमा पदार्पण गर्ने अभिनेत्री हुन्– तमन्ना केसी। पनौती स्थायी बसोबास भएकी २१ वर्षीया तमन्ना ५ फिट ३ इन्च अग्ली छिन्। एक्टिङ र डान्समा रुचि राख्ने केसी चलचित्रमा भविष्य बनाउन चाहन्छिन्। चलचित्र 'तिमी जहाँ जहाँ' र 'जानी नजानी' मा सानोतिनो भूमिकामा देखा परिसकेकी तमन्ना ठूलो ब्यानरमा अवसरको पर्खाइमा छिन्। तमन्नाको ब्लोअप साप्ताहिकको उत्कृष्ट १२ ब्लोअपको छनौटमा ११ औं स्थानमा छ।



## विशाखा पाण्डे

महाकांल, बौद्धकी १८ वर्षीया विशाखा पाण्डे मोडलिङ, डान्स, म्युजिक तथा ट्राभलिङकी सौखिन हुन्। केही फेसन शो एवं विज्ञापनमा समेत देखिइसकेकी पाण्डे ग्ल्यामरस क्षेत्रमा भविष्य बनाउन चाहन्छिन्। इटालियन फुडकी पारखी ५ फिट ४ इन्च अग्ली १८ वर्षीया विशाखाले प्लस टुसम्मको अध्ययन पूरा गरिसकेकी छिन्। विशाखाको छिरमिरे सर्ट र हाफ जिन्स पाइन्ट लगाएर सोफामा पल्टिरहेको ब्लोअप निकै रुचाइएको थियो। रिफ रेस्टुराँ एन्ड लाउन्ज बार, ठमेलमा खिचिएको उक्त ब्लोअप साप्ताहिकको टिमको उत्कृष्ट ब्लोअपको सूचीको १० औं स्थानमा छ।



सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक

# मिस नेपाल



# -२०१९ का विजेताहरू




तस्बिर : महेश प्रधान
लोकेसन : युनएन पार्क, शंखमूल
पहिरन : वुमन्स प्लानेट, घण्टाघर, काठमाडौं
संयोजन : कृष्ण भट्टराई

Log on to :
facebook
www.facebook.com\kantipursaptahik



# सिल्भर जुब्ली संस्करणको मिस नेपाल



रोजिन शाक्य

'हामीले आफ्नो अधिकार र स्वतन्त्रतामा मात्र केन्द्रित हुनुको साटो यदि हामी आफ्नो कर्तव्य र जिम्मेवारीमा केन्द्रित भयौं भने हामीले यो विश्वलाई अझ राम्रो बनाउन सक्छौं, यो विषयमा तपाईंको विचार के छ ? भन्ने निर्णायक प्रश्नको सबैभन्दा उत्कृष्ट उत्तर दिएसँगै प्रतियोगी नम्बर-६ काठमाडौंकी २३ वर्षीया अनुष्का श्रेष्ठले नयाँ मिस नेपाल वर्ल्ड-२०१९ बन्ने गौरव प्राप्त गरिन् । मे ९ तारिख अर्थात् वैशाख २६ गते बिहीबार सिल्भर जुब्ली संस्करणको मिस नेपालको ग्रान्ड फिनालेमा गत वर्षकी विजेता श्रृङ्खला खतिवडाको उत्तराधिकारीका रूपमा मिस नेपाल वर्ल्ड-२०१९ छानिएकी अनुष्काले प्रतियोगितामा द काठमान्डु पोस्ट मिस इन्टिलेक्चुयल तथा यामाहा फेस अफ फासिनोको एवार्डसमेत आफ्नो नाममा सुरक्षित गरिन् । अनुष्का मिस नेपाल ओसियाना-२०१८ पनि हुन् ।

प्रतियोगितामा काठमाडौंकी २३ वर्षीया प्रदिप्ता अधिकारीले मिस नेपाल युनिभर्स-२०१९ को उपाधि जितेकी थिइन् । उनलाई मिस नेपाल युनिभर्स-२०१८ मनिता देवकोटाले ताज पहिर्‍याइदिएकी थिइन् । मिस नेपाल युनिभर्स-२०१९ को उपाधिसँगै प्रदिप्ता प्रतियोगितामा गोल्डस्टार मिस एथ्लिट तथा एनम्याग मिस ट्यालेन्ट अवार्ड विजेता पनि भइन् । मिस नेपाल अर्थ-२०१९ को उपाधि जित्न सफल भइन्– काठमाडौंकी २३ वर्षीया रिया बस्नेत । उनलाई गत वर्षकी मिस नेपाल अर्थ प्रिया सिग्देलले विजेताको ताज पहिर्‍याइदिएकी थिइन् । रिया बिआइपी मिस पपुलर च्वाइससमेत घोषित भएकी थिइन् ।

प्रतियोगितामा मिस नेपाल इन्टरनेसनल-२०१९ छानिइन्– भक्तपुरकी २३ वर्षीया मीरा कक्षपती । उनलाई गत वर्षकी मिस नेपाल इन्टरनेसनल रोनाली अमात्यले ताज पहिर्‍याइदिएकी थिइन् । मीराले लिभन मिस ब्युटीफुल हेयरको उपाधिसमेत प्राप्त गरिन् । यसैगरी काठमाडौंकी २१ वर्षीया रोज लामा मिस नेपाल सुप्रानेसनल-२०१९ की विजेता भइन् । उनले गत वर्षकी मिस नेपाल सुप्रानेसनल महिमा सिंहबाट विजेताको ताज पहिरिन् । रोजले क्रिएटिभ डी स्टुडियो मिस फोटोजेनिक तथा बर्जर मिस ग्ल्यामरको एवार्डमा पनि बाजी मारिन् । यी विजेताहरूले २०१९ को संस्करणको मिस युनिभर्स, मिस अर्थ, मिस इन्टरनेसनल तथा मिस सुप्रानेसनलमा नेपालको प्रतिनिधित्व गर्नेछन् ।

सन् १९९४ सेप्टेम्बर २० मा प्रज्ञा भवनको डबलीबाट प्रारम्भ भएको मिस नेपालले यो वर्ष अर्थात् सन् २०१९ मे ९ तारिखमा आइपुग्दा २५ वर्ष पूरा गरेको छ । मिस नेपाल आयोजनाको रजत जयन्ती वर्ष भएकाले यो वर्षको मिस नेपाल आयोजनाको तयारी, मेकिङ तथा प्रस्तुतीकरण विगतको तुलनामा केही फरक रह्यो ।

## आयोजना स्थल

मिस नेपाल आयोजनाको रजत जयन्ती वर्ष भएकाले यो वर्षको मिस नेपाल बिलकुलै नयाँ ठाउँमा सञ्चालन गरियो । यसअघिका वर्षहरूमा काठमाडौंको कमलादीस्थित प्रज्ञा भवन, नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मलेन केन्द्र, सुन्धारास्थित आर्मी अफिसर्स क्लब तथा दरबारमार्गस्थित होटल डेला अन्नपूर्णको प्रांगण मिस नेपालका विभिन्न संस्करण सम्पन्न गरिएका थिए । यस पटकको ग्रान्ड फिनालेको गन्तव्य थियो– कीर्तिपुरस्थित ल्याबोरेटरी उच्च माध्यमिक विद्यालयको प्रांगण । विशेष निमन्त्रणा, मिडियाबाहेक यस पटकको ग्रान्ड फिनाले अवलोकनका लागि ३ हजार तथा २ हजारका दुई थरी प्रवेश शुल्क राखिएको थियो ।

## हाइटेकको उपयोग

मिस नेपालको अघिल्लो संस्करणका तुलनामा यस पटकको संस्करणमा सञ्चार प्रविधिको व्यापक प्रयोग देख्न पाइयो । टिकटकै लागि मोबाइल बैंकिङ र ई-सेवाको प्रयोग गरियो भने लिभन मिस ब्युटिफुल हेयर-२०१९ छनौटका लागि लिभन लाइफ एपमार्फत भोटिङको व्यवस्था गरिएको थियो । बिआइपी मिस पपुलर च्वाइस-२०१९ छनौटका लागि बीआइपी मेसेजिङ एप मार्फत् भोटिङ गर्नुपर्ने व्यवस्था गरिएको थियो । यसैगरी बर्जर मिस ग्ल्यामर-२०१९ को छनौटमा फेसबुक पेजमार्फत लाइक, सेयर तथा कमेन्ट्सका आधारमा भोटिङ गर्ने व्यवस्था मिलाइएको थियो । यसैगरी फेस अफ फासिनो एवार्डको छनौटमा पनि फेसबुक पेज मार्फत् लाइक, शेयर तथा कमेन्ट्सका आधारमा भोटिङ गर्ने व्यवस्था गरिएको थियो ।

## यसरी सञ्चालन भयो ग्रान्ड फिनाले

गत बिहीबार घडीको सुईले साँझ साढे ७ बजेको संकेत दिएसँगै कीर्तिपुरस्थित ल्याबोरेटरी उच्च माध्यमिक विद्यालयको प्रांगणमा सजाइएको मञ्चमाथिको मुख्य एलइडी ब्याकड्रपमा मिस नेपाल प्रतियोगिताको थालनी देखि हालसम्मको मुख्य अंशलाई समेटेर तयार पारिएको श्रव्य दृष्य प्रस्तुत भयो । त्यसलगत्तै वर्ष २०१८ सम्मका मिस नेपालहरू स्टेजमा देखा परे । जसमा पूर्व मिस नेपालहरू उषा खड्गी, माल्भिका सुब्बा, सुगरिका के.सी., जेनिशा मोक्तान, सदिक्षा श्रेष्ठ, मलिना जोशी, ईशानी श्रेष्ठ, इभाना मानन्धर, अश्मि श्रेष्ठ तथा श्रृङ्खला खतिवडा थिए ।

पहिलो चरणमा डिजाइनर सुष्मा सिंहले तयार पारेको सुनौलो रंगको वन् पिस नी लेन्थमा सजिएका मिस नेपाल-२०१९ का २५ जना प्रतिस्पर्धी मञ्चमा ६-६ जनाको सेटमा देखिए । एलइडी ब्याकड्रप दौडिएको आ-आफ्नो दृश्य तथा पृष्ठभूमिमा सुनिएको प्रि-रिकर्डेड परिचयात्मक कन्टेन्टसँगै सबै जना प्रतिस्पर्धीले आकर्षक हावभाव प्रस्तुत गरे । दोस्रो चरणमा सहभागिहरूले आफूलाई नटराज बुटिकले तयार पारेको सिंगल शेडका मनमोहक साडीमा प्रस्तुत गरे । त्यसपछि मिस नेपालको ग्रान्ड फिनाले पूर्व सञ्चालित विभिन्न प्रतिस्पर्धा तथा प्रि-जजिङको मूल्यांकनका आधारमा उत्कृष्ट १४ को घोषणा गरियो ।

उत्कृष्ट १४ मा सोफिया भुजेल, रोज लामा, रक्षा उप्रेती, शुभेच्छा अधिकारी, नितिका कर्माचार्य, जेनी महर्जन, शिवानी घिमिरे, प्रथा अधिकारी, अनुष्का श्रेष्ठ, प्रदिप्ता अधिकारी, निशा पाठक, मीरा कर्माचार्य, नेन्सी बोगटी तथा रिया बस्नेत परेका थिए । त्यसपछि उनीहरूसित पालैपालो मौखिक प्रश्नोत्तर राउन्ड सञ्चालन भयो ।

प्रतियोगिताको अन्तिम चरणमा उत्कृष्ट सात फाइनलिस्टको नाम घोषणा गरियो, जसमा टप सेभेन सुन्दरीहरू डिजाइनर मनिश राईले तयार पारेको सुन्दर तथा आकर्षक डिजाइनको इभिनिङ गाउनमा प्रस्तुत भए । कार्यक्रमको प्रमुख निर्णायक इला शर्माको निर्णायक प्रश्नको सामना गर्न चयन भएका सुन्दरीहरूमा अनुष्का श्रेष्ठ, रक्षा उप्रेती, रोज लामा, प्रदिप्ता अधिकारी, सोफिया भुजेल, रिया बस्नेत तथा मीरा कक्षपति रहे । हरेक सुन्दरीले पालैपालो निर्णायक प्रश्नको मौखिक उत्तर दिए । उनीहरूले दिएको उत्तरकै आधारमा अन्ततः मिस नेपाल-२०१९ को घोषणा गरियो । राति करिब पौने ११ सम्म चलेको यो प्रतियोगिताका उत्कृष्ट पाँच ताजधारीमध्ये अनुष्का, प्रदिप्ता र रोजले दुई-दुईवटा सब-टाइटल पनि प्राप्त गरे भने रिया र मीराले एक-एकवटा सबटाइटल आफ्नो नाममा सुरक्षित गरे । समग्रमा १२ वटा सबटाइटल रहेको फाइनलमा अन्य सब टाइटलमध्ये निशा पाठक मिस कन्फिडेन्ट, नितिका कर्माचार्य ब्युटि विथ पर्पस, न्यान्सी बोगटी मिस फ्रेन्डसिप तथा जेनी महर्जन मिस बेस्ट नेचुरल स्किन एवार्डको हकदार भए ।

# राम्रो गरेर जित्ने कुरामा विश्वास गर्छु



● अनुष्का श्रेष्ठ, मिस नेपाल वर्ल्ड-२०१९

मिस नेपाल वर्ल्ड-२०१९ को उपाधि विजेता अनुष्का श्रेष्ठ काठमाडौंकी स्थानीय बासिन्दा हुन् । विगत पाँच वर्षदेखि अस्ट्रेलियामा बसोबास गर्दै आएकी अनुष्का मिस नेपालमा सहभागिता जनाउनकै लागि काठमाडौं आएकी थिइन् । ५ फिट ५ इन्च अग्ली २३ वर्षीया अनुष्काले मिस नेपालको उपाधिसँगै आगामी डिसेम्बरमा थाइल्यान्डमा आयोजना हुने मिस वर्ल्ड-२०१९ मा नेपालको प्रतिनिधित्व गर्ने अवसरसमेत पाएकी छिन् । प्रतियोगितामा उनले यमाहा मिस फेसिनाको उपाधिसमेत जितेकी थिइन् । ग्रान्ड फिनालेको केही दिनपछि अनुष्काले साप्ताहिकका कृष्ण भट्टराईसँग गरेको कुराकानी :

**मिस वर्ल्ड नेपाल-२०१९ को उपाधिलाई कसरी इन्जोय गरिरहनुभएको छ ?**

असाध्यै खुसी छु । काँधमा ठूलो जिम्मेवारी आएको महसुस गरिरहेकी छु । नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा सशक्त ढंगले प्रतिनिधित्व गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी वहन गर्न आफूलाई तयार पार्दैछु ।

**उपाधि प्राप्तिपछिका दिन कसरी बितिरहेका छन् ?**

६ हप्ताको व्यस्त सेड्युल अत्यन्त हेक्टिक थियो । अस्ट्रेलियाबाट काठमाडौं आएपछि सोझै मिस नेपालको प्रशिक्षणमा सक्रिय भएकाले साथीभाइ, नाता-गोता कसैसँग भेट भएको थिएन । पछिल्ला दुई-चार दिन सञ्चारमाध्यमलाई अन्तर्वार्ता दिन तथा भेटघाटमै बितिरहेको छ ।

**अस्ट्रेलियाबाट जुन उद्देश्यले आउनुभएको थियो, त्यो त पूरा भयो नि, होइन ?**

मेरा लागि त्यहाँको जागिरे जीवनलाई त्यागेर आफ्नो देश फर्किएर एउटा ठूलो प्रतियोगितामा सहभागिता जनाउने कदम नै ठूलो थियो । कुनै पनि प्रतियोगितामा सहभागिता जनाएपछि सफल हुने अपेक्षा हरेकको हुन्छ, मेरो पनि थियो । आफूले चिताएको कुरा पूरा भएकोमा अत्यन्त खुसी छु ।

**प्रशिक्षणका क्रममा के कुरामा बढी ध्यान दिनुभएको थियो ?**

म सधैं सिक्नका लागि तयार थिएँ । प्रशिक्षणको पहिलो दिन नै हामी सबैलाई आफूमा भएको इगो र एट्टिच्युट हटाउनु भनिएको थियो, मैले त्यही गरें । कामप्रतिको लगावलाई मूल मन्त्र बनाएकी थिएँ ।

**त्यसक्रममा बिर्सनै नसक्ने गरी सिकेको कुरा के रह्यो ?**

आँट....आँट भन्ने कुरा आफैंले गर्नुपर्ने रहेछ भन्ने सिकें । त्यसबाहेक सेल्फ म्यानेज्मेन्ट गर्नुपर्ने अर्को महत्वपूर्ण कुरा सिकें । तेस्रो कुरा समयलाई कसरी व्यवस्थापन गर्नुपर्ने रहेछ भन्ने जानें । हामीले २४ घण्टा भित्र के-के गर्न सक्ने रहेछौं भन्ने कुरा मलाई थाहा थिएन । हामीले चाहयौं भने छोटो समयमै पनि धेरै काम गर्न सक्ने रहेछौं भन्ने कुरा यही प्रशिक्षणका क्रममा थाहा पाएँ । आफ्नो समयको सदुपयोग गर्न सके हरेक व्यक्ति हरेक क्षेत्रमा सफल हुन सक्छ भन्ने गुरुमन्त्र पनि सिकें ।

**ग्रान्ड फिनालेको दिनको तयारी कस्तो थियो ?**

आयोजक द हिडन ट्रेजरका सदस्य सुवर्ण क्षेत्रीले ग्रान्ड फिनालेको दिन बिहान हामी सबैलाई एउटा गुरुमन्त्र दिनुभएको थियो- 'म यसलाई हराएर जित्छु भन्ने नसोच, केवल म जित्छु भन्ने मात्र सोच ।' मैले त्यही कुरा मनमा लिएँ र त्यसैलाई मूलमन्त्र बनाएर ग्रान्ड फिनालेमा सहभागी भएँ । त्यही मन्त्रले पनि मलाई विजयी हुन सहयोग पुऱ्याएजस्तो लागिरहेको छ ।

**मिस नेपाल वर्ल्डको उपाधिसँगै मिस वर्ल्ड-२०१९ को तयारी कहिलेदेखि थाल्दै हुनुहुन्छ ?**

यसपटकको मिस वर्ल्ड-२०१९ डिसेम्बर ७ का दिन थाइल्यान्डमा हुँदैछ । मिस नेपाल वर्ल्डका रूपमा नेपालको प्रतिनिधित्व गर्दै त्यहाँ सहभागिता जनाउन सामान्य तयारी त प्रारम्भ गरिसकेकी छु । त्यसका लागि सर्वप्रथम अघिल्लो वर्षकी मिस वर्ल्ड नेपाल श्रृंखला खतिवडासँग धेरैभन्दा धेरै जानकारी लिइरहेकी छु । उहाँले मिस वर्ल्डको मुख्य प्रतिस्पर्धा ब्युटी विद द पर्पस हुनेछ भन्नुभएको छ । मैले उक्त प्रोजेक्टलाई उत्कृष्ट बनाउने विषयमा रिसर्च थालिसकेकी छु । त्यसबाहेक अर्को सातादेखि हिडन ट्रेजरले तालिका नै बनाएर हाम्रा लागि ग्रुमिङ क्लास सञ्चालन गर्दैछ । पहिरन, नृत्य तथा ट्यालेन्ट शोमा प्रस्तुत गरिने सामग्रीहरू त्यसपछि तयार पार्नेछु ।

**ब्युटी विद द पर्पसका लागि के गर्ने योजना छ ?**

म लामो समय विदेशमा बसेर स्वदेश फर्किएकी हुँ । अहिले पनि प्रत्येक वर्ष लाखौं युवा-युवतीहरू अध्ययनका लागि विदेश जानै पर्ने बाध्यता छ । धेरैभन्दा धेरै नेपाली विदेशमा रहँदा नेपालमा बस्ने नेपाली तथा विदेशमा बस्ने नेपालीहरूबीच एक प्रकारको दूरी बढेको अनुभव गर्दैछु । म आफ्नो प्रोजेक्टमार्फत विदेशमा बस्ने नेपालीको नेपालप्रतिको माया-प्रेमलाई झल्काउने मात्र छैन, अहिले बढिरहेको दुरीलाई घटाउने प्रयास समेत गर्नेछु ।

**अस्ट्रेलियामै छँदा मिस नेपाल ओसियाना पनि जित्नुभएको रहेछ ?**

हो, गत वर्षको डिसेम्बरमा अस्ट्रेलियामा सम्पन्न उक्त प्रतियोगितामा मैले सहभागिता जनाएर उपाधि नै जितेकी थिएँ । त्यही उपाधिले मलाई मिस नेपाल वर्ल्ड-२०१९ सम्म ल्याइपुऱ्याएको हो ।

**मोडलिङमा रुचि नै नभएको व्यक्तिले पहिलो प्रयासमै कसरी सफलता पाउनुभयो ?**

मैले भने नि, मेरो मेहनत र प्यासनले नै मलाई सफल बनाएको हो । मलाई त राम्रोसँग हिँड्न समेत आउँदैनथ्यो । मेरो घर परिवार तथा साथीभाइहरूले म हिँडेको बलिउडका अभिनेता सञ्जय दत्त हिँडेजस्तो लाग्छ भनेर जिस्क्याउनुहुन्थ्यो । यद्यपि, प्रशिक्षणले मेरो हिंडाइमा मात्र होइन, धेरै कुरामा सुधार ल्याइदियो । सिक्यो भने के हुँदो रहेनछ भन्ने कुराको ज्वलन्त उदाहरण म स्वयं हुँ । मिस नेपाल वर्ल्डको ग्रान्ड फिनालेमा मेरो क्याटवाक देखेर मेरै परिवारका सदस्यहरू दंग पर्नुभएको थियो ।

**मिस नेपालको कार्यकालपछि पुनः अस्ट्रेलिया फर्कने कि नफर्कने ?**

मैले स्नातक तहसम्मको अध्ययन मात्र पूरा गरेकी छु । एमबीए गर्नै बाँकी छ । मलाई अस्ट्रेलियाको शिक्षा मन पर्छ । त्यसैले अध्ययन पूरा गर्न मात्र भए पनि अस्ट्रेलिया फर्कन्छु ।

**तपाई कत्तिकी राम्री ?**

मलाई देखेर मानिसहरू खुसी हुन्छन् जस्तो लाग्छ । अहिले तपाई पनि मलाई हेरेर मुस्कुराइरहनुभएको छ । त्यसैले म राम्री नै छु जस्तो लाग्छ । वास्तवमा म बाहिरबाट हेर्दा राम्री छु भन्दा पनि म भित्रबाट आउने भाइब्स राम्रो छ ।

**आफूमा सुधार गर्नुपर्ने कुरा के देख्नु हुन्छ ?**

सुधार्नुपर्ने कुरा त धेरै छन् । पहिलो कुरा त म खुसी हुन सिक्दैछु । कुनै पनि काम गर्ने क्रममा अझ बढी गर्न सकिन्थ्यो कि भनेर पछुताउने बानी छ, त्यसलाई पनि सुधार्नुपर्नेछ ।

**चलचित्रमा आउने सम्भावना कत्तिको छ ?**

चलचित्रमा आउने सम्भावना छँदै छैन भन्दा फरक नपर्ला ।

**के कुरामा रिस उठ्छ ?**

मलाई बोली र व्यवहारमा तालमेल नहुने व्यक्तिहरूसँग रिस उठ्छ । त्यस्तो हुँदा कहिलेकाहीं आफैंसँग पनि रिस उठ्छ । त्यसबाहेक समयको उचित व्यवस्थापन नगर्नेहरूसँग पनि रिस उठ्छ ।

**अघिल्ला मिस नेपालमध्ये कोबाट बढी प्रभावित हुनुहुन्छ ?**

प्रायः सबै मिस नेपालले आ-आफ्नो ठाउँबाट राम्रो गर्नु भएको छ । म चाहिँ मिस नेपाल-२०१८ श्रृंखला खतिवडाबाट अत्यन्त प्रभावित छु ।

**अन्त्यमा, मिस वर्ल्ड-२०१९ मा तपाईबाट कस्तो आशा गर्न सकिएला ?**

आशामै त संसार टिकेका छ । आशा त गर्नैपर्‍यो नि । यद्यपि, म पुनः एकपटक के भन्छु भने म कसैलाई बिट गरेर जित्ने कुरामा भन्दा राम्रो पर्फमेन्स दिएर जित्ने कुरामा विश्वास गर्छु ।

# आत्मविश्वासकै कारण सफल भएकी हुँ

बत्तीसपुतली, काठमाडौंकी स्थायी बासिन्दा प्रदिप्ता अधिकारीले मिस नेपाल वर्ल्ड-२०१९ मा मिस नेपाल युनिभर्स-२०१९ को उपाधि जितेकी छिन् । नेप्लिज आर्मी इन्स्टिच्युट अफ हेल्थ साइन्सेसमा एमबीबीएस तेस्रो वर्षमा अध्ययनरत प्रदिप्ताले उपाधिसँगै मिस युनिभर्स-२०१९ मा नेपालको प्रतिनिधित्व गर्ने मौका पाएकी छिन् ।

**मिस नेपाल युनिभर्सको उपाधि जितेपछिको अनुभव कस्तो रह्यो ?**

यतिबेला म अत्यन्त खुसी छु । आफूले जुन उद्देश्य लिएर प्रतियोगितामा सहभागिता जनाएकी थिएँ, त्यो पूरा भएकोमा उत्साहितसमेत छु ।

**प्रतिस्पर्धा कत्तिको टफ रह्यो ?**

मैले सोचेभन्दा बढी टप रह्यो । हामी पच्चीसै जना प्रतिस्पर्धी योग्य थियौं । सबैमा केही न केही विशेषता थियो । हामी अलग-अलग क्षेत्रको प्रतिनिधित्व गर्दै प्रतिस्पर्धामा आएकाले सबैमा आफ्नै प्रकारका खुबी थिए । त्यसकारण पनि यो प्रतिस्पर्धा अत्यन्त रोचक रह्यो ।

**प्रशिक्षणको अवधिलाई कसरी सम्झनुहुन्छ ?**

मिस नेपालको सबैभन्दा आकर्षक पक्ष भनेकै यसको प्रशिक्षण हो । ६ हप्ता लामो प्रशिक्षणले हामीलाई जीवनभर काम लाग्ने कुरा सिकाएको छ । सबैभन्दा महत्वपूर्ण कुरा त उक्त प्रशिक्षणले हामीमा आत्मविश्वास जगाउन ठूलो भूमिका निर्वाह गऱ्यो । साथीहरूसँग कसरी मिलेर बस्ने, दुःख परेका बेला पनि कसरी हाँसी-हाँसी अघि बढ्ने जस्ता कुराले मेरो जीवन नै परिवर्तन गराएको अनुभव गररेकी छु ।

**मिस नेपालका पाँच उपाधिमध्ये तपाईंको लक्ष्य कुन थियो ?**

आयोजक संस्थाले मिस नेपालका पाँचवटै उपाधि उत्तिकै महत्वपूर्ण भएको बताइसकेको छ । त्यसैले मैले जितेको उपाधिप्रति म सन्तुष्ट छु । यद्यपि, मेरो लक्ष्यचाहिं मिस नेपाल वर्ल्ड थियो, तर मिस नेपाल युनिभर्सलाई पनि मैले उत्तिकै महत्वका साथ ग्रहण गरेकी छु ।

**मिस युनिभर्स-२०१९ को तयारी प्रारम्भ भैसकेको हो ?**

करिब-करिब प्रारम्भ भैसकेको छ भन्दा फरक पर्दैन । उक्त प्रतियोगिताका लागि मैले विभिन्न प्रकारका रिसर्च थालिसकेकी छु । त्यसका लागि म स्वास्थ्यसँग सम्बन्धित प्रोजेक्टमा काम गरिरहेकी छु । गर्भवती महिला तथा नवजात शिशुको मृत्युदर घटाउने अभियानको थालनी गर्दैछु । सानो जनचेतनाबाटै हामी बाल-मृत्युदर घटाउन सक्छौं भन्ने कुरालाई जिल्ला-जिल्लामा पुगेर जानकारी गराउने तयारी गरिरहेकी छु ।

**मिस युनिभर्स-२०१९ मा तपाईंबाट कस्तो आशा राख्न सकिएला ?**

उक्त प्रतियोगितामा नेपालको राष्ट्रिय झन्डा फहराउँदै नेपाललाई अहिलेसम्मकै उत्कृष्ट उपलब्धि दिलाउने प्रयास गर्नेछु ।

**मिस नेपालमा तपाईंलाई कुन कुराले सफल बनाएजस्तो लाग्छ ?**

मैले इमान्दारितापूर्वक देखेको सपना, त्यो सपनालाई पूरा गर्ने गहिरो आत्मविश्वास तथा कडा परिश्रमले नै मलाई सफल बनाएको हुनुपर्छ ।

**तपाई मेडिकलकी विद्यार्थी सौन्दर्य प्रतियोगितामा कसरी रुचि जाग्यो ?**

म सानैदेखि वादविवाद प्रतियोगिताकी राम्री प्रतिस्पर्धी रहँदै आएकी थिएँ । विद्यालयमै छँदा मैले नेपालको प्रतिनिधित्व गर्दै थाइल्यान्ड, सिंगापुर, नेदरल्यान्डजस्ता देश पुगेर अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धामा सहभागिता जनाइसकेकी थिएँ । त्यही प्रेरणाले मलाई मिस नेपाल मेरा लागि उपयुक्त हुन्छ भन्ने लागेर सहभागिता जनाएकी थिएँ । मेडिकलकी छात्रा सौन्दर्य प्रतियोगितामा सहभागिता जनाएर सफल हुनुलाई धेरैले राम्रो मानेका छन् ।

**एक वर्षपछिको तपाईंको यात्रा कसरी अघि बढ्नेछ ?**

मेरो भविष्य स्वास्थ्य क्षेत्रकै वरिपरि घुम्नेछ । अर्को वर्ष म एमबीबीएसको चौथो वर्षमा हुनेछु । एमबीबीएस तथा एमडीको अध्ययन पूरा गरेपछि स्वास्थ्यकर्मीका रूपमा सक्रिय हुनेछु । भविष्यमा चाहिं विश्व स्वास्थ्य संगठनको उच्च पदमा पुगेर नेपालको नाम अझ उचाइमा पुऱ्याउने प्रयास गर्नेछु ।

**कत्तिको राम्री हुनुहुन्छ ?**

ठीकै छु । भनिन्छ नि, फूलको आँखामा फूलै संसार...मलाई हेर्ने व्यक्तिले कुन नजरले हेर्छ, मेरो सौन्दर्य त्यसमै निर्भर गर्छ ।

**परिवारमा को-को हुनुहुन्छ ?**

बुवा, आमा, दाजु, भाउजू, भदासहितको परिवारमा रमाइरहेकी छु ।

**चलचित्रमा आउने सम्भावना कत्तिको छ ?**


चलचित्र मेरो रुचि र रहरको क्षेत्र होइन, त्यसैले अभिनयमा आउने सम्भावना छैन ।

**तपाईंका रुचिका क्षेत्र के-के हुन् ?**

म पूर्वनेसनल डिबेटर रहिसकेकी छु । मलाई नृत्य, योग तथा यात्रामा रुचि छ ।

**तपाईंको सकारात्मक पक्ष ?**

अनुशासन तथा स्पष्ट धारणा नै मेरा सकारात्मक पक्ष हुन् ।



● प्रदिप्ता अधिकारी, मिस नेपाल युनिभर्स-२०१९



● रिया बस्नेत, मिस नेपाल अर्थ-२०१९

# उत्कृष्ट देखाउनु छ

काठमाडौंकी २३ वर्षीया रिया बस्नेत मिस नेपाल-२०१९ मा मिस नेपाल अर्थ-२०१९ को उपाधि जित्न सफल भइन् । बीबीए उत्तीर्ण रिया ५ फिट ७ इन्च अग्लो छिन् । रियाले मिस अर्थ-२०१९ मा नेपाललाई प्रभावशाली ढंगले प्रतिनिधित्व गराउने लक्ष्य लिएकी छिन् । साप्ताहिकसंगको भेटमा रियाले आफ्नो सफलतालाई कडा मेहनतको परिणाम बताइन् :

**मिस नेपाल-२०१९ को समग्र अनुभव कस्तो रह्यो ?**

जीवनभरिकै सबैभन्दा उत्कृष्ट अनुभव नै यही रह्यो । खासगरी मिस नेपाल अर्थ-२०१९ को उपाधि जिति सकेपछिको क्षण मेरा लागि सदैव अविस्मरणीय रहनेछ ।

**उपाधि जितिसकेपछिको अनुभव कस्तो थियो ?**

ग्रान्ड फिनालेमा मिस नेपाल अर्थको उपाधि जितेपछिका तीन-चार दिन म शिरमा क्राउन लगाएर जब-जब ऐना हेर्थें, आफूमा धेरै नै परिवर्तन आएको अनुभव गर्थें । जति पटक ऐना हेऱ्यो, ममा उत्तिकै जिम्मेवारी थपिएको अनुभव हुन्थ्यो । पहिले मलाई रिया बस्नेतको नामले मात्र चिनिन्थ्यो, अब मानिसहरूले मलाई मिस नेपाल अर्थ रिया बस्नेतको नामले चिन्नु हुन्छ भन्ने कुरा सम्झेर म रोमाञ्चित हुन्छु । आफूमा देश र देशवासीकै जिम्मेवारी थपिएको महसुस गरिरहेकी छु ।

**उपाधिप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

म शतप्रतिशत सन्तुष्ट छु, किनभने मिस नेपालका पाँचवटै उपाधिको आ-आफ्नै महत्व छ । हामी पाँच जना मिस नेपाल विजेताका रूपमा छनौट भएकाले यो उपाधिप्रति असन्तुष्ट हुनुपर्ने कुनै कारण छैन ।

**मिस नेपालको सहभागिताले तपाईंमा के-कस्तो परिवर्तन ल्याएको छ ?**

ममा धेरै कुराको परिवर्तन आयो । मैले आफूलाई परिपक्व भएको महसुस गर्न थालेकी छु । विगतमा म आफ्नो आवाज सीमित वर्गसम्म मात्र पुऱ्याउन सक्थें, आज मेरो आवाज विश्वले सुन्न सक्ने अवस्था छ ।

**मिस नेपालको प्रशिक्षण कत्तिको उपलब्धिमूलक रह्यो ?**

अत्यन्त उपलब्धिमूलक रह्यो । प्रशिक्षणले मलाई 'बी योर सेल्फ' भन्ने कुरा सिकायो । आफू जस्तो छौ, त्यसमै रमाउन सिक भन्ने कुरा पनि सिकायो । त्यसबाहेक वर्क अन्डर प्रेसर अर्थात् दबाबमा कसरी काम गर्नुपर्छ भन्ने कुरा समेत सिकियो । समय व्यवस्थापनको विषयमा पनि धेरै कुरा सिक्ने मौका पाइयो ।

**तपाईंको लक्ष्य मिस नेपाल अर्थसम्मकै थियो कि त्योभन्दा माथि ?**

मेरो उचाइ ५ फिट ७ इन्च छ । यो उचाइ मिस युनिभर्सका लागि उपयुक्त मानिन्छ । मिस नेपालमा आउनु अघिदेखि नै मैले मिस नेपाल युनिभर्स मनिता देवकोटालाई फलो गरिरहेकी थिएँ । यस अर्थमा मैले मिस नेपाल युनिभर्सको उपाधि जित्नुपर्छ जस्तो लागेको थियो । यद्यपि, मिस नेपाल अर्थको उपाधिमा पनि म उत्तिकै खुसी छु ।

**मिस अर्थ-२०१९ को तयारी कसरी थाल्दै हुनुहुन्छ ?**

यसपटकको मिस अर्थ कहाँ र कहिले हुन्छ भन्ने निश्चित भैसकेको छैन । यद्यपि हरेक वर्ष फिलिपिन्समा भैरहेकाले यसपटक पनि त्यहीं हुने सम्भावना छ । उक्त प्रतियोगिताको तयारीका लागि पूर्व मिस नेपाल अर्थ प्रिया सिग्देलसँग धेरैभन्दा धेरै जानकारी हासिल गर्नेछु । उक्त प्रतियोगितामा क्लाइमेट चेन्जको इस्युले महत्व पाउँछ । नेपाल पनि जलवायु परिवर्तनको चपेटामा परेको छ । यही विषयमा आधारित भएर म मिस अर्थको तयारी थाल्ने छु ।

**परिवारमा को-को हुनुहुन्छ ?**

म संयुक्त परिवारमा जन्मिएकी-हुर्किएकी हुँ । म परिवारकी जेठी छोरी हुँ । मेरी बहिनी मभन्दा पाँच वर्ष कान्छी छिन् । बुवा पर्यटन क्षेत्रमा सक्रिय हुनुहुन्छ ।

**आफूलाई कत्तिको राम्री मान्नुहुन्छ ?**

म राम्री नै छु जस्तो लाग्छ । म त आफू वरपरका सबैलाई राम्रो नै देख्छु ।

**एक वर्षपछिको तपाईंको यात्रा कसरी अघि बढ्ने छ ?**

मिस नेपालमा नआएकी भए पनि मैले महिला उद्यमशीलताको क्षेत्रमा काम गर्ने लक्ष्य लिएकी थिएँ । यो प्रतियोगितामा आएर उपाधि नै जितिसकेपछि भविष्यमा यही क्षेत्रमा अझ शसक्त भएर काम गर्ने जोश बढेको छ ।

**चलचित्रमा आउने सम्भावना कत्तिको छ ?**

अभिनयमा खासै रुचि नभएका कारण मैले अहिले नै चलचित्रका बारेमा केही सोचेकी छैन । व्यवस्थापनकी छात्रा भएकाले मेरो झुकाव बिजनेजमै छ ।

# कुनै पनि कुराको टेन्सन लिन्नँ

भक्तपुरमा जन्मिएकी २३ वर्षीया मीरा कक्षपति मिस नेपाल इन्टरनेसनल-२०१९ की उपाधि विजेता हुन् । ५ फिट ४ इन्च अग्ली मीराले यो उपाधिसँगै अक्टोबर २५ मा जापानमा सञ्चालन हुने मिस इन्टरनेसनल-२०१९ मा नेपालको प्रतिनिधित्व गर्नेछिन् । साप्ताहिकसँगको भेटमा मीराले आफ्नो सफलताका बारेमा बेलिविस्तार लगाएकी छिन् ।

**मिस नेपाल इन्टरनेसनल-२०१९ को उपाधि जितेपछि तपाईंमा के-कस्तो परिवर्तन आयो ?**

मिस नेपालको ग्रान्ड फिनाले अघि म एमसी मीरा कक्षपतिको नामले मात्र चिनिन्थें, अहिले मेरो नामको अगाडि मिस नेपाल इन्टरनेसनल थपिएको छ । ममा आएको पहिलो परिवर्तन नै यही हो । यो उपाधिले आफू थप जिम्मेवार भएको अनुभव गर्न थालेकी छु ।

**यो उपलब्धिलाई कसरी ग्रहण गर्नुभयो ?**

ग्रान्ड फिनालेको दिन उपाधि ग्रहण गर्दा मैले टाइटल नै पाइसकें भन्ने कुरामा विश्वास नै गर्न सकिरहेकी थिइनँ । सबै कुरा अचानक नै भयो भन्ने लागिरहेको थियो । भोलिपल्ट नेपाल टेलिभिजनलाई दिएको अन्तर्वार्ताको एउटा क्लिप इन्स्टाग्रामको स्टोरीमा राखेकी थिएँ, त्यसमा आएको प्रतिक्रियापछि मात्र मैले त ठूलै उपलब्धि हासिल गरेकी रहेछु भन्ने अनुभव गरें ।

**के थियो त्यो क्लिपमा ?**

म मेडिटेसनकी छात्रा हुँ । करिब चार वर्षदेखि म ध्यान गरिरहेकी छु । उक्त क्लिपमा मैले नेपालमा विद्यालय तहदेखि नै विद्यार्थीहरूलाई मेडिटेसनको शिक्षा दिनुपर्छ । त्यसपछि मात्र देशले, समाजले जिम्मेवार नागरिक प्राप्त गर्न सक्छ भन्ने धारणा व्यक्त गरेकी थिएँ ।

**मेडिटेसनले वास्तवमै त्यस्तो परिवर्तन ल्याउँछ ?**

हामी हरेक व्यक्तिको दिमागमा विभिन्न प्रकारका विचार आउँछन् । विचारले भावना जन्माउँछ अनि भावनाले प्रतिक्रिया जनाउँछ । हामीले जनाउने प्रतिक्रियाहरूले हाम्रो चरित्रलाई दर्साउँछ । चरित्रले हामी कस्ता व्यक्ति हौं भन्ने जनाउँछ । मानिसले गर्ने अति नै राम्रो अथवा नराम्रो काम उसको चरित्रले निर्धारण गर्छ, त्यो उसको सोचमा भर पर्छ । सोचलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरा मेडिडेसनले निर्धारण गर्छ । यदि बाल्यकालदेखि नै मेडिटेसन गर्ने थाल्ने हो भने व्यक्ति ठूलो भैसकेपछि उसले कुनै पनि नराम्रो काम गर्न सक्दैन । उसले देशका लागि समेत राम्रो काम मात्र गर्छ । त्यसैले यो अति नै महत्वपूर्ण कुरा हो भन्ने मेरो बुझाइ छ ।

**भन्नाले अब तपाई यही विषयमा खुलेर अभियान सञ्चालन गर्नुहुनेछ ?**

मलाई पहिलेदेखि नै यो विषयमा काम गर्न मन थियो । मिस नेपालमा मैले पाएको सफलतासँगै मैले यो क्षेत्रमा अझ खुलेर काम गर्न सक्छु भन्ने विश्वास पलाएको छ । मिस नेपालको उपाधिले मलाई एउटा प्लेटफर्म दिएको छ ।

**तपाई आफूचाहिं ध्यानप्रति कसरी आकर्षित हुनुभयो ?**

चार वर्षअघि मलाई कसैले 'मीरा, लभ योर सेल्फ' भनेको थियो । त्यो भन्दा अघि मैले लभ योर सेल्फ भन्ने वाक्य सुनेकी थिइनँ । पहिलो पटक सुनेपछि म उक्त वाक्यप्रति यति आकर्षित भएँ कि ध्यान र मेडिटेसनलाई आफ्नो जीवनकै अंग बनाएँ ।

**लभ योर सेल्फलाई कसरी अर्थ्याउनुहुन्छ ?**

लभ योर सेल्फ भनेको जीवनकै महत्वपूर्ण पाटो हो । हामीमा जे जति कमजोरी छन्, त्यसलाई पनि माया गर्नुपर्ने रहेछ । पहिले ममा धेरै नकारात्मक सोच आउँथे, धेरै बोल्न नसक्ने थिएँ । कसैले मेरो मतलब गरिरहेको छैन जस्तो लाग्थ्यो । वास्तवमा धेरै नबोल्न पनि पाइने रहेछ । अरूले मतलब नगरेर के भयो त ? भन्ने कुरा महत्वपूर्ण रहेछ । आफूमा भएका कमी-कमजोरीलाई पनि स्वीकार गर्न सक्नुपर्ने रहेछ । अरुसँग तुलना गर्ने बानी आजैदेखि त्याग्नुपर्ने रहेछ । तुलना गर्ने हामी हरेकको बानी हुन्छ । यद्यपि त्यो बानीले कसैलाई फाइदा पुऱ्याउँदैन भन्ने कुरा बुझ्न अनिवार्य रहेछ । म अहिले कुनै पनि कुराको टेन्सन लिन्नँ । जे भैरहेको छ, त्यसलाई भैरहन दिन्छु । जीवन छोटो छ, पीर र चिन्ता गरेर यसलाई किन निरस बनाउने ?

**उपाधिसँगै कत्तिको खुसी हुनुहुन्छ ?**

म त अति खुसी छु । यो खुसी मिस इन्टरनेसनल-२०१९ को रंगमञ्चसम्म जारी रहनेछ । मिस इन्टरनेसनल प्रतियोगिताको नारा नै 'एम्बेसडर फर पिस, गुडविल एन्ड लभ' छ । उक्त नारा मेरो उद्देश्यसँग ठ्याक्कै मेल खाने भएकाले पनि म उत्साहित भएकी हुँ ।

**मिस इन्टरनेसनलको तयारी कसरी थाल्दै हुनुहुन्छ ?**

मानसिक रूपले त तयारी थालि नै सकें । सैद्धान्तिक रूपले भने अर्को हप्तादेखि प्रशिक्षण प्रारम्भ हुँदैछ ।

**उपाधि जितेपछिका दिन कसरी बिताउनुभयो ?**

छ हप्ता लामो प्रशिक्षणले हामीलाई एकोहोरो जस्तै बनाएको थियो । त्यसैले ग्रान्ड फिनालेपछिका केही दिन खाने र सुत्ने बाहेक अरु केही पनि गरिनँ । त्यसबीच साथीभाइ तथा परिवारसँग खुसीयाली साटासाट गरें । सञ्चारमाध्यमहरूलाई अन्तर्वार्ता दिएँ ।

**उपाधिप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

नढाँटि भन्ने हो भने मलाई त सुपरनेचुरलको उपाधि जित्ने मन थियो । पूर्व मिस नेपाल सुपरनेचुरल महिमा सिंहबाट उक्त प्रतियोगिताका बारेमा विभिन्न कुरा सुनेपछि मैले उक्त उपाधिलाई लक्ष्य बनाएकी थिएँ । यद्यपि, मिस नेपाल इन्टननेसनलको उपाधिले पनि मलाई उत्तिकै उत्साहित तुल्याएको छ ।

**प्रशिक्षणबाट के-के कुरा सिक्नुभयो ?**

सबैभन्दा महत्वपूर्ण कुरा समयको व्यवस्थापन गर्न सिकें । म अति नै ल्याइफ्याइ स्वभावकी थिएँ । बिहान ९ बजेसम्म सुत्ने बानी थियो । यो प्रशिक्षणले मलाई बिहान ५ बजे उठ्न मात्र होइन, निर्धारित समयभन्दा १५ मिनेट अघि नै पुग्ने बानी समेत बसायो ।

**तपाईंको भविष्यको लक्ष्य ?**

मलाई लाइभ कोच तथा मोटिभेसनल स्पिकर बन्ने मन छ । त्यसबाहेक ध्यान र जनचेतनाको क्षेत्रमा पनि काम गर्ने इच्छा छ । युवापुस्तालाई ध्यानको महत्वका बारेमा धेरै कुरा बुझाउने चाहना छ ।



● मीरा कक्षपति, मिस नेपाल इन्टरनेसनल-२०१९

# प्रेमको अपेक्षा गरेकी छु



● रोज लामा, मिस नेपाल सुपरनेचुरल-२०१९

करिब सात वर्षदेखि अमेरिकामा बसोबास गर्दै आएकी रोज लामा मिस नेपाल-२०१९ मा सहभागिता जनाउन काठमाडौं आएकी थिइन् । जोरपाटी, काठमाडौंकी स्थायी बासिन्दा रोज ५ फिट ६ इन्च अग्ली छिन् । मिस नेपाल-२०१९ मा मिस नेपाल सुपरनेचुरल-२०१९ को उपाधि जित्न सफल रोजले आफ्नो सफलताका बारेमा साप्ताहिकसँग खुलेर कुराकानी गरिन् ।

**अमेरिकाबाट नेपाल आएको उद्देश्य पूरा भयो होइन ?**

मेरो उद्देश्य आफ्नै देशमा फर्किएर केही नयाँ गरौं भन्ने थियो । त्यसका लागि मैले मिस नेपालको सहभागितालाई पहिलो प्राथमिकतामा राखेकी थिएँ । मिस नेपालको अडिसनबाटै बाहिरिएको भए पनि मैले केही वर्ष नेपालमै बसेर शिक्षाको क्षेत्रमा केही नयाँ काम गर्ने योजना बनाएकी थिएँ । मिस नेपालको सहभागिताले दिएको सफलताले मलाई आफ्नो उद्देश्य पूरा गर्न सजिलो भएको छ ।

**भन्नाले उपाधि जित्ने लक्ष्य बनाउनुभएको थिएन ?**

मेरो पहिलो उद्देश्य मिस नेपालमा भाग लिएर धेरै भन्दा धेरै कुरा सिक्नु नै थियो । उपाधि नै जित्नु भनेको मेरो मेहनतले पाएको सफलता हो ।

**मिस सुपरनेचुरल-२०१९ मा तपाईंको प्रस्तुति कस्तो रहला ?**

१० वर्षअघि पोल्यान्डमा प्रारम्भ भएको मिस सुपरनेचुरल विश्वकै तेस्रो महत्वपूर्ण सौन्दर्य प्रतियोगिताका रूपमा चिनिन्छ । नेपालले भने अघिल्लो वर्षदेखि मात्र यो प्रतियोगितामा प्रतिनिधित्व जनाउन थालेको छ । नेपालको प्रतिनिधिका रूपमा क्राउनिङ नै हुने प्रतियोगि भने म पहिलो हो । यसपटकको प्रतियोगिता डिसेम्बर ७ मा हुँदैछ । मैले त्यसका लागि आवश्यक तयारी प्रारम्भ गरिसकेकी छु ।

**उक्त प्रतियोगितामा के कुरालाई बढि प्राथमिकता दिइने रहेछ ?**

ग्रेस, नेचुरल ब्युटी तथा फेसनलाई प्राथमिकता दिइने रहेछ । आफ्नो ग्रेसलाई कसरी प्रस्तुत गर्ने, नेपालको नेचुरल ब्युटीलाई आफूमार्फत कसरी प्रस्तुत गर्ने तथा म कत्तिको फेसनेबल हुन सक्छु भन्ने कुरालाई ध्यान दिनुपर्ने रहेछ ।

**अमेरिकामा के गरिरहनुभएको छ ?**

म कक्षा ८ मा अध्ययनरतछँदै अमेरिका गएकी थिएँ । बुवा-आमा उतै बस्ने भएकाले पनि मैले त्यता जानुपरेको हो । म अहिले अन्डरग्राजुए विद्यार्थी हुँ । म इन्डस्ट्रियल डिजाइन तथा स्टुडियो आर्ट्समा स्नातक गरिरहेकी छु ।

**तपाईंको लक्ष्य मिस सुपरनेचुरल मात्र थियो कि त्यो भन्दा बढी ?**

मिस नेपालको प्रशिक्षणका क्रममा प्रतिस्पर्धी साथीहरूले मलाई मिस इन्टरनेसनलको दावेदार भनेर उत्साहित बनाउनुहुन्थ्यो । मिस इन्टरनेसनलमा सहभागिता जनाउने प्रतिस्पर्धी क्युट भएको राम्रो मानिने रहेछ । साथीहरूले मलाई क्युट भनेर जिस्काउँथे । साथीहरूकै उत्साहले मैले पनि आफूलाई मिस नेपाल इन्टरनेसनलकै रूपमा हेर्न थालेकी थिएँ । यद्यपि, भाग्यले मलाई मिस नेपाल सुपरनेचुरल बनाइदिएको छ । म यसमा पनि असाध्यै खुसी छु ।

**तपाई कति राम्री ?**

सबैले मलाई हिस्सी परेकी भन्नुहुन्छ, तर आफूलाई भने म त्यति राम्री लाग्दैन । मलाई सुन्दरताभन्दा पनि राम्रो व्यक्तित्व मन पर्छ ।

**मिस नेपालको प्रशिक्षणबाट के-के सिक्नुभयो ?**


धेरै उपलब्धिमूलक कुरा सिक्न पाएँ । कृषि, पर्यटन, आर्किटेक्ट, सौन्दर्यदेखि स्वास्थ्य क्षेत्रका विज्ञहरूले दिनुभएको प्रशिक्षण अति नै उपयोगी रहयो । प्रतिस्पर्धी साथीहरू पनि यूनिक हुनुहुन्थ्यो । म आर्टमा राम्रो गर्ने सक्ने प्रतिस्पर्धी थिएँ भने अर्को प्रतिस्पर्धी स्वास्थ्य क्षेत्रबाट हुनुहुन्थ्यो । यसरी हामी सबै प्रतिस्पर्धीमा आ-आफ्नै विशेषता थियो ।

**भविष्यको लक्ष्य के छ ?**

मैले अर्ग्यान थ्रिडी डिजाइनर बन्ने लक्ष्य लिएकी छु । मेरो पढाइको विषय पनि त्यही भएकाले तथा अहिले विश्वमा थ्रिडी प्रिन्टको प्रचलन प्रारम्भ भएकाले यही विधामा काम गर्न मन छ । यसका साथै मैले भविष्यमा सफल इन्डस्ट्रियल डिजाइनर तथा समाजसेवी बन्ने लक्ष्य लिएकी छु ।

# मिस नेपालको आलोचना, विरोध, धर्नाजस्ता गतिविधि किन हुन छाड्यो ?

केही वर्षअघि कम्युनिस्ट पार्टी निकट महिला संगठन, साहित्यकार तथा केही समाचोलक मिस नेपालजस्तो सौन्दर्य प्रतियोगिताको चर्को विरोध गर्थे । गत वर्षको मिस नेपालमा कम्युनिस्ट दम्पतीकी छोरी श्रृखंला खतिवडाले उपाधि हात पारेपछि यो विषयलाई लिएर सामाजिक सञ्जालमा ठूलै बहस चलेको थियो । ती बहसमा विरोधीहरूले सौन्दर्य प्रतियोगिता कुनै नराम्रो काम नभएको र यो समयको माग भएको स्वीकार गरेका थिए । यसलाई कतिपयले सामाजिक रुपान्तरणका रुपमा समेत लिएका छन् भने केही कम्युनिस्ट महिला नेतृले पुँजीवाद हाबी भएको र व्यापार तथा आम्दानीको स्रोत बनाइएकाले यसलाई नेपालको सन्दर्भमा स्वीकार गर्न नसकिने बताएका थिए । यद्यपि अहिले मिस नेपालको सन्दर्भमा विगतको जस्तो आलोचना, विरोध, धर्नाजस्ता गतिविधिहरु हुन छाडेका छन् । के मिस नेपालप्रति कम्युनिस्ट निकट महिला संगठन, केही साहित्यकार तथा समालोचकहरूको धारणामा परिवर्तन आएको हो ? कि विरोध गर्ने मुद्दा सकिएको हो ?



● खगेन्द्र संग्रौला, लेखक

मिस नेपाल चर्चा गर्न लायक विषय नै होइन । यो थोत्रो अनि पत्रु विषय हो । यो मिस नेपाल भनेको व्यापारीहरूले आफ्नो सामान बेच्ने विज्ञापनको धन्दा हो भन्ने दुनियाँलाई थाहा भैसकेको छ । त्यसैले यो छलफल गरिरहनुपर्ने विषय होइन । मिस नेपाल भनेको व्यापारीहरूको खाने धन्दा हो भन्ने थाहा भएपछि यसको आलोचना अनि विरोध गरिरहनु परेन । पहिलो यो मिस नेपाललाई ग्ल्यामरका रुपमा अगाडि सारियो । यसले महिलाको सशक्तीकरण गर्छ भन्ने जस्ता विभिन्न विषय ल्याएर एउटा रहस्यजस्तो बनाइएको थियो । त्यही कारणले यसको चर्चा भएको थियो, तर उक्त रहस्य तोडिएपछि यसको कुनै अर्थ रहेन । त्यसैले म मिस नेपालका विषयमा खासै टिप्पणी गर्न चाहन्नँ ।



● पम्फा भुषाल, नेतृ, नेपाल कम्युनिस्ट पार्टी

मिस नेपाल आफैंमा राम्रो कुरा होइन । निश्चित उमेर र शारीरिक बनावटका आधारमा मिस नेपाल छनौट गरिन्छ । त्यो पनि २० जना महिलाबाट एक जनालाई मिस नेपाल छानिनु भनेको आमनेपाली महिलाप्रतिको अपमान हो । महिलाको सुन्दरता भनेको उसको शारीरिक बनावट मात्र होइन । उसमा अन्तरनिहित क्षमता अनि बौद्धिक क्षमता उसको सुन्दरताको अर्को रूप हो । त्यसैले यो मिस नेपालको सोच नै महिलालाई वस्तुका रूपमा लिनु हो । यहाँ महिलाको अन्तरनिहित क्षमतालाई नबुझेर एउटी महिलाको कपाल हेरेर स्याम्पो, अनुहार हेरेर क्रिम, नङ हेरेर नेल पोलिस जस्ता वस्तुको विज्ञापन गर्ने माध्यम बनाइएको छ । यो पटक्कै ठीक कुरा होइन । त्यसैले म यसको पक्षमा छैन । हुन त आजभोलि बन्द कोठाभित्र राखेर बौद्धिकताको कुरा गरिन्छ, यसमा केही बौद्धिक महिलाले पनि भाग लिन्छन्, तर यो राम्रो होइन । हिजोका दिनमा हामीले यसको खुलेर विरोध गरेका थियौं । अहिले मिस नेपालले सबै क्षेत्रलाई समेटेको छ । अहिले एउटा जाति विशेष, स्कुल, कलेज, सहर, क्षेत्र हुँदै विश्वविद्यालयसम्म सौन्दर्य प्रतियोगिताको लहर चलेको छ । यसको म व्यक्तिगत रूपमा समर्थन गर्न सक्दिनँ र एक्स्टर्नल रूपमा विरोध गर्न मलाई फुर्सद छैन । यद्यपि हामीले यसलाई स्वीकार गरेको भने होइन । म त सधैं यसको विपक्षमा छु । जे-जस्तो भए पनि महिलालाई वस्तुका रूपमा प्रयोग गर्नु पुँजीवादी सोच हो । त्यसैले म यसलाई समर्थन गर्न सक्दिनँ ।



● माल्भिका सुब्बा, मिस नेपाल - २००२

मिस नेपालको विषयलाई लिएर सन् २००८ भन्दा अघि चर्को आलोचना, विरोध तथा धर्नाजस्ता गतिविधि हुन्थे । यद्यपि त्यसपछि भने मिस नेपालका बारेमा आलोचना हुन छाडेको छ । त्यसो हुनुमा त्यतिबेला विरोध गर्ने समूह सत्तामा पुग्यो, त्यसैले पनि यसको विरोध कम हुन थाल्यो । त्यसभन्दा पहिले उहाँहरू भूमिगत हुनुहुन्थ्यो जसले गर्दा मिस नेपालमा आउने युवतीहरू कमजोर हुन्छन्, मिस नेपाल भनेको भोग विलासको साधन मात्र हो भन्ने सोचेर यो विषयमा आवाज उठाउनुपर्छ भनेर उहाँहरूले विरोध गर्नुभएको हो । अहिले नेपाली समाज खुला भैसकेको छ । मिडियामा धेरै राम्रा महिला आइसकेका छन् । उमेरका हिसाबले पनि अहिले २१ वर्षभन्दा माथिका बहिनीहरू मिस नेपालमा छनौट हुन्छन्, जसले गर्दा उनीहरू परिपक्व हुन्छन् । पछिल्लो समय मिस नेपालले पनि प्रभावकारी काम गरेको छ जसले गर्दा ग्ल्यामर फिल्ड राम्रो हो भन्ने धारणा विकसित भएको छ । हिजो मिस नेपालको विरोध गर्ने कम्युनिस्ट नेताकी छोरी पनि आज मिस नेपाल भैसकेकी छिन् । अर्को कुरा मिस नेपालमा छनौट भएकाहरू पनि सामाजिक कार्य र बौद्धिक विचार राख्न सक्षम छन् भन्ने उहाँहरूले बुझ्नुभयो होला त्यसैले यसको आलोचना र विरोध हुन छाडेको होला जस्तो लाग्छ ।



● रामकुमारी झाँक्री, नेतृ, नेपाल कम्युनिस्ट पार्टी

पुँजीवादमा कुनै पनि वस्तुको व्यापार प्रवर्द्धन गरेर धेरै नाफा आर्जन गर्न धेरै वस्तु बिक्री गर्नुपर्छ । धेरै वस्तु बिक्री गर्न आकर्षक विज्ञापन चाहिन्छ, जसका लागि समाजका सुन्दर नारीको शरीर प्रस्तुत गरियो भने आकर्षक विज्ञापन बन्छ । वस्तु बिक्री गर्ने माध्यमका रूपमा प्रस्तुत गर्न नारीको शरीर चाहियो । त्यही सिलसिलामा पश्चिमा देशहरूबाट सौन्दर्य प्रतियोगिताको श्रृंखला सुरु भएको हो । त्यतिबेला पनि दुईवटा बहस भएका थिए । एकाथरीले महिलाले एक्स्पोजर पाए, व्यक्तित्व विकास भयो, अवसर पाए भन्ने धारणा व्यक्त गरे भने अर्को धारका महिलाहरूले महिलालाई वस्तुकरण गराइयो, महिलालाई वस्तु बिक्री गर्ने माध्यम बनाइयो । महिलाहरू वस्तु होइनन्, मानिस हुन्, उनीहरूलाई वस्तुकरण गरिनु हुन्न भन्ने दुईवटा विचार सँगसँगै आए । यस्तै विचार नेपाली समाजमा पनि सँगसँगै छन् । नेपालमा पनि एकथरीले सुन्दरी प्रतियोगिता एकदमै ठूलो अवसर हो यसले राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा एक्स्पोजर दिन्छ, व्यक्तित्वको विकास हुन्छ भन्दै गए भने अर्कोथरीले यो कुनै वस्तु बिकाएर नाफा आर्जन गर्न सुन्दर महिलाहरूको शरीरलाई साधन बनाएर नाफा आर्जन गर्ने माध्यम बनाइएको हो । यसो गर्दा नाफा कमाउने साधनका रूपमा महिलाको शरीरलाई उदांगो बनाइएको छ भन्ने विचार छ । त्यसैले हामीले वस्तु र मानिसलाई कसरी हेर्छौं, नाफा के हो ? नाफा कसरी आर्जन हुन्छ ? भन्ने कुरालाई सैद्धान्तिक, राजनीतिक, दार्शनीक हिसाबले गरिने बहसहरू कमजोर भए । यसको बहस गर्ने महिला संगठनहरू आफैं पुँजीवादी कित्तामा रुपान्तरण भएका हुन् कि भन्ने भान पर्ने गरी विकसित भए । जसको परिणाम स्वरुप यसका आवाज धुमिल भए । हिजो प्रगतिशील विचार राख्ने महिलाहरू नै आज मिस नेपाललाई अवसरका रूपमा लिन्छन् । त्यसैले हाम्रो विचारधारामै खोट देखाप-यो । अझै पछिल्लो पुस्तामा त प्रगतिशील आन्दोलनमा लागेका भनिएका महिलाहरू नै सौन्दर्य प्रतियोगिताको जज बस्न थाले । नेपालको प्रगतिशील महिला आन्दोलन खासगरी मार्क्सवादी महिला आन्दोलन डिरेल भएको छ । त्यसैले यो आन्दोलन कमजोर भयो । आन्दोलन र अभियानको हिसाबले प्रगतिशील आन्दोलन भित्र यस्ता विषय बहसका रूपमा अगाडि आउनुपर्छ, तर आज हामीबीच यस्ता कुरामा छलफल हुँदैन । आज मिस नेपाल अवसर हो कि चुनौती, कसैले छुट्याउन सक्दैनन् । हिजो प्रगतिशील भनिने महिला संगठनहरू नै आज धराशायी भए, त्यसैले यो आन्दोलन पनि समाप्त भयो ।

प्रस्तुति : महेश तिमल्सिना



## सहरमा नेहा कक्कड

बलिउडकी लोकप्रिय गायिका नेहा कक्कडले काठमाडौंवासीलाई आफ्ना लोकप्रिय गीत-संगीत सुनाउने भएकी छिन् । पारामाउन्ट इन्टरटेन्मेन्टले प्रेस विज्ञप्ति जारी गर्दै बलिउड गायिका कक्कडलाई काठमाडौंको ठमेलस्थित एलओडीमा प्रस्तुत गर्न लागेको जनकारी दिएको छ । जेठ २५ गते शनिबारका लागि निर्धारण गरिएको उक्त सांगीतिक कार्यक्रममा गायिका कक्कडले लाइभ ब्यान्डसँगै आफ्नो प्रस्तुति दिने आयोजक संस्थाका प्रमुख दीपक घिमिरेले जनाएका छन् । संस्थाका जनार्दन घिमिरेका अनुसार साँझ ८ बजेपछि प्रारम्भ हुने उक्त लाइभ कन्सर्ट मध्यरातसम्म जारी रहने छ । इन्डियन आइडल सिजन-२ मा प्रतिस्पर्धा गर्दै सांगीतिक क्षेत्रमा उदाएकी गायिका कक्कडले यही प्रतियोगिताको सिजन-१० मा निर्णायकको भूमिका समेत निर्वाह गरेकी थिइन् । भारतको उत्तराखण्डमा जन्मिएकी गायिका कक्कडका दुई दर्जनभन्दा बढी गीत लोकप्रिय छन् । तीमध्ये आँख मारे, कोकाकोला तुँ, इसमे तेरा घाटा, मिले हो तुम हमसे आदि अत्यधिक लोकप्रिय मानिन्छन् ।




## उत्तरार्द्धमा रेडियो अन ह्वील्स

दुई साताअघि पूर्वी नेपालबाट प्रारम्भ भएको रेडियो कान्तिपुरको देशव्यापी सांगीतिक कार्यक्रम 'रेडियो अन ह्वील्स' यतिबेला पश्चिम नेपाल पुगेको छ । गायक-गायिकाहरू कुन्ती मोक्तान, टीका प्रसाईं, कमल खत्री तथा सञ्जीव पराजुलीको प्रस्तुतिसहितको यो कार्यक्रम आज शुक्रबार सुर्खेतमा प्रस्तुत हुँदैछ ।

पर्सि आइतबार पोखरामा सञ्चालन हुने यो कार्यक्रमको समापन भने काठमाडौंमा हुनेछ । रेडियो कान्तिपुरका आरेजहरू दिनेश डिसी, राजेश पाण्डे, एलिशा बज्राचार्य, भूपेन्द्र खड्का, महेश लिम्बू आदिले उक्त रमाइलो कार्यक्रम सञ्चालन गरिरहेका छन् ।




## एभरेस्ट डेमा सांस्कृतिक कार्यक्रम

विश्वको सर्वोच्च शिखर सगरमाथामा तेन्जिङ नोर्गे शेर्पा तथा सर एड्मन हिलारीको पहिलो पाइला परेको दिनलाई एभरेष्ट डेका रूपमा मनाउन चलन छ । यसपटकको एभरेस्ट डे जेठ १५ गते बुधबार मनाइँदैछ । एभरेस्ट डेको अवसर पारेर यसपटक पनि 'सगरमाथाको फेदी अनुपम छ ठाउँ, आन्तरिक पर्यटनका लागि नाम्चे घुम्न जाउँ' भन्ने नाराका साथ भिजिट नेपाल-२०२० को प्रचार-प्रसारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले सांगीतिक कार्यक्रम प्रस्तुत गर्न लागिएको हो । सोलुखुम्बुको नाम्चेबजारस्थित हिमालय आधारभूत विद्यालयको प्रांगणमा नाम्चे युवा समूह तथा पार्टी एभरेस्ट इन्टरटेन्मेन्ट इन्टरनेसनलले संयुक्त रूपमा आयोजना गर्ने उक्त कार्यक्रममा कलाकारहरू श्रेया सोताङ, गम्बु शेर्पा, दीपक लिम्बू, डोमा शेर्पा, जेनी शेर्पाका साथमा डिजे तेन्जिङको विशेष प्रस्तुति रहनेछ । सोलुखुम्बु जिल्ला पर्यटकीय दृष्टिकोणले प्रख्यात मानिन्छ । त्यहाँ बर्सेनि आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्दै आएको छ ।

## एमी भइन् सुपर मम

केट्स इन्टरटेनमेन्ट तथा पद्मा फिल्म्सले आयोजना गरेको 'द सुपर मम' को उपाधि भक्तपुरकी एमी कर्माचार्यले जितेकी छिन् । १५ जना प्रतिस्पर्धीलाई पछि पार्दै एमीले पहिलो पटक आयोजित यो सौन्दर्य प्रतियोगिताको उपाधि जितेकी हुन् । प्रतियोगितामा अमृता शर्मा फस्ट रनर्सअप तथा बाला राई सेकेन्ड रनर्सअप घोषित भए । आयोजक संस्थाकी प्रमुख अभिनेत्री पुजना प्रधानका अनुसार विवाह गर्नु र बच्चा जन्माउनु जीवनको अन्त्य होइन, सुन्दर सुरुवात हो भन्ने उदेश्यले यो प्रतियोगिताको आयोजना गरिएको हो ।





## कामनालाई मिस प्रिन्सेज

मिस प्रिन्सेज कास्की-२०१९ को उपाधि कामना कार्कीले जितेकी छिन् ।

सरगम सांस्कृतिक कला केन्द्रद्वारा आयोजित प्रतियोगितामा समृद्धि पाण्डे फस्ट रनर्सअप, विभुसना ताम्राकार सेकेन्ड रनर्सअप, रुक्सा शाही ठकुरी थर्ड रर्नस अप तथा सुजिता गुरुङ फोर्थ रर्नसअप भएका थिए ।अन्तिम प्रतिस्पर्धाका लागि छानिएका सबैले कम्तीमा एउटा सब-टाइटल हात पारे ।



## बर्दिबासमा नाटक



लागू औषधका कारण युवाहरूको मृत्युको क्रम नरोकिएपछि युवा अभियान नेपाल, बर्दिबासका युवाहरूले बर्दिबास नगरपालिकाको सहयोगमा लागू औषध दुर्व्यसनविरुद्ध नाटक बिम्ब प्रतिबिम्ब मञ्चन गरेका छन् । स्थानीय स्तरमै रहेका केही कलाकार तथा केही राष्ट्रिय स्तरका कलाकारले अभिनय गरेको उक्त नाटक कलाकार सुभाष गजुरेल तथा समाजसेवी विष्णु बम्जनको संयोजकत्वमा तयार भएको हो । ईश्वर पोखरेलको लेखन तथा राजु दोङको निर्देशनमा तयार भएको नाटकमा अनिल दाहाल, राजु दोङ, इन्द्र थापा, जीवनराज दाहाल, ममता अधिकारी, सोबिका क्षेत्री, मदन सुनदास, सविना लाम्गादे, रामबाबु महतो आदि कलाकारले अभिनय गरेका छन् । 'युवा अभियान नेपालको प्रयास, दुर्व्यसनमुक्त बर्दिवास' भन्ने नाराका साथ प्रारम्भ भएको उक्त सडक नाटक खयरमारा, हाथिलेट, किसाननगर, बिजलपुरा तथा बर्दिवास वरपरका स्कुल-कलेजका साथ बर्दिवास नगरपालिकाका विभिन्न ठाउँमा मञ्चन भैरहेको छ ।

## लिटिल च्याम्सको टप ९ मा

भारतीय च्यानल जिटिभीबाट प्रसारण भैरहेको चर्चित रियालिटी शो सारेगम लिटिल च्याम्सको टप ९ मा भक्तपुरका आयुष केसी तथा इटहरीका प्रितम आचार्य दुवै जना पर्न सफल भएका छन् । उनीहरू टप ३० बाट टप १५ अनि टप ११ हुँदै टप ९ मा पर्न सफल भएका हुन । साढे ७ लाख प्रतिस्पर्धीलाई उछिन्दै टप ९ मा पुग्न सफल आयुष तथा प्रितमलाई यतिबेला देश तथा विदेशबाट शुभचिन्तकहरूको समर्थन प्राप्त भैरहेको छ ।



होस्टेल HOSTEL BACK AGAIN

## सुनिलको तयारी

होस्टल र होस्टल रिटर्न्सपछि यही सिरिजको तेस्रो चलचित्र 'होस्टल ब्याक अगेन' निर्माण हुने पक्का भएको छ। दुर्गेस फिल्म्स तथा काफिया फिल्म्सले संयुक्त रूपमा निर्माण गर्ने उक्त चलचित्रको छायांकन अमेरिकामा गरिने यसका निर्माता गोविन्द शाहीले जानकारी गराएका छन्। यो चलचित्रलाई सुनिल रावलले निर्देशन गर्नेछन्। रावल अहिले लामो समयदेखि अमेरिकामै छन्। सुनिलका अनुसार हरेक देशबाट अमेरिका अध्ययनका लागि गएका र होस्टलमा बसेका युवायुवतीहरूको विषयमा होस्टल ब्याक अगेन निर्माण गरिँदैछ। आफूले यही चलचित्रबाट निर्देशनमा डेब्यु गर्ने पनि सुनिलले बताएका छन्। यो चलचित्रको कथा रावल स्वयंको हो। आगामी अगस्टमा छायांकन सुरु हुने यो चलचित्रका कलाकार चयन चाँडै सुरु गर्ने पनि सुनिलको कथन छ। अर्का निर्माता गोविन्द शाहीका अनुसार छायांकनका लागि केही कलाकार नेपालबाट अमेरिका जानेछन् भने बाँकी कलाकार अमेरिकामै चयन गरिनेछ। होस्टलका विद्यार्थीका रूपमा अमेरिकामै अध्ययनरत नेपाली विद्यार्थीहरूले अभिनय गर्नेछन्। रावलको निर्माणमा २०१३ मा होस्टलबाट अभिनेता अनमोल केसी, होस्टल रिटर्न्सबाट सुशील श्रेष्ठ तथा नाजिर हुसेन डेब्यु भएका हुन्।

## सच्चा फ्यान

अहिले सामाजिक सञ्जालहरूतिर विशेष गरी युट्युबमा भाइरल एउटा विषय राजेश हमालको सन्तान नहुनु पनि हो। यो विषयमा अध्येताहरूले निकै गहन अध्ययन-अनुसन्धान गर्न भ्याइसकेका छन्। अचम्म त के छ भने सन्तान नभएको वा योजना नबनाएको जति पीर स्वयं राजेश र मधु हमाललाई परेको छैन, त्योभन्दा ठूलो पीर यी अध्येताहरूलाई छ। हो, यसैलाई भन्छन्- सच्चा शुभचिन्तक। अब हमालले आफ्ना सच्चा फ्यान खोज्न अरू कतै जानै पर्दैन, यिनै अध्येतालाई समाते भयो, जो उनको सन्तान नभएको चिन्तामा धुरुधुरु रोइरहेका छन्।

## नीताको कमब्याक

नेपाली चलचित्रकी सफल अभिनेत्री हुन्– नीता ढुंगाना। भोजपुरी भाषाका चलचित्रमा समेत अभिनय गरिसकेकी यी अभिनेत्रीको हातमा यतिबेला नयाँ चलचित्र छैनन्। नयाँ चलचित्रबाट प्रस्ताव नै नआएको हो कि उनले राम्रा ब्यानर खोजेकी हुन्, स्पष्ट हुन सकेको छैन। यद्यपि, पछिल्लो समय उनी म्युजिक भिडियोतर्फ आकर्षित भएकी छिन्। नीताले अभिनय गरेको नयाँ गीत सुपर ग्लूको म्युजिक भिडियो दर्शकहरूले मन पराएका छन्। गीतकार अम्बिका गुरूङका शब्दमा गायक रमेश श्रेष्ठ मेलोडीको उक्त नृत्यपरक गीतमा नीताले मन खोलेर नाचेकी छिन्। उक्त नृत्यमा नीतालाई मोडल नवीन राई तथा विशाल लामाले साथ दिएका छन्। चलचित्रमा व्यस्त नभए पनि नीतालाई सुपर ग्लूपछि अन्य गीतका म्युजिक भिडियोमा समेत देख्न पाइने प्रबल सम्भावना छ।



ब्याक बाइट

# खाँदाखाँदै बेहोस होलिन् भन्ने पीर

## निर्देशक प्रदीप भट्टराईको नजरमा अभिनेत्री वर्षा राउत

अभिनेता संजोग कोइरालासँग वैवाहिक जीवनमा बाँधिएर हनिमुनसमेत मनाइसकेपछि अभिनेत्री वर्षा राउत काममा फर्किएकी छिन् । यतिबेला उनी चलचित्र जात्रैजात्राको प्रचार-प्रसारमा सक्रिय छिन् । उक्त चलचित्रमा निर्देशक प्रदीप भट्टराईले उनलाई गृहिणीको भूमिकाका प्रस्तुत गरेका छन् । यसअघि चलचित्र जात्रामा समेत निर्देशक भट्टराईले वर्षालाई अभिनेता बिपिन कार्कीकी श्रीमतीका रूपमा प्रस्तुत गरेका थिए भने जात्रैजात्रामा पनि वर्षालाई बिपिनकै श्रीमतीको भूमिकामा देख्न सकिन्छ । आफ्ना दुई चलचित्रमा अभिनय गरिसकेकी अभिनेत्री राउतका बारेमा निर्देशक भट्टराईको ब्याक बाइट :

### राम्रा पक्ष

**बालापन**

विवाह नै गरिसके पनि वर्षामा भएको बालापन उनको सबैभन्दा सकारात्मक पक्ष हो। उनी आज पनि बच्चाजस्तै छिन्। उनको मनमा कुनै छलकपट छैन, निष्कलंक छिन्। एउटा कलाकारमा हुनु पर्ने सबै गुण छ उनमा।

**प्राकृतिक अभिनय**

बच्चाजस्तै भएकाले नै होला, उनलाई जस्तो भूमिकामा पनि अभिनय गराउन सकिन्छ। उनले गर्ने प्राकृतिक अभिनयलाई दर्शकले समेत मन पराइसक्नुभएको छ।

**सहयोगी**

उनी अत्यन्त सहयोगी स्वभावकी छिन्। सकेसम्म अरूलाई सहयोग गर्नुपर्छ भन्ने उनको मान्यता छ। उदाहरणका लागि हाम्रो चलचित्रको प्रदर्शन मिति नजिकिँदै जाँदा उनी आफ्नो युरोपको हनिमुनसमेत छोट्याएर स्वदेश फर्किइन्।

**लगनशील**

उनमा कामप्रति अचम्मको लगाव छ। जति नै प्रेसरमा भए पनि उनी आफूलाई दिइएको जिम्मेवारी पूरा गरेरै छाड्ने स्वभावकी छिन्।

**सुन्दरता**

फोटोजेनिक अनुहार उनको अर्को सशक्त पक्ष हो। उनी आफैंमा सुन्दर छिन्, इनोसेन्ट मुस्कानले उनलाई थप सुन्दर बनाएको छ।

### नकारात्मक पक्ष

**सिरियलनेसको अभाव**

उनलाई मैले आजका मितिसम्म कहिल्यै सिरियस भएको देखेको छैन। अभिनय गर्ने बेलाको त कुरै छाडौं, बिरामी हुँदासमेत उनी सिरियस हुन्नन्।

**फिगर**

जिरो फिगरको जमानामा उनलाई डाइटिङ कुन चराको नाम हो, थाहा छैन। मेन्टेन गरेर स्लिम बन्नुपर्छ भन्छु। मानिसहरू नखाएर बेहोस हुन्छन्, उनी भने धेरै खाएर बेहोस होलिन् भन्ने पिर छ।

**खानपिन**

खानपिनमा नियन्त्रण गर्न सके वर्षाको सौन्दर्य सुनमा सुगन्धझैं हुने थियो।

**फरक भूमिका**

वर्षाले हालसम्म जे-जति चलचित्रमा अभिनय गरेकी छिन्, ती सबैमा उनी प्रायः उस्तै देखिन्छिन्। अब उनले फरक-फरक विधाका फरक-फरक भूमिका निर्वाह गर्ने बेला आइसकेको छ।



# वर्षालाई वर्षाको पत्र



अभिनेत्री वर्षा राउत र वर्षा सिवाकोटी अहिले चर्चामा छन् । सुन्दर मुहारका धनी यी अभिनेत्रीहरूलाई चलचित्र क्षेत्रमा अघोषित रूपमा प्रतिस्पर्धि पनि भन्ने गरिएको छ । यद्यपि, उनीहरूबीच प्रतिस्पर्धा नै हुनुपर्ने ठोस कारण भने छैन । जेठ ३ गते उनीहरूले अभिनय गरेका दुई चलचित्र जात्रै जात्रा तथा वीर विक्रम-२ प्रदर्शन हुने भएपछि उनीहरूलाई प्रतिस्पर्धीका रूपमा चित्रण गरिएको हो । मिडियामा आफूहरूबीच अघोषित प्रतिस्पर्धा चलाइएपछि अभिनेत्री वर्षा सिवाकोटीले वर्षा राउतलाई सम्बोधन गर्दै फेसबुकमार्फत खुलापत्र नै लेखेकी छिन् । सिवाकोटी लेख्छिन्-'डियर वर्षा राउत, खै कसले भनेछ हामी दुश्मन अरे । हामीले एक-अर्काको अस्तित्व स्वीकार गर्न सकेनौं अरे । हामी प्रतिस्पर्धी पक्कै हौंला, एउटै क्षेत्रमा काम गरिरहेका छौं । त्यसलाई अस्विकार न तिमीले गर्न सक्छौ न मैले । एउटै ओछ्यानमा सुतेपछि खुट्टा लाग्नु त स्वाभाविक नै हो नि होइन र ? हिजो एउटै फ्रेममा अटाएका हामी आज एक अर्काको दुश्मन बनाइएका छौं । के साँच्चै तिमी मेरो र म तिम्रो दुश्मन हौं ? हामीबीचमा कहिल्यै केही कुरामा असमझदारी आएका छन् र ? न तिमीले मेरो नाममा न मैले तिम्रो नाममा कहिल्यै कसैसामु संकुचित भावना राखेर कुरा काट्दै हिँडेका छौं ? तर पनि हामी एक अर्काका दुश्मन कसरी बन्यौं ? एकै परिवारका दुई सदस्य हामी आखिर यो बजारमा भनिएको जस्तो दुश्मनी बोकेर बसेका छौं ? तिमीले तिम्रो कर्म गरिरहेकी छौ मैले मेरो कर्म । कर्म फरक-फरक गरे पनि धर्म त हाम्रो उही 'कलाकारिता' नै हो नि, होइन र ? भोगाई र मर्म तिम्रो र मेरो उस्तै त छ नि छैन र ? हामीले एकै ब्यानरबाट चलचित्र क्षेत्रमा पाइला टेक्यौं । हिजो म्युजिक भिडियो अभिनयमा छँदा पनि हाम्रो सुरुवात खासै फरक समयमा भएको जस्तो मलाई लाग्दैन । दिन फरक भए होला, समय पक्कै फरक थिएन । फेरि त्यही समयमा फर्कौं, जहाँ हामी एउटै फ्रेममा रमाएका थियौं । यो भन्दै गर्दा फेरि केही दिनमा फेरि सुन्न पाइनेछ 'जेठ ३ मा दुई वर्षाको भिडन्त ।' तर, म भन्छु जेठ ३ गते हाम्रो भिडन्त होइन मिलन हुनेछ हल-हलमा । हामी सँगै लाग्दैछौं । एउटै फ्रेममा नदेखिए पनि उही पर्दामा पालो-पालो देखिनेछौं । 'जात्रै जात्रा'का लागि तिमीलाई शुभकामना ।



# धीरजको प्रष्टीकरण

अभिनेता धीरज मगर यो साता काठमाडौंमा झुल्किए । बेलायतमा बसोबास गर्ने धीरज आफूलाई रजतपटमा अभिनेताका रूपमा स्थापित गराउने निर्देशक रेनशा बान्तवा राई तथा निर्माता प्रज्वल राणाको वैवाहिक कार्यक्रममा सहभागिता जनाउन काठमाडौं आएका हुन् । धीरज आफ्नो करियरकै पहिलो चलचित्र इन्टु मिन्टु लण्डनमाबाट दर्शकको मन जित्न सफल भएका थिए । काठमाडौं आएको मौकामा सञ्चारकर्मीले उनका बारेमा बजारमा चलेका हल्लाका बारेमा जिज्ञासा राख्न भ्याए । धीरजले पनि स्पष्ट शब्दमा ती जिज्ञासाको जवाफ दिए । धीरजका अनुसार बजारमा हल्ला गरिएका दुई चलचित्र प्रेमगीत-३ तथा मेरो एउटा साथी छ-२ बाट उनलाई अभिनयको प्रस्ताव आएकै छैन । उनी अहिले आफूलाई अभिनेता बनाउने ब्यानरकै नयाँ चलचित्र आई एम ट्वान्टी वानमा मात्र काम गर्दैछन् । उनको तेस्रो चलचित्र पनि त्यही ब्यानरले निर्माण गर्ने गरी सम्झौता गरिएकाले उनी यो वर्ष पनि बाहिरी ब्यानरका चलचित्रमा अभिनय गर्न सक्दैनन् ।

**मलाई दिक्क लाग्छ**



● प्रहलाद तिमिल्सिना, गायक

# प्रहलादलाई दिक्क लाग्ने कुरा

**ट्राफिक जाम**

घरबाट कुनै कामका लागि निस्कनु पर्‍यो भने ट्राफिक जामका कारण समयमा पुग्न नसक्दा दिक्क लाग्छ ।

**फोहोर**

घर-घरबाट फोहोर संकलन गर्ने संस्थाले दुई-तीन दिनको अन्तरमा फोहोर उठाइदिए चारैतिर सफा हुन्थ्यो, कहिलेकाहीं हप्तौं नउठाइदिँदा त्यसै दिक्क लाग्छ ।

**नेटवर्क**


काम विशेषले काठमाडौंबाट अलि पर पुग्नुपर्छ, मोबाइलमा नेटवर्क हुँदैन । काठमाडौं भित्रै पनि कतिपय ठाउँमा मोबाइलको नेटवकले कामै गर्दैन । अर्जेन्ट भएका बेला मोबाइलमा कुरा गर्न नपाउँदा दिक्क लाग्छ ।

**ओभरटेक**

मोटरसाइकल चालकहरूले निजी सवारीलाई दाहिनेतिरबाट ओभरटेक गर्नु त ठिकै हो, तर ठाउँ-कुठाउँ देब्रेतिरबाट ओभरटेक गरेर दुर्घटना नै निम्त्याउने प्रयास गरेको देख्दा दिक्क लाग्छ ।

**नकारात्मक समाचार**

रेडियो, टेलिभिजन तथा पत्रपत्रिकाका नकारात्मक समाचारहरू सुन्दा, हेर्दा र पढ्दा दिक्क लाग्ने मात्र होइन, पीडा नै हुन्छ । सकारात्मक समाचार मात्र आउने दिन कहिले आउला ?



# नहोस् ह्याट्रिक

अभिनेत्री शिल्पा मास्केले अभिनय गरेका दुई चलचित्र अघिल्लो वर्ष नै प्रदर्शन भैसकेका छन् । द ब्रेकअप तथा कागजपत्र शीर्षकका दुई चलचित्र केही साताको अन्तरमा प्रदर्शन भएका थिए । दुवै चलचित्र व्यवसायिक रूपमा असफल भएपनि शिल्पाको अभिनयले प्रशंसा पायो । द ब्रेकअपमा उनले अभिनेता आशिरमान देशराज जोशीसँग गरेको लिप किसलाई लिएर थुप्रै गसिप बने । शिल्पा यतिबेला आशिरमानकै दाजु अभिनेता आयुष्मान देशराज जोशीसँग अनस्क्रिन रोमान्स गर्दैछिन् चलचित्र 'सानो मन' का लागि । शिल्पाको अभिनय करियरका लागि भए पनि असार २० गते प्रदर्शन हुने उक्त चलचित्र सफल हुनुपर्नेछ । यदि उक्त चलचित्र पनि चलेन भने शिल्पाले असफलताको ह्याट्रिक नै गर्नेछिन् । यद्यपि, चलचित्रका गीत तथा केही प्रचार सामग्री सार्वजनिक भैसकेपछि शिल्पा यो चलचित्रको सफलताप्रति आशावादी छिन् । हालै सार्वजनिक रानु कम्मर शिर्षकको गीत यतिबेला दर्शकको रोजाइमा परेका छ, जहाँ शिल्पाले आकर्षक शैलीमा नृत्य गरेकी छिन् । चलचित्र सानो मनको निर्देशन विदेशमा चलचित्रको अध्ययन गरेका सुयोग गुरुङ गरेका हुन् ।

अपराध

# कानुनमा प्रतिबन्ध तर चलिरहेकै छ

# ट्रान्स पार्टीको मस्ती

जनकराज सापकोटा



संखुवासभा र तेह्रथुमको संगमस्थल गुफा पोखरीमा हुने भनिएको ट्रान्स पार्टीमा सहभागी हुन आएकाहरू धनकुटामा होटलको भुइँमा सुस्ताउँदै ।

वैशाखको तेस्रो साता प्रहरी परिसर ललितपुरले च्यासलस्थित एउटा क्याफेमा छापा मार्‍यो । प्रहरी पुग्दा चर्को संगीतमा झुमिरहेका झन्डै २ सयजति ग्राहकबीच भागदौड नै मच्चियो । अनौठो त के थियो भने, रक मेटल संगीतमा झुम्नेहरूमा स्वदेशी जत्तिकै विदेशी पनि थिए । भारत, बेलायत तथा मेक्सिकोबाट आएकाहरूको समूह पनि त्यहीँ झुमिरहेको थियो । धासमाण्डु-२ शीर्षक दिइएको उक्त सांगीतिक वातावरणमा संगीत मात्र थिएन, गाँजाको पनि प्रयोग भैरहेको सूचना पाएपछि प्रहरी त्यहाँ पुगेको थियो । प्रहरीको दाबी थियो, त्यहाँ रक मेटलका नाममा ट्रान्स पार्टी चलिरहेको छ ।

लाउड संगीत, लागू औषधको सुर र मदहोस वातावरणमा घन्टौं चल्ने डान्स पार्टी नै ट्रान्स पार्टी हो । कतिपय ट्रान्स पार्टीमा त मदहोसहरूबीच खुला सेक्स पनि चल्छ तर धासमाण्डुमा प्रहरीले छापा मार्दा भने अवस्था फरक थियो । प्रहरीले पार्टी आयोजक एक्स्ट्रिम अन्डरग्राउन्ड मेटल सोसाइटी अफ नेपालका विशाल राई तथा क्याफे सञ्चालक सन्नी व्यन्जनकारलाई पक्राउ गरेको थियो ।

प्रहरीले पार्टीमा लागूऔषध प्रयोग भएको बताएपनि आयोजकहरूले सहभागीहरूले बाहिर कतै खाएर आएको हुनसक्ने र पार्टीमा त्यस्तो नभएको दाबी गरिरहेका छन् । आयोजक एक्स्ट्रिम अन्डरग्राउन्ड मेटल सोसाइटी अफ नेपाल १५ असार २०७५ मा कम्पनी रजिस्टारको कार्यालयमा दर्ता भएर मेटल संगीतको क्षेत्रमा सक्रिय देखिन्छ । प्रहरीले भने आयोजकको दाबी नकार्दै सांगीतिक पार्टीको नाममा ट्रान्स पार्टी भएको बताइरहेको छ । प्रहरी परिसर ललितपुरका डिएसपी नारायण चिमोरियाका अनुसार पक्राउ परेका राईलाई वैशाख २३ गते जिल्ला अदालत ललितपुरमा पेस गरिएको छ । प्रहरीले उनीमाथि सार्वजनिक स्थानमा अभद्र व्यवहार प्रदर्शन गरेको आरोप लगाएको छ ।

ललितपुरको घटनापछि नेपालमा लुकिछिपी हुँदै आएको लाउड म्युजिक विथ लागूऔषधसहितको ट्रान्स पार्टीको बहस मात्र सतहमा आएको छैन, यस्ता घटनालाई प्रहरीले कसरी हेर्ने भन्ने बहस पनि सुरु भएको छ । वैशाखको पहिलो साता संखुवासभा र तेह्रथुमको सिमानामा पर्ने गुराँसको राजधानी तीनजुरे मिल्के जलजले क्षेत्रमा हुन लागेको म्युजिक फेस्टिवललाई पनि जिल्ला प्रशासनले संगीतको नाममा ट्रान्स पार्टी गर्न लागिएको भन्दै फेस्टिबल अघि नै त्यसमा निषेध लगाएको थियो । तेह्रथुमका प्रजिअ गणेशबहादुर अधिकारीले म्युजिकल फेस्टिबलका नाममा गैरकानुनी काम हुन लागेकाले आफूले त्यसमा रोक लगाएको बताएका थिए । काठमाडौंमा रहेको शक्ति पिक नेपाल तथा स्थानीय संस्था तीनजुरे गुराँस क्लबले संयुक्त रूपमा त्यस्तो कार्यक्रम आयोजना गर्न लागेका थिए जसका लागि विश्वका विभिन्न देशका सहभागीहरू धरान तथा तेह्रथुम पुगिसकेका थिए ।

कात्तिकको अन्तिम साता अर्घाखाँचीको शीतगंगा नगरपालिकास्थित बुड्ची खोलाको बगरमा अनौठो दृश्य देखियो । बगरमा स-साना टेन्ट टाँगिएका थिए । त्यहाँ महिला तथा पुरुष विदेशीहरू अर्धनग्न अवस्थामा यताउति गरिरहेको देखिन्थे । अमेरिका, अस्ट्रेलिया, पोल्यान्ड, इजरायल, भारत आदि २५ देशका ४० विदेशी पर्यटकीय क्षेत्रका रूपमा ख्याति नकमाइसकेको उक्त गाउँ पुग्नु आफैंमा अनौठो खबर थियो । स्थानीय बासिन्दाले यस विषयमा प्रहरीलाई खबर गरेपछि उनीहरू पक्राउ परे र थाहा भयो, ट्रान्स पार्टी गर्न उनीहरू त्यहाँ पुगेका थिए । जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका डिएसपी नवराज मल्लका अनुसार पक्राउ परेकामध्ये पार्टी आयोजनामा सक्रिय एक नेपाली तथा चार विदेशीविरुद्ध सार्वजनिक अपराधको मुद्दा चलाइएको थियो । डिएसपी मल्लले भने, 'उनीहरू जनही २०/२० हजार धरौटी बुझाएर छुटे ।' डिएसपी मल्लका अनुसार यदाकदा मात्र पर्यटक आउने यति दुर्गम गाउँसम्म ट्रान्स पार्टी नै गर्न भनेर विदेशी आउनु अनौठो कुरा थियो । उनले उक्त घटनामा नेपाली व्यवस्थापक तथा विदेशीहरूको साठगाँठ रहेको जानकारी दिए ।

त्यसो त २०७५ चैतको पहिलो साता प्रहरीले लेकसाइडको खहरेमा आयोजित ट्रान्स पार्टीमा छापा मारेर ४४ जना विदेशी तथा १४ जना नेपालीलाई पक्राउ गरेको थियो । प्रहरीले रेस्टुराँका दुई सञ्चालकलाई सार्वजनिक अपराधको मुद्दा चलाएर छोड्यो भने अन्यलाई एक रात थुनामा राखेर छोडिदियो । प्रहरी आएको थाहा पाउने बित्तिकै पार्टीमा सहभागी धेरैले आफूसँग भएको लागूऔषध मिल्काएका थिए । पर्यटकीय नगरी पोखरामा ट्रान्स पार्टी भएको खबर बारम्बार आइरहन्छ ।

पोखराको सुरक्षा नेतृत्व सम्हालेर केही समयअघि मात्र काठमाडौं आएका एसपी अशोक सिंह पोखरामा कडा सुरक्षा र प्रहरी-होटल व्यवसायीबीचको सहकार्यले यस्ता पार्टीहरू निषेध नै भएको अनुभव सुनाउँछन् तर पोखरा ट्रान्स पार्टी गर्नेहरूको पहिलो रोजाइमा बारम्बार परेको विगत छ ।

पछिल्ला केही प्रतिनिधि घटनाले नेपालमा लुकिछिपी रुपमा विदेशीहरूले ट्रान्स पार्टी आयोजित गरिरहेको देखाउँछन् । प्रहरीका अनुसार नेपालमा लुकिछिपी रूपमा ट्रान्स पार्टी हुन थालेको वर्षौं भैसकको छ । २०५० पछि यस्ता घटनाहरू बेला बखत सार्वजनिक भए पनि ट्रान्स पार्टीकै निम्ति नेपाल गन्तव्य हुन बन्द भैसकेको देखिँदैन । युरोप आदि पश्चिमा देशमा प्रतिबन्ध लगाइएपछिका वर्षहरूमा भारतको गोवामा यस्ता पार्टी सञ्चालन गरिन्थ्यो । सन् १९९० को दशकमै गोवामा ट्रान्स पार्टीहरू हुने गरेको पाइन्छ । सार्वजनिक ठाउँ वा जंगलमा यस्ता पार्टी हुने र सेक्स तथा लागूऔषधको विकृति बढ्ने जोखिमसँगै गोवामा यस्ता पार्टीको आयोजनामा कडाइ गरिँदै गएको पाइन्छ । भारतमा पनि कडाइ हुन थालेपछि ट्रान्स पार्टी नेपालतिर सर्न थालेको देखिन्छ ।

लागूऔषध नियन्त्रण ब्युरोका डिआईजी दिनेश अमात्यका अनुसार पछिल्ला महिनाहरूमा संगीत, सेक्स र लागूऔषधको त्रिवेणी भनिने ट्रान्स पार्टी गर्ने प्रयास भैरहेका खबरहरू आइरहन्छन् । उनले स्वदेशी तथा विदेशी समूहले यस्तो पार्टी गर्न पूर्वी पहाडी जिल्लाहरूमा प्रयास जारी राखेको सूचना आफूले पाएको बताए । 'हामीले यस विषयमा प्रशासन तथा स्थानीय निकायहरूलाई पनि चनाखो रहन भनेका छौं', उनले भने, 'चर्को संगीत, खुलमखुल्ला सेक्स, लागू औषधको प्रयोग तथा ओसारपसार तीनै कुरा बर्जित छन् । त्यसैले हामीले चुप लागेर हेरिरहन मिल्दैन ।'

## ट्रान्स पार्टीको इतिहास

दोस्रो विश्वयुद्धपछि युरोप तथा अमेरिकाका युवाहरूमा बढेको निराशा एवं भौतिकवादप्रतिको वितृष्णपछि चर्को संगित, उन्मुक्त कला र ट्याटु अनि बेपरवाह फेसनसँग जोडिएको हिप्पीकालको सुरुवात भएको इतिहास छ । समयको यही फेरोमा मेटल, अन्डरग्राउण्ड मेटल संगीतसँग लागूऔषध जोडियो र समयक्रममा त्यसमा थपियो सेक्स अनि जन्म भयो, ट्रान्स पार्टीको ।

लागूऔषधको प्रयोग र निर्वाध सेक्सकै कारण कैयन् देशमा ट्रान्स पार्टीमाथि प्रतिबन्ध लगाइएको पाइन्छ । सन् १९९० पछि भारतको गोवामा ट्रान्स पार्टीले व्यापकता पाएको थियो । ट्रान्स पार्टी कल्चर त्यहीँबाट नेपालसम्म आइपुगेको कुरा बुझ्न गाह्रो छैन ।



अर्घाखाँचीको जंगलमा भएको ट्रान्स पार्टी



गुफा पोखरीमा हुने भनिएको ट्रान्स पार्टीमा सहभागी हुन आएकाहरू टेन्टमा ।

## यौन जिज्ञासा र समाधान




डा. राजेन्द्र भद्रा



म (केटी) श्रीमान्सँगको सम्बन्धमा छु । मेरो महिनावारी रोकिएको छ । मैले गर्भ बसेको हो कि होइन भनेर आफैंले जाँच गरें । त्यसमा नकारात्मक (गर्भ नरहेको) नतिजा आयो । यद्यपि पाँच महिनादेखि मेरो महिनावारी भएको छैन । मेरो समस्या के होला ? मैले महिनावारी नियमित गराउन के गर्नुपर्ला ? म तत्काल सन्तान जन्माउन चाहन्नँ । त्यसका लागि के गर्नुपर्छ ?

पी.



### महिनावारीको सञ्चालन

मस्तिष्कको hypothalamus भन्ने भाग, पिटचुटरी ग्रन्थि तथा डिम्बाशयबाट निस्कने हार्मोनले महिनावारीलाई सञ्चालन गर्छ । Hypothalamus बाट gonadotropin releasing hormone जसको प्रभावमा पिटचुटरी ग्रन्थिले follicular stimulating hormone ("SH) तथा luteinizing hormone (LH) निकाल्छ ।

FSH को प्रभावले डिम्ब परिपक्व हुन्छ, तर पनि प्रोजेस्टेरोन तथा इस्ट्रोजनको मात्रा कम हुने भएका पाठेघरको भित्री तह तुहिन्छ र ३-६ दिनसम्म महिनावारीको रगत बग्छ । त्यसपछि इस्ट्रोजनको मात्रा बढ्छ र hypothalamus लाई LH अत्यधिक मात्रामा निकाल्न मद्दत गर्छ अनि डिम्बाशयवाट डिम्ब निष्कासन हुन्छ । डिम्बाशयवाट डिम्ब निस्किएको ठाउँ (corpus luteum) ले प्रशस्त मात्रामा प्रोजेस्टेरोन तथा इस्ट्रोजन निकाल्छ र यसको प्रभावले पाठेघरको भित्री तह निर्सेचित डिम्बलाई ग्रहण गर्न अझ बाक्लो बनाई उपयुक्त बनाउँछ । यदि डिम्ब निषेचित भएन भने प्रोजेस्टेरोन र इस्ट्रोजनको मात्रा एक्कासि झर्छ, जसको असरले पाठेघरको भित्री तह फेरी तुहिन थाल्छ र अर्को महिनावारी सुरु हुन्छ ।

### जाँचमा गर्भ नदेखाए पनि महिनावारी किन नभएको होला ?

यो कुरा पक्कै हो कि गर्भ बस्नु महिनावारी रोकिने प्रमुख कारण हो त्यसैले नियमित यौनसम्पर्क हुने व्यक्तिको महिनावारी रोकिँदा हामी सबैभन्दा पहिले गर्भ रहेको शंका गर्छौं । माथि उल्लेखझैं यो विशेष गरेर मस्तिष्क अनि प्रजनन अङ्गबाट नि:सृत हुने विभिन्न रागरस (हार्मोन) हरूको जटिल प्रक्रिया हो । कतिपय स्थितिमा गर्भ नै नरहे पनि महिनावारी रोकिन सक्छ । त्यसका केही प्रमुख कारणको चर्चा गरौं ।

**तौलमा आएको परिवर्तन** : व्यक्तिको तौल धेरै चाँडो मोटायो वा दुब्लायो भने महिलाको रागरसको सन्तुलनमा केही गडबडी आउँछ र महिनावारी नहुने स्थिति सिर्जना हुन सक्छ, तर केही समयपछि नै यो बिस्तारै ठीक भएर जान्छ । यसबाहेक तौल अति नै कम राख्न खाना नै नखाने किसिमको मानसिक समस्या जस्तै aneroxia भएका महिलामा पनि बोसोको मात्रा यति धेरै कम हुन पुग्छ कि डिम्ब निष्कासन तथा महिनावारी नै नहुने स्थिति आउँछ ।

**तनाव** : अहिले हाम्रो जीवनशैली धेरै नै तनावपूर्ण बन्न पुगेको छ । तीव्र तनाव लामो समय सम्म भोग्नुपर्दा महिनावारी रोकिन्छ । अति नै तनावमा हुँदा एड्रेनालिन अनि कर्टिसोल जस्ता हार्मोन निस्कन्छन्, जसले हामीलाई त्यस किसिमको परिस्थितिको सामना गर्न सघाउँछ । महिलाको सन्दर्भमा यस्ता हार्मोन अत्यधिक निस्कदा त्यसको प्रभाव महिला हार्मोनहरू इस्ट्रोजन तथा प्रोजेस्टेरोनको उत्सर्जनमा नकारात्मक रूपमा पर्छ । यसरी इस्ट्रोजन तथा प्रोजेस्टेरोनको पर्याप्त मात्रामा उत्सर्जन नहुँदा महिलाको महिनावारी गडबड हुने वा भनौं चाँडो वा ढिला हुने हुन्छ । अर्कातिर रक्तस्रावको मात्रामा पनि फरक आउन सक्छ ।

**अत्यधिक व्यायाम** : विशेष गरी दुब्लो व्यक्ति, जसको शरीरमा बोसोको मात्रा निकै कम छ, ले अत्यधिक व्यायाम गरेको स्थितिमा पनि महिनावारीमा गडबडी हुन अथवा रोकिन सक्छ ।

**प्रोल्याक्टिनको अधिक मात्रा** : विशेष गरेर स्तनपान गराइरहेका महिलामा प्रोल्याक्टिन हार्मोन बढी हुन्छ र त्यसैले स्तनपान गराइरहेका महिलाको महिनावारी नहुनुमा मुख्य भूमिका खेलेको हुन्छ, तर स्तनपान नगराइरहेका महिलामा यो हार्मोनको मात्रा बढी रहेको स्थितिमा स्तनको मुन्टोबाट दूधजस्तो रस निस्कन्छ ।

**थाइराइड ग्रन्थिको समस्या** : थाइराइड ग्रन्थिले शरीरको मेटाबोलिज्म सञ्चालन गर्ने हार्मोनको उत्सर्जन गर्छ । यसको अधिक उत्सर्जन हुने (hyperthyroidism) वा कम उत्सर्जन हुने (hypothyroidism) दुवै स्थितिमा महिनावारीमा गडबडी वा रोकिने स्थिति सिर्जना हुन सक्छ ।

**डिम्बाशयको खराबी** : विशेष गरी डिम्बाशयमा पानीको गोला (cyst) हुने स्थिति Polycystic Ovary Syndrome मा पनि महिनावारी रोकिने वा गडबडी हुने स्थिति सिर्जना हुन सक्छ ।

> अहिले हाम्रो जीवनशैली धेरै नै तनावपूर्ण बन्न पुगेको छ । तीव्र तनाव लामो समय सम्म भोग्नुपर्दा महिनावारी रोकिन्छ । अति नै तनावमा हुँदा एड्रेनालिन अनि कर्टिसोल जस्ता हार्मोन निस्कन्छन्, जसले हामीलाई त्यस किसिमको परिस्थितिको सामना गर्न सघाउँछ ।

उमेर नलेखे पनि सम्भवत: तपाईंमा यो स्थिति लागू नहुन सक्छ । त्यसबाहेक पाका महिलाहरूको महिनावारी बन्द हुन्छ र त्यसभन्दा पहिले महिनावारी रोकिने-हुने क्रम चल्छ । त्यसबाहेक केही स्थितिमा पिसाब जाँच गर्दा पनि गर्भ रहेर पनि गर्भ नरहेको देखाउन सक्छ ।

### सूचना

तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

### Pregnancy test का लागि पिसाब जाँच

महिला गर्भवती हुने प्रक्रिया सुरु भएसँगै बढ्ने एक किसिमको human chorinonic gonadotropin (hCG) भनिने हार्मोनको परीक्षण गरेर गर्भ रहे नरहेको नतिजा निकालिन्छ । अचेल राम्रा जाँच गर्ने साधनको सहयोगले डिम्बनिषेचन भएको यस्तै आठौं वा नवौं दिनमा यो हार्मोनको मात्रा पहिचान गर्न सकिन्छ । डिम्ब निष्कासन भएको यस्तै १४ दिनमा महिनावारी हुन्छ, तर महिला गर्भवती भए महिनावारी हुँदैन । गर्भवती हुँदा hCG को मात्रा यस्तै प्रत्येक दुई दिनमा दोब्बर हुन्छ र यस्तै ६०/७० दिनमा सबैभन्दा बढी हुन पुग्छ र बिस्तारै कम हुन थाल्छ । यो परीक्षण गर्दा शरीरमा पर्याप्त मात्रामा हार्मोन भए ठीक नतिजा दिन्छ, त्यसैले डिम्ब निषेचनको यस्तै १० दिन वा त्यसपछि परीक्षण गराउनु उपयुक्त हुन्छ । यदि यो हार्मोन पर्याप्त मात्रामा नभै परीक्षण गराए नकारात्मक परिणाम आउन सक्छ । महिनावारीको समस्या निरन्तर कायम रहे स्त्रीरोग विशेषज्ञ सम्पर्क राख्नु उचित हुन्छ ।

## महिला स्वास्थ्य



म २२ वर्षकी गर्भवती महिला हुँ । मेरो यो पहिलो गर्भ हो । मेरो महिनावारी नियमित नभएकाले गर्भ रहेको थाहा नपाउँदै पिसाबको समस्याका कारण केही औषधी गरेको थिएँ, तर यो अवस्थामा औषधी सेवन गर्दा गर्भस्थ शिशुमा असर पर्छ भन्ने कुराले मलाई चिन्ता भैरहेको छ । यसले मेरो गर्भमा कुनै असर त गर्दैन ? मलाई डर लागिरहेको छ । स्पष्ट पारिदिनुभए अभारी हुने थिएँ ।



डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

तपाईंको प्रश्नमा कति हप्ताको गर्भ अनि पिसाबको संक्रमण भएका बेला कुन औषधी सेवन गर्नुभएको थियो, उल्लेख छैन । गर्भावस्थामा औषधी सेवन गर्नु हुँदैन भन्ने धेरैको मान्यता छ, जुन गलत हो । गर्भावस्थामा पनि पिसाबको संक्रमण हुन सक्छ र त्यस्तो हुँदा औषधी सेवन गर्नुपर्ने हुन्छ । केही औषधीले भने गर्भको शिशुमा असर गर्न सक्छ, ती औषधी गर्भावस्थामा सेवन गर्नु हुँदैन । तपाईंले प्रयोग गरेको औषधी कुन थियो भन्न सकिएन, तर केही मात्रामा प्रयोग गर्दैमा गर्भमा असर परेको होला भन्न सकिँदैन । असर गरेको छ कि छैन थाहा पाउन अल्ट्रासाउन्ड (भिडियो एक्स रे) गराउनुपर्छ । नियमित गर्भको परीक्षण गराउँदै, फोलिक एसिड नामक औषधी प्रयोग गर्दा, धेरै तनावमा नबस्दा, झोल तथा पोषणयुक्त खानेकुरा खाँदा गर्भस्थ शिशुको राम्रो विकास हुन्छ ।




अब हाम्रो पालो

# नेपाली कांग्रेसले सुरु गरेको पुनर्जागरण कार्यक्रमले कांग्रेसमा साँच्चिकै जागरण ल्याउला ?




शासन-सत्ता आफ्नो हातमा नभएर कांग्रेसलाई खुजुली मात्र भा'को हो यो ? आफ्नो आङको भैंसी नदेखी अरूको आङको जुम्रा देखाउने नाटक हो । जनता झुक्याउने फेरि अर्को खेल ।

**नवराज भण्डारी**

आउँछ, राजनीति कार्यकर्ताहरूले सोचेजस्तो हुँदैन । २०६४ सालमा माओवादी कत्रो थियो अनि उसको फुर्ती कत्रो ? २०७० सालमा कहाँ पुग्यो अनि २०७४ सालमा चुनाव लडेको भए सोचौं, दुई ठूला कम्युनिस्ट पार्टीभन्दा २०७४ सालमा केवल १५ लाख मत कम छ, जुन २०७६ मा आउँदा अब केवल ८ लाख मत कम छ । अबको दुई वर्षमा स्थानीय चुनाव हुन्छ, त्यसको असर हेर्न तयार भए हुन्छ ?

**आरसी रानाभाट**

कुनै हालतमा हुनेवाला केही छैन । कांग्रेसले कति वर्ष चलायो सरकार ? देखिएन र के गर्‍यो ?

**सीपी**

कांग्रेसमा जागरण आउने भए उहिल्यै आइसक्थ्यो नि ! यस्ता कार्यक्रम त कति आए, कति गए ।

**मनिष श्रेष्ठ**

कमाउ धन्दावाला राजनीतिको अर्को गोटी ।

**वसन्त खनाल**

मरिसकेको रूखलाई पानी हालेर हरियो बनाउन सकिएला त ? यति क्षमता कांग्रेसमा देखियो भने कांग्रेस जतिलाई सिधै छानी-छानी नाशाको वैज्ञानिकमा सिफारिस गर्दा हुन्छ । यद्यपि कांग्रेसले जुत्ता पालिस पनि गर्‍यो तर टल्काउन सकेन अर्थात् सुदृढकरणको संकेत देखिएन ।

**हरि थापा**

बिचराहरू ! जागरण अभियानको पहिलो दिन नै झडप, एक घाइते ।

**सन्तोष रिमाल**

कुनै जागरण ल्याउँदैन, इमान्दारहरूले पहल गरून् त नेतृत्वका लागि, त्यसपछि मात्र देखिन्छ चमत्कार ।

**रकि राना**

साँच्चिकै जागरण त होइन, कुटाकुटचाहिँ हुँदैछ– कांग्रेसहरू आफैं-आफैंमा । कांग्रेसको जागरण यस्तै हो, जाग्छन्, सुत्छन्-उठ्छन् । सरकार पनि छैन आफ्नो । पीडा छ कांग्रेसलाई अहिले ।

**सन्तोष बस्नेत**

कांग्रेसको मनैमा जागरण गरौ भन्ने छैन, बोलीले मात्र के होला र खै ? ताजुब लाग्छ मलाई ।

**चासुमहाङ कोयु राई**

जागिसके नि ! पूरै हानाहान त गरिसके, जाग्ने मात्र के कुरा ?

**एमके लिम्बू**

पुनर्जागरण कार्यक्रमभन्दा जुत्ता पालिस लाउने कार्यक्रमलाई निरन्तरता दिए हुन्छ । लाजमर्दो दरिलो प्रतिपक्षको भूमिकामा अडिग रहनुपर्ने कांग्रेस बिचरो भएको छ । कांग्रेस गुटबन्दीको दलदलमा कहिल्यै बाहिर निस्कन नसक्ने गरी फसेको छ । मुख्य राष्ट्रिय मुद्दामा अडिग रहनुको साटो मसला खोजेर बस्छ । खै ! म त पत्याउँदिनँ ।

**एच थापा**

नयाँ-नयाँ तरिकाले जनता झुक्याउने प्रपन्च ।

**सीएम थानी**

सबैको आचरण शुद्ध नभै जागरण जागृत हुँदैन ।

**कृष्णराज श्रेष्ठ**

यो समयको कुरा हो । आफ्ना नीति नियममा अघि नै छ कांग्रेस ।

**सुजन बाबु बस्नेत**

नमच्चिने पिङको सय झड्का ।

**लीलाराज भट्टराई**

लागेको ग्रहण कांग्रेसले जा भन्दा जाने, लाग भन्दा लाग्ने हो ?

**चन्द्र मिश्र**

पुनर्जागरणभन्दा आफ्नो चरित्र-बानी आदि पुनः शुद्धीकरण र नेतृत्व परिवर्तन जरुरी छ, नत्र कुवाको भ्यागुतो कुवामै हो ।

**पिके श्रेष्ठ**

कुनै सम्भावना छैन, यस्ता नेता बोकेर जागरण रे ।

**कृष्ण**

काम गर्नेहरूले हल्ला गर्दै हिँडेको कहिल्यै देख्नुभा'छ र ? जसले केही गर्छन् तिनीहरू गुपचुप काम फत्ते गर्छन् । जब सार्वजनिक हुन्छ तब काम सफल भैसकेको हुन्छ । काम नगर्नेहरूले चाहिँ हल्ला-खल्ला गर्दै हिँड्छन्, प्रगतिचाहिँ शून्य ! यो हाम्रो देशको एउटा बलियो संस्कार हो भनौं कि कुसंस्कार !

**जेबी गाउँले**

शेरबहादुर देउवा रहेसम्म कांग्रेसभित्रको आन्तरिक किचलो मिल्दा पनि मिल्दैन र त्यस्ता सनकवाला सभापतिले मिलाउने प्रयास पनि गर्दैनन्, यस्तो अवस्थामा कांग्रेसको पुनर्जागरण सिर्फ स्वैरकल्पना हो ।

**थापाकी छोरी**


## नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना



CTEVT बाट मान्यता प्राप्त २४ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।

* * * * * * * * * * * * * * * * * * * * *

नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ९८६४२५८१८८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ९८६४२५८१७६, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-५२४९८१, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९


# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## यो साता

**जेठ ३ गते**
विश्व दूरसञ्चार दिवस
विश्व उच्च रक्तचाप दिवस

**जेठ ४ गते**
बुद्धजयन्ती, उभौली पर्व
बनेपा चण्डेश्वरी जात्रा

**जेठ ८ गते**
विश्व जैविक विविधता दिवस

### मेष

अधुरा चाहना पूरा गर्ने समय आएको छ । आर्थिक क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । रोकिएका कामको गाँठो फुक्ने सम्भावना छ । कुनै पनि कार्यमा ढिलाइ नगर्नुहोला अन्यथा पछि परिनेछ । साताको अन्त्यमा प्रेमी-प्रेमिकाले नयाँ प्रस्ताव राख्न सक्छन् । सवारी साधन चलाउँदा संयम अपनाउनुहोला ।

### वृष

नगरेको गल्तीको दोष आइलाग्ने सम्भावना छ । सोमबारपछिका दिनमा भाग्यले साथ दिँदै काममा सफलता हात लाग्नेछ । थालिएका प्रयासहरू सकारात्मक रहनेछन् । मठमन्दिरको भ्रमणले कार्य सम्पन्न गर्न थप ऊर्जा मिल्नेछ । नीलो रंग प्रयोग गर्न सके विभिन्न समस्याबाट जोगिन सकिनेछ ।

### मिथुन

आफ्ना सिर्जनशील रचनाले प्रतिष्ठित व्यक्तिको मन जित्न सकिनेछ । इष्टमित्रबाट प्राप्त सुझावले भलो गर्नेछ । दोष थुपार्नेहरू प्रशंसा गर्न थाल्नेछन् । सेवाले उचाइमा पुर्‍याउन मद्दत गर्नेछ । नीलो पहिरनले कार्य क्षेत्रमा विशेष लाभ पुर्‍याउनेछ । मन मिल्ने मित्रहरूले नौला स्थानको भ्रमण गर्ने प्रस्ताव राख्नेछन् ।

### कर्कट

प्रेमी-प्रेमिकाबीच उत्पन्न समस्या समाधान गर्न नयाँ रणनीति आवश्यक देखिन्छ । हात लागेका अवसरलाई निरन्तरता दिन सके भविष्यको चिन्ता सहजै निर्मूल हुनेछ । चियोचर्चा गर्नेहरूसँग सावधानी अपनाउनुपर्नेछ । साताको अन्त्यमा सवारी साधन खरिद गर्न उत्सुक भइनेछ ।

### सिंह

लामो समयदेखि रोकिएका कार्यहरू बिनाझनझट सम्पन्न हुनेछन् । मन पराएकाहरूले दोहोरो भूमिका निर्वाह गर्दा अलमलमा परिनेछ । परिश्रम तथा लगानीअनुसार व्यवसायले साथ नदिन सक्छ । भविष्यको चिन्ताले सताउनेछ । वैदशिक भ्रमणको अवसर छ ।

### कन्या

मेहनतपूर्वक सम्पन्न गरिएको काममा अपजस आइलाग्दा निराश उत्पन्न हुन सक्छ । योग, ध्यान तथा भ्रमणले तनाव कम गर्न सहयोग पुर्‍याउनेछ । धार्मिक भ्रमण मनोरञ्जकसमेत सावित हुनेछ भने भोजभतेरमा पनि सहभागी भइनेछ । साताको अन्त्यमा विदेशी पहुनाहरूसँग भेटघाट हुने सम्भावना छ ।

### तुला

सुझाव दिनेहरू प्रशस्तै फेला पर्नेछन् । दुई चार स्थानको धार्मिक भ्रमण गर्ने जमर्को गरे पनि भीडभाडका कारण सबै स्थानमा पुग्न सकिनेछैन । मनोरञ्जनका क्रममा शारीरिक कमजोरी देखा पर्न सक्छ । जुस तथा पानीमा जोड दिएर शारीरिक समस्या टार्न सकिनेछ ।

### वृश्चिक

नयाँ अवसरले थप मेहनतको अपेक्षा गरेको छ । भविष्यको चिन्ताले सताउन सक्छ । स्वार्थी साथीहरूका कारण मन खिन्न हुनेछ । पूण्य कर्मले आफूलाई संयमित रहन प्रेरित गर्नेछ । काम सम्पन्न गर्ने क्रममा अपजसको सामना गर्नुपर्ला । बेसार रंगको प्रयोगले मानसिक राहत प्रदान गर्नेछ ।

### धनु

साता आनन्ददायक रहनेछ । पूण्य कमाउन सकिनेछ । कार्य क्षेत्रका झिना-मसिना झन्झट आइलाग्न सक्छन् । धैर्यता कायम गरे केही समस्याबाट मुक्ति पाइनेछ । प्रेमी-प्रेमिकाले स-साना त्रुटि औंल्याउँदा प्रेममा तुषारो लाग्न सक्छ । रातो रंगको पहिरनले ऊर्जा प्रदान गरी कार्य सम्पन्न गर्न सहज बनाउनेछ ।

### मकर

नयाँ स्थानको भ्रमण हुन सक्छ । स्वास्थ्यमा सामान्य गडबडी देखा पर्नेछ । साथीभाइ तथा नयाँ कामबाट प्रर्याप्त लाभ लिन सकिनेछ । प्रतियोगितात्मक कार्यक्रममा पुरस्कृत हुने सम्भावना छ । सेतो तथा कालो रंगको प्रयोग कमभन्दा कम गर्नुहोला । मंगलबार तथा विहीबार महत्वपूर्ण कार्य सम्पन्न हुनेछन् ।

### कुम्भ

मान-सम्मान एवं पदोन्नतिले उत्साह थप्नेछ । लक्ष्य प्राप्तिको मार्गमा दत्तचित्त भए अपेक्षा गरेजस्तै सफलता प्राप्त होला ।सामाजिक नेतृत्व वहन गर्ने अवसर नगुमाउनुहोला । अभिभावकले आफ्नो भावनाको बेवास्ता गर्नेछन् । सुनौलो रंग प्रयोग गर्दा सफलतालाई सजिलैसँग आत्मसात् गर्न सकिनेछ ।

### मीन

अध्ययनको क्षेत्रमा देखा परेको अलमलको अन्त्य हुनेछ । उच्च शिक्षाका लागि चुनिएको विषयले सही बाटोमा लानेछ । प्रतिस्पर्धीहरूले काम बिगार्ने प्रयास गरे पनि परिणाम आफ्नै पक्षमा होला । आफ्ना सामु देखा परेका चुनौतीको सामना सजिलैसँग गर्न सकिनेछ । सेतो रंगको प्रयोगले दैनिकीलाई सहज बनाउनेछ ।

# आईपीएल पैसाको तमासा




हिजोजस्तै लाग्छ, इन्डियन प्रिमियर लिग (आईपीएल) सुरु भएको। समय कति चाँडै बित्छ भने यसपटक अर्थात् २०१९ को आईपीएल यसको १२ औं संस्करण हो। सुरुमै भनिएको थियो, यसले विश्व क्रिकेटलाई परिवर्तन गर्नेछ र त्यस्तै भएको छ। यो प्रतियोगितासँग यति धेरै धन जोडिएको छ कि कसैले पनि यसको विरोधमा आवाज उठाउन सक्ने हैसियत राख्दैनन्। भारतको यो घरेलु ट्वान्टी-२० क्रिकेटका अगाडि सबै नतमस्तक छन्।

यसपटकको प्रतियोगिता अगाडि पनि यसको सफल आयोजनालाई लिएर धेरै प्रश्न उठे। भारतमा अहिले आमचुनाव चलिरहेको छ। त्यसैले यो चुनावको बीचमा प्रतियोगिता चलाउनु सुरक्षा र आर्थिक दुवै दृष्टिकोणले राम्रो नहुने अनुमान गरिएको थियो, तर त्यस्तो केही पनि भएन। केही दिनमै वान डे विश्वकप सुरु हुनेछ। त्यसले पनि यसपटकको प्रतियोगितामा नकारात्मक प्रभाव पार्ला भन्ने डर थियो। त्यो पनि आशंकामै सीमित भयो।

बरु भैदियो के भन्दा यसपटकको प्रतियोगिता यसअघिका संस्करण भन्दा बढी सफल रह्यो। यसको एउटा मापदण्ड त यसको आम्दानी हुने नै भयो, दोस्रो खेलहरू असाध्यै रोमाञ्चक सावित भए। लगभग सात साता लामो प्रतियोगिता विजयीको निर्णय अन्तिम बलमा पुगेर मात्र टुंगिएको थियो। यसले पनि देखाउँछ प्रतियोगिता कति धेरै सनसनीपूर्ण रह्यो? अर्थकै कुरा गर्दा श्रीलंकाली बलर लसिथ मलिंगाले गरेको अन्तिम बलको सरसर्ति हिसाब गर्दा पनि त्यसको मूल्य १३ करोड जति देखिन्छ।

किन भन्दा त त्यही बलमा मलिंगाले शार्दूल ठाकुरको विकेट लिएपछि मुम्बई इन्डियन्सले फाइनलमा चेन्नाइ सुपर किंग्सलाई एक रनले हराएको थियो। उक्त बलमा ठाकुरले एक रन लिएको भए खेल टाइ हुन्थ्यो र सुपर ओभरमा जान्थ्यो अथवा दुई रन लिएको भए, चेन्नाइको भागमा उपाधि हुन्थ्यो, तर त्यो दिन खेलको पटकथा अर्कै लेखिएको थियो। यसपटकको उपाधि जितेर मुम्बईले ३२ करोड प्राप्त गर्‍यो, चेन्नाइले उपविजेताका रूपमा करिब २० करोड रुपैयाँमा चित्त बुझायो।

यति ठूलो विजयी रकम के गरिन्छ त? मुम्बईले जितेको ३२ करोडमध्ये आधा रकम टिम मालिकको हुनेछ। बाँकी १६ करोड खेलाडीमा बराबर विभाजन गरिनेछ। यस अर्थमा विजेता भएर मुम्बईका खेलाडीले एक्लाएक्लैले ५० औं लाख जिते भने त्यत्तिकै रकम चेन्नाइका खेलाडीले गुमाए। तेस्रो हुने दिल्ली क्यापिटल्सको भागमा करिब १७ करोड पर्‍यो भने चौथो स्थानमा रहने सनराइज हैदरावादले करिब १३ करोड प्राप्त गर्‍यो।

यहाँ रमाइलो तथ्यांक के उल्लेख गर्न आवश्यक छ भने पहिलो संस्करणको आईपीएल जित्ने टिमले करिब ८ करोड हात पारेको थियो। उपविजेताको भागमा त ४ करोड मात्र थियो। यस्तोमा १२ वर्षको अन्तरमा पुरस्कार राशिमा नाटकीय वृद्धि भएको मान्न सकिन्छ। यसपटकको प्रतियोगितामा व्यक्तिगत पुरस्कार पाउने रकम पनि कम छैन। जस्तो उदयमान खेलाडीको एवार्ड जित्नले १६ लाख प्राप्त गरे।

यस्तै सबैभन्दा बढी रन बनाउने, सर्वाधिक विकेट लिने र मोस्ट भ्यालुएबल प्लेयरले पनि १६/१६ लाख पाए। यो सूची अझ लामो छ। त्यसमाथि खेलाडी अक्सनमार्फत प्राप्त हुने रकमको हिसाब-किताब छुट्टै छ। यस्तोमा प्रश्न उठ्नु स्वभाविक हो, प्रतियोगितामा यति धेरै रकम कहाँबाट बर्सिन्छ? आईपीएलको आम्दानीको सबैभन्दा ठूलो स्रोत त प्रायोजन नै हो। प्रतियोगिताको कुल आम्दानीको ६० प्रतिशत त्यसैबाट उठ्छ। विश्वास नहुन सक्छ, यसपटकको आईपीएलको मुख्य प्रायोजक चिनियाँ कम्पनी हो– भिभो।

भिभोले ओप्पो र वन प्लस मोबाइल फोन उत्पादन तथा बिक्री गर्छ। सन् २०१६ र २०१७ का लागि उसले १ सय ६० करोड रुपैयाँको प्रायोजन गरेको थियो। यही कम्पनीले सन् २०२२ सम्मका लागि मुख्य प्रायोजकका रूपमा अनुबन्ध गरिसकेको छ। प्रतियोगिताको अर्को प्रमुख आयको स्रोत टेलिभिजनको प्रत्यक्ष प्रसारणबाट उठ्ने रकम हो। गत वर्ष मात्र सन् २०२३ सम्मका लागि स्टार स्पोर्ट्सले खेलको प्रत्यक्ष प्रशारणको अधिकार जितेको थियो। जसका लागि उसले करिब २५ हजार करोड तिर्नेछ। यस्तोमा प्रत्येक खेल बराबर ८० करोड रुपैयाँ हुन आउँछ र त्यसको आधा रकम फ्रेन्चाइज टिमले प्राप्त गर्नेछन्। स्टार स्पोर्टस पनि के कम छ र? उसले यति धेरै रकम तिरेर पनि नाफाका लागि ३४ ठूला ब्रान्डसँग विज्ञापनको अनुबन्ध गरेको छ। आईपीएल देखाएर स्टार स्पोर्टस आफै पनि नाफामा जानेछ। यसपटक पनि खेल अवधिमा बज्ने विज्ञापनको प्रति १० सेकेन्डको १६ लाख तिर्नुपर्थ्यो।

सहभागी प्रत्येक टिमका आफ्नै अलग-अलग प्रायोजक छन्। आईपीएलको अर्को प्रमुख आय दर्शकबाट उठने रकम हो। प्रत्येक खेलमा हामी पूरा रंगशाला लगभग भरिएको पाउँछौं, दर्शकबाट। दर्शकबाट उठ्ने रकमले मात्र पनि प्रतियोगिताको पूरा खर्चको १० प्रतिशत भाग कभर हुन्छ। क्रिकेटका लागि पागल हुने भारतमा आईपीएलको टिकट उत्तिकै महँगो भए पनि त्यो सहजै उपलब्ध हुँदैन। त्यसैले त फाइनलको पूरा टिकट अनलाइनमा बिक्री गर्दा टिकट सिद्धिन १० मिनेट पनि लागेको थिएन।




## निवेशद्वारा जापानी प्रतिद्वन्द्वी नकआउट



हङकङ वानचाईस्थित कन्भेन्सन एन्ड एक्जिविसन हलमा आयोजित भिडन्तमा जापानी प्रतिद्वन्द्वी शोगो यामामोतोलाई पराजित गर्दै निवेश घलेले ऐतिहासिक जित निकालेका छन्।

खेलको प्राविधिक पक्षमा पारंगत निवेशले २ मिनेट २९ सेकेन्डमा जापानका बलिया प्रतिद्वन्द्वीलाई नकआउट गरेका थिए। खेलभरि निवेशले शोगोलाई आफ्नो वशमा राखेका थिए। लगातारको मुक्काले अनुहारभरि चोट बोकेका शोगोले प्रहार गरेको केही बडिसट घलेलाई थाम्न गाह्रो परेको थियो, उनी भन्छन्– मेरो धैर्यता, खेल कौशल एवं नेपालीहरूको साथले मलाई जितका लागि बल प्रदान गर्‍यो।

निवेश व्यवसायिक बक्सिङ खेलाडी हुन्। जितपछिको खुसी साट्दै निवेशले अंग्रेजी महिनाको आमाको मुख हेर्ने दिन प्राप्त उक्त सफलता सम्पूर्ण नेपाली आमाहरूलाई समर्पित गरेको बताए। एसियन प्रोफेसन बक्सिङ च्याम्पियनसिपअर्न्तगत निवेशको यो छैटौं भिडन्त थियो। अहिलेसम्म उनले ४ नकआउट, ५ जित तथा १ हारको सामना गरेका छन्। यो जितसँगै निवेशले अन्य केही भिडन्तका लागि तयारी थालिसकेको बताएका छन्।

अनोज रोक्का

# दौडिने हो कि ?

जेठ ११ गते शनिबार। दौडिनुपर्छ भन्ने सोच तपाईंमा छ भने यो दिनका लागि तयार हुनुहोस्। कान्तिपुर हाफ म्याराथनको आठौं संस्करण त्यही दिन आयोजित हुँदैछ। भनिरहनु पर्दैन, आयोजना सुरु भएको नवौं वर्षमा प्रवेश गर्दा यो अझ बृहत् हुनेछ र यही दिनका लागि भनेर व्यग्र प्रतीक्षा गर्नेहरू अब धेरै भैसकेका छन्। कान्तिपुर पब्लिकेसनले आफ्नो वार्षिक उत्सवका अवसरमा पहिलो पटक २०६७ मा यसको आयोजना गरेको थियो।

पोहोरदेखि हो, यो दौडलाई अझ व्यवस्थित तुल्याउन फरक दिन सञ्चालन गर्न थालिएको। गत वर्षको कान्तिपुर म्याराथन जेठ ५ मा भएको थियो, यसपटक जेठ ११ मा परेको छ, दौड। दौड सुरु हुन एक साताजति समय बाँकी छ र दौडका पारखीलाई प्रश्न नै हो, तपाई पनि दौडिने हो कि ? इच्छुक हुनुहुन्छ भने कान्तिपुर पब्लिकेसनको मुख्य कार्यालय सेन्ट्रल बिजनेस पार्क, थापाथलीमा स्वागत छ, बिहान ११ देखि ४ बजेसम्म।

यो दौडको फारम सिटिजन्स बैंकका शाखाहरूमा पनि उपलब्ध छन्। सबैभन्दा पहिले दौडको प्राविधिक पक्ष। यसपटकको दौडलाई तीन भागमा विभाजन गर्न सकिनेछ। हाफ म्याराथन त दौडको प्रमुख विधा नै भयो। महिला र पुरुष दुवैमा हुने दौड २१ दशमलव १ किलोमिटर हुनेछ। दोस्रो विधा कर्पोरेट र मिडिया दौड। यो पनि महिला र पुरुष दुवैमा खुल्ला छ। यो पाँच किलोमिटरको दौड हुनेछ। अर्को भनेको ह्विलचेयर दौड हो। यो पनि महिला र पुरुष दुवैमा खुला छ।

हाफ म्याराथन व्यवसायिक खेलाडीका लागि हो भने कर्पोरेट र मिडिया दौड सचेत नागरिकका लागि। सिटिजन बैंक प्रमुख प्रायोजक रहेको यस पटकको दौड केवल दौडमै मात्र सीमित भने रहने छैन। यसको उद्देश्य छ– जनचेतना बढाउने। यसपटकको नारा नै छ, एन्टि पोलुसन रन। त्यसको अर्थ काठमाडौंलाई प्रदूषणमुक्त सहर बनाउन जनचेतना बढाउने, दौड यसमै केन्द्रित छ।

खासमा भन्ने हो भने विश्वका प्रत्येक नाम चलेका र ठूला सहरमा आफ्नै नामको म्याराथन हुन्छ।





# पारस र सन्दीप सद्भावना दूत

धुर्मुस-सुन्तली फाउन्डेसनको संयोजनमा जनस्तरबाट निर्माण हुने 'गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला' निर्माण अभियानका लागि खेलकुद समिति गठन गरिएको छ। तेक्वान्दो खेलाडी दीपक विष्टको संयोजनमा उक्त १३ सदस्य समिति गठन गरिएको हो भने चार जना सदस्य तथा खेलकुदसँग सम्बन्धित संघसंस्थाका अध्यक्षहरू पदेन सल्लाहकार रहने गरी सल्लाहकार समितिसमेत गठन भएको छ।

सल्लाहकारमा कीर्तिमानी धावक बैकुण्ठ मानन्धर, नेपाली फुटबलका पूर्वकप्तान राजु शाक्य, नेपाल क्रिकेट संघका पूर्वसिईओ भावना घिमिरे एवं राष्ट्रिय क्रिकेट टिमका प्रशिक्षक जगत टमाटा छन्। त्यसका साथै यो अभियानको सद्भावना दूत राष्ट्रिय क्रिकेट टिमका कप्तान पारस खड्का तथा राष्ट्रिय खेलाडी सन्दिप लामिछाने छानिएका छन्। देशैभरि रङ्गशाला निर्माणको अभियान चलिरहेका बेला खेलाडीहरूको समेत उपस्थिति रहने गरी उक्त समिति गठन गरिएको बताइएको छ। समितिमा देशका चर्चित तथा अनुभवी खेलाडी तथा संघसंस्थाहरूलाई समावेश गरिएको संयोजक विष्टले जानकारी दिएका छन्।

खेलकुद समितिमा हरि खड्का (फुटबल), संगीना वैद्य (तेक्वान्दो), भरत शाह (भलिबल), विनोद दास (क्रिकेट), गौरिका सिंह (पौडी), दीपक श्रेष्ठ (कराँते), रुबिना क्षेत्री (क्रिकेट), सरस्वती चौधरी (भलिबल), दीपक महर्जन (बक्सिङ), महेश्वर महर्जन (बडी विल्डिङ), सावित्री भण्डारी 'साम्बा' (फुटबल), अनिल गुरुङ (फुटबल) तथा छुम्बी लामा आदिको सहभागिता रहेको संयोजक विष्टले बताएका छन्।

'धुर्मुस-सुन्तली आफ्नो कार्यक्षेत्र छोडेर हाम्रा लागि स्टेडियम र खेलकुद हव बनाउन लाग्नुभएको छ, हामीले पनि आफ्ना तर्फबाट केही गर्न सकिन्छ र गरौं भन्ने हेतुले समिति गठन गरेका हौं,' संयोजक विष्टले भने, 'यो समिति सक्रिय रूपमा विभिन्न अभियान चलाउँदै अघि बढ्नेछ, विभिन्न ठाउँबाट सबैले सहयोग र साथ दिनुहुनेछ भन्ने कुरामा आशावादी छौं।'

रङ्गशाला निर्माणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाटै अर्थ संकलन गर्नुपर्ने कप्तान पारस खड्काले बताए। 'हाम्रै लागी चलिरहेको यो अभियानसँग जोडिन पाउँदा निकै खुसी छु,' उनले भने, 'मैले सुरुदेखि नै फाउन्डेसनलाई सहयोग गरिरहेको छु, अझ यो जिम्मेवारीले थप सहयोग गर्न र नेपाललाई विश्वमा चिनाउन मैले र हाम्रो पूरा टिमले सक्दो सहयोग गर्नेछ।'

# नुवाकोटे टाइगरलाई अन्तर्राष्ट्रिय उपाधि









तस्बिरहरू : नवराज वाले



तीन विदेशी रेस्लरलाई ढाल्दै नेपाली रेस्लर कमल लामा उर्फ नुवाकोटे टाइगरले एमकेडब्लू बेल्ट एन्ड रोड च्याम्पियनसिपको बेल्ट हात पारेका छन्। एसिया, अफ्रिका तथा युरोपलाई रेलमार्गमार्फत जोड्ने चीनको महत्वकांक्षी परियोजनाको प्रचार-प्रसारका लागि आयोजित बेल्ट एन्ड रोड च्याम्पियनसिप बेल्टका लागि ४ जना खेलाडीले दाबेदारी प्रस्तुत गरेका थिए, जसमा गत संस्करणका विजेता चीनका ब्ल्याक माम्बा, न्युजिल्यान्डका टोमी कम्ब्याट, हङकङका एस सिल्भा तथा नेपालका नुवाकोटे टाइगरबीच भिडन्त भएको थियो। पछिल्लो भिडन्तमा सेमिफाइनलसम्म पुगेका नुवाकोटे टाइगरले यसपटक सबैलाई ढालेर उपाधि नै हात पारे। अब अर्को वर्ष नुवाकोटे टाइगर विजेताका रूपमा अर्को भिडन्तमा उत्रनेछन्। विभिन्न स्पर्धामा भएको यो भिडन्तमा ८ देशका २० जना रेस्लर सहभागी थिए। त्यसमा नेपालका ८ जना रेस्लर थिए।

13th SOUTH ASIAN GAMES-2019
KATHMANDU-POKHARA
1-10 December, 2019




# मौलिकता झल्कने लोगो र मस्कट

कस्तीमा अब १३ औं दक्षिण एसियाली खेलकुद (साग) तय समयमै हुने विश्वास पलाएको छ र यसको एउटा कारण हो, त्यसको लोगो र मस्कट जारी हुनु। यसपटकको साग काठमाडौं र पोखरामा गरेर दुई स्थानमा हुनेछ र प्रतियोगिता हुने दिन हो, मंसिर १५ देखि २४।

मोरङका भोलानाथ पौडेलले तयार पारेको लोगो छनौटमा परेको हो। यो परेवा आकारमा छ। यसमा प्रयोग गरिएको रंग शान्तिको प्रतीक हुनेछ। पृष्ठभूमिमा रहेको नीलो रंगले नेपालका हिमालको प्रतिनिधित्व गर्नेछ। लोगोको बायाँतर्फ प्वाँख आकृतिले परेवा माथि उड्न लागेको संकेत गर्छ।

यस्तै प्वांखमा सात फरक रंग छन् र त्यसले प्रतियोगितामा सहभागी हुने दक्षिण एसियाका सात देशको प्रतिनिधित्व गर्नेछ। मस्कटका लागि भने पश्चिम नेपालमा पाइने लोपोन्मुख जनावर कृष्णसारलाई प्रयोग गरिएको छ। कृष्णसार मस्कटका रूपमा नेपाली खेलकुदमा प्रयोग भएको यो पहिलो अवसर हो।

# ब्रिटिस आर्मीमा नगएका किरण




खेलाडीका लागि आम्दानीको राम्रो स्रोत हुन्छ, व्यवसायिक उत्पादनको ब्रान्ड एम्बेसडर बन्ने अवसर। नेपाली राष्ट्रिय टिमका गोलरक्षक किरण चेम्जोङ हालै मात्र नेपाल भित्रिएको मलेसियाको आइसोटोनिक ड्रिङ्क्स १०० प्लसको ब्रान्ड एम्बेसडर नियुक्त भएका छन्। उनी दुई वर्षका लागि ब्रान्ड एम्बेसडर नियुक्त भएका हुन्।

किरणले यस वापत राम्रै रकम पाएका होलान्, जसलाई खुलाइएको भने छैन। यही सेरोफेरोमा किरणले आफ्नो खेल जीवनसँग जोडिएको एउटा रहस्य खोलेका छन्। उनका अनुसार १७ वर्षको हुँदा उनीसामु दुईवटा विकल्प थिए, एउटा फुटबल खेलाडी बन्ने, अर्को ब्रिटिस आर्मीमा जाने।

उनले ब्रिटिस आर्मीमा जाने सबै प्रक्रिया पूरा गरिसकेका थिए, तर त्यही समयमा यू-१७ फुटबल खेल्ने अवसर पनि थियो। किरणले फुटबल खेल्नु नै ठीक माने। अहिले उनलाई त्यो निर्णयमा कुनै पछुतो छैन। नेपाली फुटबलमा धेरै कमाउने खेलाडीमध्ये पर्छन्, उनी। किरण अहिले माल्दिभ्समा व्यवसायिक फुटबल खेलिरहेका छन्।



# सरिनाको ड्रेस

धनी र चर्चित व्यक्तिहरू सहभागी भएको मिट गालाको रात्रिभोजमा सहभागी हुने क्रममा टेनिस खेलाडी सरिना विलियमले लगाएको पहिरनले निकै चर्चा पायो। धनी र चर्चित व्यक्तिहरूले लगाउने पहिरनमा ड्रेस सेन्स नहुँदा कस्तो किसिमको आलोचना खेप्नुपर्छ भन्ने उदाहरणमा धेरै धनाढ्य सेलिब्रेटी परे पनि खेलकुद क्षेत्रबाट भने सरिना त्यसको सिकार भइन्। पहेंलो रंगको लङ स्कर्ट र नाइकको पहेंलै स्पोर्ट्स सुज लगाएकी सरिनाको उक्त ड्रेसलाई सामाजिक सञ्जालमा चिज हालेको अम्लेटजस्तो देखिएको भनेर खिल्ली उडाइएको थियो।

# प्रशिक्षक नै हराएपछि

कुनै समय विदेशमा नेपाली खेलाडी हराउनु खराब परम्परा जस्तै भएको थियो। यसले नेपाली खेलकुदको हदैसम्म नराम्रो छवि तयार गरेको थियो। पछि त्यो केही हदसम्म सेलायो पनि। यद्यपि अहिले एउटा नयाँ घटना फेरि अगाडि आएको छ र यसपटक हराउने खेलाडी भन्दा पनि प्रशिक्षक हुन्, जुडोका रमेश मगर। उनी जुडोकै परीक्षा दिन हंगेरी गएका थिए तर फर्किएनन्।

रमेश अन्तर्राष्ट्रिय जुडो फेडरेसनको व्यहारिक परीक्षा दिन हंगेरी गएका थिए, तर उनी उक्त परीक्षामै सामेल भएनन् र त्यतै लुके। रमेश १२ औं सागका कांस्य पदक विजेता खेलाडी पनि हुन्। यसअघि पनि जुडोका खेलाडीहरू विदेश पलायन भएका धेरै घटना घटिसकेका छन् र त्यसले यो खेलमा नराम्रो प्रभाव पारेको थियो।

त्यसबाट मुक्त हुन जुडोलाई धेरै वर्ष लाग्यो। अहिले फेरि रमेशको प्रकरणले नेपाली जुडोलाई थप घाटा लागेको छ। त्यसो त नेपाल जुडो संघले रमेशविरुद्ध १० वर्षको प्रतिबन्ध समेत लगाइसकेको छ। जुडो संघले यसअघि फुपुल्हामु खत्रीलाई पनि सन् २०२० को ओलम्पिक्ससम्मका लागि प्रतिबन्ध लगाएको थियो।



# फेसबुक चलाउदा आँखा चट



आफ्नी गर्लफ्रेन्डले फेसबुकमा अरूको फोटो लाइक र कमेन्ट गरेको झोकमा एक बडीबिल्डरले उनको आँखा फुटाइदिएका छन्। बडिबिल्डर ड्यानी ब्रिजले आफ्नी प्रेमिकाले अरूको फोटो लाइक र कमेन्ट गरेको देखेपछि उनी बसेको अपार्टमेन्टमा गएर कुटपिट गरेका थिए। गर्भावस्थामा रहेकी प्रेमिकाले ड्यानीले मोबाइल मागेपछि विवाद बढ्ने कुरा बुझेर आफ्नो मोबाइल उनलाई दिएकी थिइन्। मोबाइल हेरेको केही बेरमै ड्यानी हातपातमा उत्रिएका थिए। प्रेमिकाले जति नै प्रतिवाद गरे पनि बडीबिल्डर ड्यानीले कुटपिट गर्न छोडेनन्। आँखामा लगातार आक्रमण गरेपछि ड्यानीले औंला हालेर उनको आँखालाई फुटाएका थिए। उनले अब पेटको बच्चा पनि झिक्छु भन्दै आक्रमण गरेको ती प्रेमिकाले अदालतलाई बताएकी छिन्। आक्रमणपछि ड्यानीलाई उपचार नगरी सोही अपार्टमेन्टमा दुई दिन थुनेर राखेका थिए। पछि ती प्रेमिकाले म्यासेजमार्फत आफूलाई उद्धार गराएकी थिइन्। गत अक्टोबरमा भएको यो घटनाको अदालती सुनवाइमा ड्यानी दोषी रहेको पुष्टि भएको छ।



# कभर पेजमा छाउनुको मज्जा

स्टार बेसबल खेलाडी रब ग्रोन्कोस्कीकी गर्लफ्रेन्ड क्यामिल कोस्तेकको खुसीको सीमा छैन आजकाल। स्पोर्ट्स इलुस्ट्रेटेड म्यागजिनले उनको स्विमसुटको तस्विर कभर पेजमा राख्ने भएपछि उनी खुसीले झुमेकी छिन्। म्यागजिनका सम्पादक एमजे डेले 'अ स्टार इज बोर्न' नामक भिडियो पोस्ट गरेर उक्त खबर सार्वजनिक गरेका थिए, जसमा क्यामिलले बिकिनीमा फोटोसुट गरेको भिडियो समेत छ। अन्त्यमा पत्रिकाको कभर पेज कम्प्युटर स्किनमा आउँदा क्यामिल आफैं दंग पर्छिन् अनि उनी खुसीले रुन्छिन्। उक्त भिडियो र कभर पेजको पोस्टरले सोसल मिडियामा निकै चर्चा पाएको छ। क्यामिलमा पहिलेदेखि नै मोडल बन्ने सपना थियो, तर पनि धेरै एजेन्सीले उनी मोटी भएकाले तौल घटाएर आउन सल्लाह दिन्थे। यद्यपि बेसबलर रोब भने उनी त्यही तौलमा ठीक भएको बताउँथे। चार वर्ष पहिलेसम्म क्यामिल रोबको बेसबल टिमको चियरलिडर थिइन्। कुनै समय उनले टीभी पत्रकारका रूपमा समेत काम गरेकी थिइन्।

जाँदा-जाँदै



रमिला नेमकुल, फेसन डिजाइनर

डेढ दशकअघि काव्य बुटिक खोलेर फेसन डिजाइनिङमा परिचित हुँदै आएको नाम हो– रमिला नेमकुल । रमिला एक दशक नेपालमा काम गरेर फेसन डिजाइनिङसम्बन्धी थप अध्ययनका लागि फिनल्यान्ड पुगेकी थिइन् । फिनल्यान्डमा एक दशक पढाइका साथै व्यवसाय पनि गरेर देशकै फेसन डिजाइनिङमा केही नयाँ गर्ने सोचका साथ नेपाल फर्किएकी हुन् उनी । रमिलाले फिनल्यान्डमा सिकेको वेस्टर्न वेयरलाई कासा ब्रान्डमार्फत नेपालमा प्रस्तुत गर्दै आएकी छिन् । अहिले उनले डिजाइन गरेका वेस्टर्न लुक्सका पहिरन मिस नेपाल, मोडल तथा अभिनेत्रीहरूमाझ लोकप्रिय मात्र छैनन्, उनीहरू उनको डिजाइन लगाउन लालायितसमेत पाइन्छन् । रमिला भारतको टिसिरिज एकेडेमीमा फेसन डिजाइनरका रूपमा समेत संलग्न छिन् ।

● सिर्जना दुवाल श्रेष्ठ

**दुई दशक लामो फेसन डिजाइनिङको अनुभव कस्तो रह्यो ?**

पहिले यो कामलाई तल्लो वर्गको काम जस्तै मानिन्थ्यो । अहिले यही कामलाई रेस्पेक्ट गर्न थालिएको छ । डिजाइनर वेयर लगाउन पाउँदा गर्व गर्न थालिएको छ । यसरी चेन्ज आउनु म जस्तो डिजाइनरका लागि एकदमै खुसीको कुरा हो । आउने दिनमा यसले अझ राम्रो रूप लिन्छ भन्ने लाग्छ ।

**नेपालमै नाम र दाम हुँदा हुँदै फिनल्यान्ड जानुको कारण ?**

नेपालमा डिजाइनिङ गर्दागर्दै अझै सिक्नु छ, पढ्नु छ भनेर म फिनल्यान्ड गएकी हुँ । त्यहाँ मैले इन्टरनेसनल व्यवसाय कसरी गर्ने आदि विषयमा अध्ययन गरें । मास्टर डिग्री गरें, जुन चिजले बिजनेस गर्न र अघि बढ्न मद्दत गर्‍यो ।

**फिनल्यान्डमा लामो समय बस्नुभयो, त्यहाँ के-के गर्नुभयो ?**

स्नातकोत्तर सकेर मैले त्यहाँ दुईवटा रेस्टुराँ तथा ह्यान्डिक्राफ्टको व्यवसाय गरें । त्यसले व्यवसायको ज्ञानका साथमा फरक ग्राहकहरूसँग कसरी सम्बन्ध राख्ने भन्ने कुरा सिकें । पढेर तत्कालै नेपाल फर्कने प्लान त थियो तर विदेशमा व्यवसाय सुरु गरेपछि हवात्तै छोडेर आउन पनि मिलेन । ५ वर्ष रेस्टुराँ चलाउँदा मलाई कहिल्यै सन्तुष्टि मिलेन । किनभने मेरो रहर भनेकै फेसन डिजाइनिङ हो । त्यही भएर केही समय फिनल्यान्डमै फेसनसम्बन्धी काम गरें । फेसनमा काम गरे पछि नेपाल फर्केर फेसनमै केही गरौं भन्ने लोभ जाग्यो अनि फर्किएँ ।

**वेस्टर्न पहिरनमा केन्द्रित हुने सोचचाहिं कसरी आयो ?**

फिनल्यान्डमा पढ्नुले नै मलाई वेस्टर्न डिजाइनतिर तान्न ठूलो सहयोग गर्‍यो । नेपालमा फर्केर मैले एक वर्ष फेसन बजारको रिसर्च गरें । यहाँका सबैजसो बुटिक एउटै ट्रेन्ड ब्राइडल कन्सेप्टमा हिँडिरहेको पाएँ । नेपालमा अहिलेको आवश्यकता भनेको क्याजुअल स्मार्ट लुक्स हो भन्ने सोच आयो । लगाउन मन लाग्छ, तर आफ्नो फिगरअनुसारको ड्रेस पाइरहेको छैन । त्यही भएर मैले यतै फोकस गरेकी हुँ ।

**कासाको सफलताको रहस्य के होला ?**

मुख्यतः नेपालमा यस्तो बुटिक पनि खोलिनुपर्छ भन्ने सोच कसैमा आएन । धेरैले वेस्टर्न स्मार्ट लुक्सका लागि कि त रेडिमेड लगाउनुपर्ने, कि आफैं डिजाइन दिइ बनाउन लगाउनुपर्ने बाध्यता थियो । उक्त अभाव कासाले पूरा गरिदिएको छ । म कहाँ जो आउँछन् उनीहरू सबै प्रभावित भएर जान्छन् । अब आएर मेरो यो निर्णय सही हो जस्तो लाग्दैछ ।

**कासालाई लिएर तपाईंका योजना के-कस्ता छन् ?**

कासा खोल्नुको मुख्य उद्देश्य नै नेपाली ब्रान्ड पनि अन्तर्राष्ट्रिय स्तरमा पुग्न सक्छ भन्ने कुरा सावित गर्नु हो । कासालाई लिएर देश-विदेशका फेसन शोमा भाग लिई नेपाली डिजाइन चिनाउने चाहना नै हो । कासाबाट मैले पेरिसको मिलान तथा नेपालमा दुईवटा फेसन शो गर्ने योजना बनाएकी छु । वर्षमा दुईवटा आउटलेट भैसक्यो, अब छिट्टै अरू दुईवटा आउटलेट खोल्दैछु । त्यसपछि काठमाडौंबाहिर आउटलेट खोलेर कासालाई अन्तर्राष्ट्रिय रुपमा लाने प्लान छ ।

**फेसन डिजाइनरका रूपमा जीवन कसरी चलिरहेको छ ?**

डिजाइनरको हिसाबले जीवन रमाइलोसँग बितिरहेको छ । एक त आफूलाई सानैदेखि मन परेको कुरालाई निरन्तरता दिन पाउनु नै खुसीको कुरा हो । हरेक दिन सोच्ने कामलाई व्यवसाय बनाएकाले पनि म एकदमै खुसी छु ।

**मानिसहरू फेसनका लागि किन यति धेरै पैसा खर्च गर्छन् ?**

मानिसहरू आफूलाई स्मार्ट, कन्फिडेन्ट तथा प्रिजेन्टेबल देखाउन नै पैसा खर्च गर्छन्, किनभने हरेक व्यक्ति अरूभन्दा फरक र स्मार्ट देखिन चाहन्छन् ।

**तपाईंको बढी खर्च केमा हुन्छ ?**

ब्याग र जुत्तामा बढी खर्च गरिरहेकी हुन्छु । जता गए पनि जुत्ता र ब्याग नै बोकेर आइरहेकी हुन्छु ।

**फेसन डिजाइनरका रूपमा सफल हुन के-कस्ता गुण आवश्यक देख्नुहुन्छ ?**

डिजाइनिङ आइडिया र बिजनेश स्किल हुनुपर्छ । साथै आफूले जुन डिजाइन बाहिर ल्याइएको छ त्यसमा कन्फिडेन्ट हुनुपर्छ । अरूको कपीभन्दा आफ्नै सिर्जनालाई प्राथमिकता दिन सकियो भने त्यो मानिसहरूको नजरमा पर्छ ।

Multiple Skills in Single Package
Mobile, Laptop, Computer, Printer, Networking, CCTV, PABX, Electrical, Accounting Prof. Web Page Design
100% job/+2 Special Offer
स्वदेश विदेश जतासुकै हुने
Mega Training Center
Just Miss call at:
014241641, 9860089611

सर्वोत्तम नारी
KMG
जेठ अंक




nari.ekantipur.com | narimagazine | @narimagazine

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल ।**